# नेपालको सन्दर्भमा
# दिगो विकास लक्ष्यहरु र मानव अधिकार



राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

## नेपालको सन्दर्भमा

# दिगो विकास लक्ष्यहरू र मानव अधिकार


## राष्ट्रिय मानव अधिकार आयोग, नेपाल

हरिहर भवन, पुल्चोक, ललितपुर

## आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

मा. अनूप राज शर्मा

**सदस्यहरू**

मा. प्रकाश वस्ती

मा. सुदिप पाठक

मा. मोहना अन्सारी

मा. गोविन्द शर्मा पौड्याल

**सचिव**

वेद भट्टराई


**लेखन तथा सङ्कलन** : नवराज सापकोटा -निर्देशक

प्रकाशक : राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

प्रकाशन मिति : वैशाख, २०७७

प्रकाशन प्रति : १०००

प्रतिवेदन नं. : २५४ (केन्द्रीय कार्यालय)

सहयोग : संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, नेपाल



**© राष्ट्रिय मानव अधिकार आयोग, नेपाल**

# मन्तव्य

नेपालको राष्ट्रिय मानव अधिकार आयोग (एनएचआरसी) मानव अधिकारको सम्मान, संवर्द्धन र संरक्षणको सुनिश्चितताको कार्यादेश सहित मानव अधिकारको उलङ्घनमा छानबिन तथा अनुसन्धान गरी मानव अधिकार उलङ्घनका दोषी उपर कानूनी तथा विभागीय सजायका लागि सिफारिस गर्न सक्षम निकाय हो । यसको मुख्य भूमिका मानव अधिकारको संरक्षण तथा संवर्द्धन गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको प्रवर्द्धन गर्नु रहेको छ । आयोगले आफ्नो लक्ष्य प्राप्तिको लागि नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरूको कार्यान्वयन अवस्थाको अनुगमन समेत गर्न सक्छ। दिगो विकास लक्ष्यहरू नेपाल सरकारले गरेको यस्तै एउटा अन्तर्राष्ट्रिय प्रतिवद्धता हो । सन् २०३० एजेण्डाले स्पष्ट रूपमा यसको मूलभागमा नै मानव अधिकारका सन्दर्भहरूलाई उल्लेख गर्दछ र दिगो विकासका १७ लक्ष्यहरू तथा १६९ उप-लक्ष्यहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानव अधिकारका मानकहरूलाई प्रतिविम्बित गर्दछन् । यी लक्ष्यहरू दिगो विकासको खोजी गर्दै '**कसैलाई पनि पछाडि नपार्ने**', गरी परिकल्पना गरिएका साथै एजेण्डाले मानव अधिकारका अविभाज्य सिद्धान्तहरू सहभागिता, जवाफदेहिता र अविभेद आदिलाई एकीकृत गरेर लगेको छ।

मानव अधिकार विकासका लागि महत्वपूर्ण हुन्छ। दिगो विकासका लागि २०३० एजेण्डाले मानव अधिकार र मानवीय मर्यादाका लागि विश्वव्यापी सम्मान, विधिको शासन, न्याय, समानता तथा अविभेद, वर्ण, जातजाति तथा सांस्कृतिक विविधताको सम्मान, तथा समान अवसरका साथ मानवको क्षमतालाई मनन गर्दै मानवको साझा समृद्धिको लागि योगदान गर्ने लक्ष्य राखेको छ। न्यायिक, समतामुलक, सहनशील, खुला तथा सामाजिक रूपमा समावेशी संसार जहाँ सबैभन्दा कमजोर वर्गका आवश्यकताहरू पूरा हुनसकूँन् ।

अर्को शब्दमा भन्दा, २०३० एजेण्डा र मानव अधिकार अनोन्याश्रित रूपले जोडिएर रहेका छन् । मानव अधिकार र दिगो विकास लक्ष्यका बिचको तालमेल एक अर्काका पुरकको रूपमा क्रियाशील रहेको छ । एकातर्फ मानव अधिकारले बहुआयामिक २०३० एजेण्डाका लक्ष्यहरूलाई पथप्रदर्शन गर्नुका साथै कानूनी बन्धनको ढाँचा प्रदान गर्दछ। अर्कोतर्फ, दिगो विकास लक्ष्यहरूले मानव अधिकारको अनूभुतिको लागि परिणामउन्मुख खाका प्रदान गर्दछ। सन् २०१५ को अक्टोबरमा संसारका सबै क्षेत्रका राष्ट्रिय मानव अधिकार संस्थाहरूको सम्मेलन कसरी दिगो विकास लक्ष्य तथा २०३० एजेण्डालाई मूर्त रूपमा कार्यान्वयनमा ल्याउनका लागि कसरी योगदान गर्ने भन्ने विषयमा छलफल गर्ने उद्देश्यका साथ राष्ट्रिय मानव अधिकार संस्थाहरूको छाता संस्था राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल (गान्ह्री) को अगुवाइमा मेक्सिकोको मेरिडामा भएको थियो । सम्मेलनले मेरिडा घोषणापत्र

जारी गऱ्यो । राष्ट्रिय मानव अधिकार संस्थाहरूले दिगो विकासका लागि २०३० एजेण्डाको कार्यान्वयनमा मानव अधिकारमुखी पद्धतिको अवलम्बनमा योगदान गर्ने र एक आपसमा दक्षता अभिवृद्धिको लागि र अनुभव आदानप्रदान गर्नका लागि सहकार्य गर्ने प्रतिबद्धता जनाए ।

दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको प्रयासमा राष्ट्रिय मानव अधिकार आयोगको पनि भूमिका हुने कुरा मनन् गर्दै आयोगले 'नेपालको सन्दर्भमा दिगो विकास लक्ष्यहरू तथा मानव अधिकार' नामक पुस्तक तयार पारेको हो । यो पुस्तकले दिगो विकासलाई मानव अधिकारसँग सम्बन्ध स्थापित गर्न सहयोगी हुने तथा मानव अधिकार आयोग नेपालका कर्मचारीलाई मानव अधिकार शिक्षा, अनुगमन तथा अनुसन्धानसँग सम्बन्धित कार्यका लागि उपयोगी हुने मैले विश्वास लिएको छु । यस बाहेक, अन्य विषयगत आयोगहरू, निजामती सेवाका कर्मचारी, तथा नागरिक समाजका सदस्यहरू पनि यस प्रकाशनबाट लाभान्वित हुनेछन् । म आयोगका सदस्यहरू, सचिव तथा अन्य कर्मचारीहरू जसले पुस्तक तयारी तथा प्रकाशनमा सहयोग पुऱ्याउनुभयो, सबैलाई धन्यवाद दिन चाहन्छु । यसको तयारीका लागि सामग्री सङ्कलन गरि पुस्तकको रूप दिनुहुने आयोगका निर्देशक नवराज सापकोटालाई धन्यवाद दिन्छु । यसैगरी रचनात्मक सहयोगका लागि राष्ट्रिय मानव अधिकार आयोगका सम्पूर्ण कर्मचारी मित्रहरूमा हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु ।

**अनूप राज शर्मा**
अध्यक्ष
राष्ट्रिय मानव अधिकार आयोग, नेपाल
वैशाख, २०७७

# सङ्क्षिप्त रूप

| | | |
|---|---|---|
| यूडिएचआर | – | मानव अधिकारको विश्वव्यापी घोषणापत्र |
| आइसिसिपिआर | – | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र |
| आइसिएससिआर | – | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र |
| सिड | – | महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि |
| सर्ड | – | सबै किसिमका जातीय  भदेभाव उन्मलून गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, |
| सिआरपिडि | – | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि |
| सिआरसी | – | बालअधिकार सम्बन्धी महासन्धि |
| क्याट | – | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि |
| सिआरएमडब्लु | – | सबै आप्रवासी कामदार तथा उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी |
| यूएनड्रिप | – | आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घिय घोषणापत्र |
| इएससिआर | – | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| एचआरविए | – | मानव अधिकारमुखी विकास पद्धति |
| गान्ह्री | – | राष्ट्रिय मानव अधिकार संस्थाहरू विश्वव्यापी सञ्जाल |
| एमडिजिज | – | सहस्राब्दी विकास लक्ष्य |
| एनएचआरआइ | – | राष्ट्रिय मानव अधिकार संस्थाहरू |
| एसडिजिज | – | दिगो विकास लक्ष्यहरू |
| आइएलओ | – | अन्तर्राष्ट्रिय श्रम सङ्गठन |

विषयसूची पृष्ठ

**मानव अधिकार र दिगो विकास लक्ष्यहरू** १

**मेरिडा घोषणापत्र – दिगो विकास लक्ष्यमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको संलग्नताको आधार सेतुको भूमिकामा राष्ट्रिय मानव अधिकार संस्थाहरू** ३

**जवाफदेही संयन्त्रको रूपमा राष्ट्रिय मानव अधिकार संस्थाहरू** ५

**लक्ष्य १ सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने** ७

१.१ पर्याप्त जीवनस्तरको अधिकार ८

१.२ सामाजिक सुरक्षाको अधिकार ११

१.३ आर्थिक जीवनमा महिलाको समान अधिकार १३

**लक्ष्य २ भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने** १७

२.१ पर्याप्त खाद्यको अधिकार १८

२.२ अन्तर्राष्ट्रिय सहायता जसमा विश्व खाद्य निर्यातमा समतामूलक वितरणको सुनिश्चितता समेतको अधिकार २०

**लक्ष्य ३ सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने** २१

३.१ जीवनको अधिकार २२

३.२ स्वास्थ्यको अधिकार २३

३.३ आमा र शिशुको विशेष संरक्षणको अधिकार २६

३.४ अन्तर्राष्ट्रिय सहयोग २८

**लक्ष्य ४ सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता गर्ने र जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने** २९

४.१ शिक्षाको अधिकार ३०

४.२ शिक्षाका क्षेत्रमा महिला तथा किशोरीहरूको समान अधिकार ३६

४.३ काम गर्न पाउने अधिकार, प्राविधिक तथा व्यवसायिक तालिम समेतको अधिकार ३७

४.४ अन्तर्राष्ट्रिय सहयोग ३८

**लक्ष्य ५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने** ४१
५.१ महिला विरुद्धका सबै प्रकारका विभेदको अन्त्य गर्ने ४२
५.२ आर्थिक तथा सामाजिक जीवन ४५
५.३ पारिवारिक सम्बन्ध ४६
५.४ बच्चाको सङ्ख्या र जन्मान्तर निर्धारण गर्ने अधिकार ४८
५.५ आमा र बालवालिकाको विशेष संरक्षण ४८
५.६ महिला तथा किशोरी विरुद्ध हुने हिंसा उन्मूलन गर्ने ५०
५.७ कामका उचित र सुहाउँदा अवस्थाहरू उपभोग गर्ने अधिकार ५०

**लक्ष्य ६ सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने** ५३
६.१ शुद्ध पिउने पानी तथा सरसफाइको अधिकार ५४
६.२ स्वास्थ्यको अधिकार ५४
६.३ पिउने पानी तथा सरसफाइमा ग्रामिण महिलाहरूको समान पहुँच ५५

**लक्ष्य ७ सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने,** ५७
७.१ पर्याप्त जीवनस्तरको अधिकार ५८
७.२ वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने अधिकार ५८

**लक्ष्य ८ भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने** ६१
८.१ कामको, रोजगारीको, कामका उपयुक्त र अनुकूल अवस्थाहरूको अधिकार ६२
८.२ दास वा बाँधा बनाई राख्ने र मानव बेचबिखनमा निषेध ६५
८.३ रोजगारीको क्षेत्रमा महिलाको समान अधिकारहरू ६६
८.४ बालश्रम निषेध ६८

**लक्ष्य ९ उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने** ७१
९.१ आर्थिक विकास र मानव समृद्धिमा टेवा दिनका लागि सबैले उपभोग गर्न सक्ने खालको समतामूलक पहुँच सहितको गुणस्तरीय, विश्वसनीय, दिगो तथा उत्थानशील पूर्वाधार निर्माणको अधिकार ७२

९.२ आर्थिक, प्रविधि तथा प्राविधिक सहायतामा बढवाको माध्यमबाट विकासशील देशहरूमा दिगो तथा उत्थानशील पुर्वाधारको विकास गर्ने ७४

**लक्ष्य १० मुलुक भित्र तथा मुलुकहरूवीचको असमानता हटाउने ७५**

१०.१ समानता र अविभेदको अधिकार ७६

१०.२ सार्वजनिक क्रियाकलापहरूमा सहभागिताको अधिकार ७९

१०.३ सामाजिक सुरक्षाको अधिकार ८३

**लक्ष्य ११ सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने ८७**

११.१ पर्याप्त आवासको अधिकार जमिन तथा स्रोत समेतको अधिकार ८८

११.२ विशेषगरी अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ग्रामिण महिलाहरूको यातायात, अन्य सुविधा तथा सेवामा पँहुचको अधिकार ९२

११.३ प्राकृतिक प्रकोपबाट संरक्षणको अधिकार ९५

**लक्ष्य १२ दिगो उपभोग तथा उत्पादन ९७**

१२.१ स्वास्थ्यको अधिकार, सुरक्षित, स्वस्थ्य, स्वच्छ तथा दिगो वातावरण अधिकार समेत ९८

१२.२ प्रयाप्त खाद्य तथा सुरक्षित पिउने पानीको अधिकार ९९

१२.३ आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउने अधिकार ९९

**लक्ष्य १३ जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने १०१**

१३.१ स्वास्थ्यको अधिकार, सुरक्षित, स्वस्थ्य, स्वच्छ तथा दिगो वातावरणीय अधिकार समेत १०२

१३.२ पर्याप्त खाना तथा सुरक्षित पिउने पानीको अधिकार १०४

१३.३ आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउने अधिकार १०५

**लक्ष्य १४ दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन–स्रोतहरूको दिगो प्रयोग र संरक्षण गर्ने १०७**

**लक्ष्य १५ स्थलीय पर्यावरणको संरक्षण, पुनःस्थापना र दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने १०९**

१५.१ स्थलीय र जलचर पारिस्थितिकीय प्रणाली र त्यसका सेवाहरू, खासगरी जङ्गल, सिमसार, हिमाल तथा सुख्खा भूमिको सुरक्षा, पुनःस्थापना तथा दिगो प्रयोगको अधिकार ११०

१५.२ मरुभूमिकरणविरुद्ध लड्ने र खडेरी तथा बाढीप्रभावित भूमिलगायत अन्य भूमि तथा माटोमा आएको ह्रासलाई सुधार गरी पहिलेकै अवस्थामा पुऱ्याउने र भूमि ह्रास तटस्थ गर्दै प्रकोप व्यवस्थापन १११

**लक्ष्य १६ दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने** **११३**

१६.१ व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार (यातनाबाट मुक्ति समेत) ११४

१६.२ सबै प्रकारका हिंसा, दुर्व्यवहार तथा शोषण (बेचबिखन समेत) बाट बालबालिकाको संरक्षण ११५

१६.३ न्यायमा पहुँच तथा कानूनी प्रक्रियाको (due process) अधिकार ११६

१६.४ कानूनी व्यक्तिको हैसियतको अधिकार १२०

१६.५ सार्वजनिक क्रियाकलापमा भाग लिन पाउने अधिकार १२२

१६.६ सूचनामा पहुँचको अधिकार १२६

**लक्ष्य १७ दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सदृढ गर्ने** **१२५**

१७.१ सम्पूर्ण जनताको आत्म निर्णयको अधिकार १२६

१७.२ सबै जनताको विकासको अधिकार र अन्तर्राष्ट्रिय सहायता १२६

१७.३ वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने हरेक व्यक्तिको (वैज्ञानिक क्षेत्रमा अन्तर्राष्ट्रिय सहायता प्राप्ति समेत) अधिकार १२८

१७.४ गोपनीयताको अधिकार १२८

**अनुसूची १** **१३०**

**माराकेच घोषणापत्र** **१३०**

**सन्दर्भ सामग्री** **१३९**

# मानव अधिकार र दिगो विकास लक्ष्यहरू

संयुक्त राष्ट्रसङ्घले सन् २०१५ सेप्टेम्वरमा जारी गरेको दिगो विकासको लागि एजेण्डा २०३० अन्तर्राष्ट्रिय मानव अधिकार कानूनमा आधारित रहेको र यसका दिगो विकास लक्ष्यहरूले सबैका मानव अधिकारहरूको प्रत्याभूतिको ध्येय राखेको छ । १७ दिगो विकास लक्ष्यहरू र यसका १६९ सहायक लक्ष्यहरूले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू (इएस्सिआर) तथा कसैलाई पनि पछाडि नपार्ने प्रतिबद्धता तथा लैङ्गिक समानता प्राप्त गर्ने विषय जसले मानव अधिकारको समानता तथा अविभेदको सिद्धान्तलाई ठोस अर्थ दिन योगदान दिने ध्येय राखेको छ। दिगो विकासको लागि एजेण्डा २०३० को कार्यान्वयन अन्तर्राष्ट्रिय कानून कार्यान्वयन गर्ने राज्यको दायित्वसँग मेल खाने गरी हुनुपर्छ। जसअन्तर्गत राज्यहरूको विनाभेदभाव आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व पर्दछन् । यस्तो आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू तथा सन् २०३० एजेण्डाका दिगो विकास लक्ष्यहरूको बिचको सम्बन्ध संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार संयन्त्रहरूका महत्वपूर्ण प्रयासका परिणाम हो, जसले २०३० एजेण्डा र दिगो विकास लक्ष्यहरूमा मानव अधिकारका अधिक विषय समेट्न र सबभन्दा बढि सङ्कटापन्न अवस्थामा रहेकाहरूको अधिकारलाइ समाहित गर्दै संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूलाई ग्रहण गर्नका लागि विश्वास दिलाउन सफल भए।

सन् २०३० एजेण्डाले स्पस्ट रूपमा यसको मूलभागमा नै मानव अधिकारका सन्दर्भहरूलाई उल्लेख गर्दछ र दिगो विकासका १७ लक्ष्यहरू तथा १६९ उप-लक्ष्यहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानव अधिकारका मानकहरूलाई प्रतिविम्बित गर्दछन् । यी लक्ष्यहरू दिगो विकासको खोजी गर्दै '**कसैलाई पनि पछाडि नपार्ने**', गरी परिकल्पना गरिएका साथै एजेण्डाले मानव अधिकारका अविभाज्य सिद्धान्तहरू सहभागिता, जवाफदेहिता र अविभेद आदिलाई एकीकृत गरेर लगेको छ। अर्को शब्दमा भन्दा, २०३० एजेण्डा र मानव अधिकार अनोन्याश्रित रूपले जोडिएर रहेका छन् ।

मानव अधिकार र दिगो विकास लक्ष्यका बिचको तालमेल एक अर्काका पूरकको रूपमा क्रियाशील रहेको छ । एकातर्फ मानव अधिकारले बहुआयामिक २०३० एजेण्डाका लक्ष्यहरूलाई पथ प्रदर्शन गर्नुका साथै कानूनी बन्धनको ढाँचा प्रदान गर्दछ। अर्कोतर्फ, दिगो विकास लक्ष्यहरूले मानव अधिकारको अनूभुतीको लागि परिणामउन्मुख खाका प्रदान गर्दछ।

उच्च तहको संयोजनले पनि राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मानव अधिकारका संयन्त्रहरूले

१ ***कसैलाई पनि पछाडि पारिने छैन्:*** *संयुक्त राष्ट्रसङ्घिय मानव अधिकार संयन्त्रको दिगो विकास लक्ष्यको अनुगमनमा हुने भूमिका, जसले आर्थिक, सामजिक तथा सांस्कृतिक अधिकारको प्रत्याभूति गर्दछन्, जेनेभा ऐकेडेमी*

एजेण्डाको लेखाजोखा गर्न र कार्यान्वयनका लागि मार्गदर्शनको सम्भावित प्रयोगलाई निर्दिष्ट गरेको छ। मानव अधिकार प्रणालीले तपसिल बमोजिमको कार्य गर्न सक्दछ :-

- संस्थागत अनुगमन तथा रिपोर्टिङ्को माध्यमबाट सुव्यवस्थित गुणात्मक विश्लेषण तथा तथ्याङ्क प्रदान गर्ने,
- दिगो विकास लक्ष्यको राष्ट्रिय कार्यान्वयनका लागि सिफारिस तथा मार्गदर्शन प्रदान गर्ने,
- न्यायमा पँहुच, समस्या समाधान तथा उपचारका लागि सहयोग।

राज्य तथा अन्य निकायहरूले २०३० एजेण्डाको कार्यान्वयनमा नै रहेका प्रतिवेदक निकायहरूको प्रयोगबाट वा कार्यान्वयनमा रहेका मानव अधिकार संयन्त्रहरूको समीक्षा तथा पुनरावलोकनका लागि प्रयोग गर्न सक्दछन्।

# मेरिडा घोषणापत्र – दिगो विकास लक्ष्यमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको संलग्नताको आधार

सन् २०१५ को अक्टोबरमा संसारका सबै क्षेत्रका राष्ट्रिय मानव अधिकार संस्थाहरूको सम्मेलन कसरी दिगो विकास लक्ष्य तथा २०३० एजेण्डालाई मुर्त रूपमा कार्यान्वयनमा ल्याउनका लागि कसरी योगदान गर्ने भन्ने विषयमा छलफल गर्ने उद्देश्यका साथ राष्ट्रिय मानव अधिकार संस्थाहरूको छाता संस्था राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल (गान्ही) को अगुवाइमा मेक्सिकोको मेरिडामा भएको थियो । सम्मेलनले मेरिडा घोषणापत्र जारी गऱ्यो र राष्ट्रिय मानव अधिकार संस्थाहरूले दिगो विकासका लागि २०३० एजेण्डाको कार्यान्वयनमा मानव अधिकारमुखी पद्धतीको अवलम्बनमा योगदान गर्ने र एक आपसमा दक्षता अभिवृद्धिको लागि र अनुभव आदान प्रदान गर्नका लागि सहकार्य गर्ने प्रतिबद्धता जनाए ।

मेरिडा घोषणापत्रले कसरी २०३० एजेण्डाको कार्यान्वयन तथा मानव अधिकारको प्रत्याभूतिका लागि राष्ट्रिय मानव अधिकार संस्थाहरूले संयुक्त राष्ट्रङ्घिय पेरिस सिद्धान्तमा रहेर तिनीहरूको उल्लेखनीय कार्यादेश तथा अधिकारको प्रयोग गर्दै सहयोग गर्न सक्दछन् भन्ने कुराको रूपरेखा प्रस्तुत गरेको छ :-

- राष्ट्रिय/ स्थानीय सरकारलाई सुझाव दिन सक्ने,
- चेतना फैलाउने तथा छलफल र सहभागिताको प्रवर्द्धन गर्ने,
- कार्यान्वयनका लागि साझेदारको विकास तथा दिगो बनाउने कार्य गर्ने,
- राष्ट्रिय सूचकहरूको तय गर्ने,
- प्रगतिको अनुगमन तथा प्रतिवेदन पेश गर्ने,
- सरकारलाई जवाफदेही बनाउने,
- मानव अधिकारको उलङ्घनमा अनुसन्धान गर्ने,
- न्यायमा पँहुचको सुनिश्चितता गर्ने,

मेरिडा घोषणापत्रले २०३० एजेण्डाको आधारस्तम्भको रूपमा रहेका संयुक्त राष्ट्रसङ्घको वडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा मानव अधिकारका अन्य अन्तर्राष्ट्रिय सन्धि तथा दस्तावेजहरू, र अन्य दस्तावेजहरूले सूचित गरेका कुरा जस्तै विकासको अधिकारसम्बन्धी घोषणापत्र समेतलाई स्वागत गरेको छ । मेरिडा घोषणापत्रले मानव अधिकारको धारणा र दिगो विकासका लागि २०३० एजेण्डा एकअर्काका समपूरक ढाँचाका रूपमा रहेका भन्ने कुरालाई दाबी गरेको छ। यो अवधारणालाई प्रस्तुत खण्डले अझ व्याख्या गरेको छ।

# सेतुको भूमिकामा राष्ट्रिय मानव अधिकार संस्थाहरू

मेरिडा घोषणापत्रले पुनरोक्ति गरेझैं, राष्ट्रिय मानव अधिकार संस्थाहरूलाई विभिन्न खालका सरोकारवालाहरू सरकार, नागरिक समाज, विकासका साझेदारहरू, व्यवासयिक क्षेत्र, संयुक्त राष्ट्रसङ्घीय निकायहरू आदिका बिचमा विशिष्ट किसिमले सेतुको रूपमा काम गर्ने गरी राखिएका छन् । यो भूमिका विशेषगरी २०३० एजेण्डाको सन्दर्भमा महत्वपूर्ण किन पनि महत्वपूर्ण छ भने, यसको प्रभावकारी र समतामूलक कार्यान्वयनका लागि विभिन्न पक्ष वा क्षेत्रको सहकार्य अनिवार्य रूपमा आवश्यक हुन्छ । पारदर्शी, सहभागितामूलक तथा समावेशी राष्ट्रिय कार्यान्वयन प्रक्रियाको प्रवर्द्धनका अलवा विभिन्न क्षेत्रका बिचको अनुगमनका लागि एनएचआरआइहरूको महत्वपूर्ण स्थान रहेको छ :-

- २०३० एजेण्डाको कार्यान्वयन तथा पुनरावलोकनका लागि मानव अधिकारमुखी पद्धतीको प्रवर्द्धनका साधन, मार्गदर्शन तथा ज्ञानको विकास गर्ने,
- राष्ट्रिय सूचकहरूको निर्धारण तथा यथार्थ तथ्याङ्क सङ्कलन प्रणालीको विकासमा सहयोग, जस अन्तर्गत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानव अधिकारको प्रतिवेदक तथा अनुगमन संयन्त्रहरूको निर्माण गर्ने समेत,
- स्थानीय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा भएको प्रगतिको अनुगमन गर्ने र असमानता र विभेदको तह (तथ्याङ्क सङ्कलनको नवीनतम् तथा सहभागितामूलक उपागमहरूको माध्यमबाट समेत) लाई प्रकाशमा ल्याउने कार्य,
- दिगो विकास लक्ष्यहरूको प्राप्तिका लागि राष्ट्रिय रणनीतिको विकासका लागि गरिने सहभागिता तथा परामर्श बैठकमा पारदर्शी तथा समावेशी प्रक्रियाको प्रवर्द्धन गर्ने, जसमा एकदमै टाढा रहेर पछाडि परेकाहरूकोमा समेत पुग्ने व्यवस्था गर्ने समेत,

राष्ट्रिय मानव अधिकार संस्थाहरूको अर्को महत्वपूर्ण पाटो अन्तर्राष्ट्रिय मानव अधिकारका मान्यताहरू तथा मानकहरू, र आफ्नो राष्ट्रले अन्तर्राष्ट्रिय तहमा गरेको प्रतिवद्धताका साथै राष्ट्रिय तथा स्थानीय तहमा भएको कार्यान्वयनको अनुगमन गर्ने कार्यमा सेतुको भूमिका खेल्न सक्ने हुन्छ ।

# जवाफदेही संयन्त्रको रूपमा राष्ट्रिय मानव अधिकार संस्थाहरू

राष्ट्रिय मानव अधिकार संस्थाहरूको स्वतन्त्र प्रकृति, आफ्नो देश तथा अन्तर्राष्ट्रिय मानव अधिकारको प्रणालीका बिचको सेतुको भूमिका तथा तिनीहरूको मानव अधिकारका मानकको कार्यान्वयनको अनुगमन तथा प्रतिवेदनको क्षेत्रमा रहेको अनुभव र विशेषज्ञानले एनएचआरआइलाई दिगो विकास लक्ष्यको '**जवाफदेहिताको जालो**' को केन्द्रभागमा उपयुक्त महत्वपूर्ण स्थान दिएको छ। राज्यको स्वतन्त्र निकायको रूपमा मानव अधिकारका अन्तर्राष्ट्रिय प्रतिवद्धताको राष्ट्रिय सङ्गतिका लागि सहयोग गर्ने कार्यादेश प्राप्त संस्था, राष्ट्रिय मानव अधिकार संस्थाहरू संस्थागत उत्तरदायित्वको निर्माण जुन कुरा शान्तिपूर्ण र समावेशी समाजका लागि आवश्यक सबैका लागि न्यायमा पँहुच सुनिश्चित गर्ने महत्वपूर्ण तत्व पनि हुन् ।

सारांशमा भन्दा राष्ट्रिय मानव अधिकार संस्थाहरूको मुख्य कार्य दिगो विकास लक्ष्यहरूको जवाफदेही संयन्त्रको रूपमा राष्ट्रिय मानव अधिकार संस्थाहरूले राज्यलाई समावेशी, सहभागितामूलक प्रक्रियाको सुनिश्चितताको लागि सहयोग गर्ने जसले गर्दा 'कसैलाई पनि पछाडि नपार्ने' र यसका साथै राज्यले गरेको प्रतिवद्धताको कार्यान्वयनका लागि जवाफदेही बनाउन सक्छ ।

सन् २००३ मा संयुक्त राष्ट्रसङ्घीय निकायहरू, कोष तथा कार्यक्रमहरू समेतले विकासको सहयोग तथा कार्यक्रमहरूमा मानव अधिकारमुखी पद्धतिको साझा सहमति (संयुक्त राष्ट्रसङ्घीय साझा सहमति) ग्रहण गरे ।[2]

संयुक्त राष्ट्रसङ्घीय साझा सहमतिका अनुसार ः-

- विकासको सहयोगका सबै कार्यक्रम, नीति तथा प्राविधिक सहयोगबाट मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्य मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरूमा निहित रहेका मानव अधिकारको प्रत्याभूतियुक्त हुनुपर्छ ।
- मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्य मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजमा निहित रहेका वा लिइएका मानव अधिकारका मानकहरू तथा सिद्धान्तले सबै विकासका सहयोग तथा कार्यक्रमहरूका सम्पूर्ण क्षेत्र तथा कार्यक्रम प्रक्रियाको सबै तहमा दिशानिर्देश गर्दछन् ।
- विकासको सहयोगले कर्तव्य पालकलाई दायित्व बहन गर्न सक्ने गरी र अधिकार बाहकलाई आफ्नो अधिकारमा दावी गर्न सक्ने गरी दक्षता अभिवृद्धिमा पनि योगदान गर्दछन् ।

२ ***कसैलाई पनि पछाडि पारिनेछैनः*** *संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार संयन्त्रको दिगो विकास लक्ष्यको अनुगमनमा हुने भूमिका, जसले आर्थिक, सामजिक तथा सांस्कृतिक अधिकारको प्रत्याभूति गर्दछन् , जेनेभा ऐकेडेमी*

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रयोगका लागि, सहस्राब्दी विकास लक्ष्य र दिगो विकास लक्ष्यहरू, संयुक्त राष्ट्रसङ्घीय साझा सहमतिले उल्लिखित सङ्केत गर्दछ :-

(१) लक्ष्य कार्यान्वयनउन्मुख कानून, नीति तथा कार्यक्रमको मुख्य उद्देश्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रत्याभूति हुनुपर्छ ।

(२) लक्ष्य प्राप्तिका लागि लिइएका तथा जारी गरिएका र कार्यान्वयन गरिएका मापकहरू मानव अधिकारका दस्तावेज तथा सिद्धान्तहरूले दिशानिर्देश गरेअनुरूप हुनुपर्छ । र यस्ता मापकहरूले मानिसहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार दाबा गर्नका लागि सशक्तीकरणमा योगदान गर्ने, र राज्यले विनाभेदभाव आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको सम्मान, संरक्षण तथा प्रत्याभूति गर्ने किसिमको हुनुपर्छ ।

यि उल्लेख गरिएका कुराहरू पर्याप्त नभए तापनि सहस्राब्दी विकास लक्ष्य तथा दिगो विकास लक्ष्यहरूको प्राप्तीका कानून, नीति र कार्यक्रमहरू संयोगवश मात्र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोगमा योगदान गर्दछन् । यिनीहरू अधिकारको मुख्य विषयमा मात्र केन्द्रित रहेका छन जस्तै भोकमरी अन्त्य गर्ने अधिकार न कि पर्याप्त खाद्यको अधिकार, प्राथमिक न कि माध्यमिक तथा उच्च शिक्षाको अधिकार, वा अत्यावश्यक औषधि र आकस्मिक स्वास्थ्य सहायताको अधिकार न कि पर्याप्त स्वास्थ्य प्रणाली तथा सबैका लागि स्वास्थ्य हेरचाहको अधिकार । यसको मतलब यसरी अवलम्बन गरिएका मापकहरूको अन्तिम उद्देश्य मानव मर्यादाको प्रवर्द्धन र संरक्षण गर्नु नै हुनुपर्छ, यसले के पनि सङ्केत गर्दछ भनैं उदाहरणका लागि सामाजिक सहायताका योजना मार्फत राज्यले खाद्यान्नको पँहुचमा सुधारको सुनिश्चितता गर्नुपर्छ । तथापि किसानहरूका लागि उत्पादनमूलक स्रोतमा पहुँच तथा ज्यालामा काम गर्नेहरूका लागि पर्याप्त तलब जसले गर्दा तिनीहरूले आफ्नो आम्दानीले आफू र आफ्नो परिवारका सदस्यहरूलाई मर्यादाका साथ खान र खुवाउन सकूँन् ।

मानव अधिकारका सिद्धान्तहरूमा सहभागिता, जवाफदेहिता, अविभेद, पारदर्शिता, मानवीय मर्यादा, सशक्तीकरण, विधिको शासन तथा ऐक्यवद्धता समाहित हुन्छन् । संयुक्त राष्ट्रसङ्घीय साझा सहमतिमा आधारित भएर, यी मानव अधिकारका सिद्धान्तहरूलाई कार्यक्रम प्रक्रियाको हरेक चरणमा, कानूनको मुल्याङ्कन तथा विश्लेषण, नीति तथा कार्यक्रमको निर्माण तथा योजना (लक्ष्य निर्धारण गर्दा समेत), कार्यान्वयन, अनुगमन र मुल्याङ्कनमा प्रयोग गर्नैपर्छ ।



# लक्ष्य १

## सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने

## ११ पर्याप्त जीवनस्तरको अधिकार

**यूडिएचआर धारा २५.१.** प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्तता, बिधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ।

**आइसिएससीआर धारा ११.१** प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन्। पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन्।

**सिआरसी धारा २७.१.** प्रत्येक बालबालिकाको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि चाहिने पर्याप्त जीवनस्तरको अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्दछन्।

२. आफ्नो क्षमता र आर्थिक सक्षमताले भ्याएसम्म बालबालिकाको विकासको लागि आवश्यक जीवनस्तरको व्यवस्था गर्नु बाबुआमा वा बालबालिकाको लागि उत्तरदायी अन्य व्यक्तिहरूको प्राथमिक दायित्व हुन्छ।

३. पक्ष राष्ट्रहरूले राष्ट्रिय अवस्थाहरू अनुसार तथा आफ्नो साधनको परिधिभित्र रही यो अधिकारको कार्यान्वयन गर्न बाबुआमा तथा बालबालिकाको लागि जिम्मेवार अन्य व्यक्तिहरूलाई सहयोग गर्न समुचित उपायहरू अपनाउने, तथा आवश्यक भएको अवस्थामा, खासगरी पोषण, लुगाफाटो तथा आवासका सम्बन्धमा भौतिक सहयोग उपलब्ध गराउने एवम् तत्सम्बन्धी कार्यक्रमहरूमा सहयोग गर्नेछन्।

४. पक्ष राष्ट्रहरूले स्वदेश तथा विदेशमा रहेका बाबुआमा वा बालबालिकाको लागि आर्थिक दायित्व भएका अन्य व्यक्तिहरूबाट बालबालिकाको लागि पालनपोषण (माना चामल) को असुली सुनिश्चित गर्न सबै समुचित उपायहरू अपनाउनेछन्। विशेषतः बालबालिकाको लागि आर्थिक दायित्व भएको व्यक्ति बालबालिका बस्ने राष्ट्रमा नभई अन्य कुनै राष्ट्रमा बसेको अवस्थामा पक्ष राष्ट्रहरूले अन्तर्राष्ट्रिय सम्झौताहरूको सम्मिलन वा त्यस्ता सम्झौताहरू

गर्ने एवम् अन्य समुचित प्रबन्धहरू गर्ने कार्यलाई प्रवर्द्धन गर्नेछन् ।

**आइसिएससीआर धारा** २७.१. प्रत्येक बालबालिकाको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि चाहिने पर्याप्त जीवनस्तरको अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्दछन् ।

२. आफ्नो क्षमता र आर्थिक सक्षमताले भ्याएसम्म बालबालिकाको विकासको लागि आवश्यक जीवनस्तरको व्यवस्था गर्नु बाबुआमा वा बालबालिकाको लागि उत्तरदायी अन्य व्यक्तिहरूको प्राथमिक दायित्व हुन्छ ।

३. पक्ष राष्ट्रहरूले राष्ट्रिय अवस्थाहरू अनुसार तथा आफ्नो साधनको परिधिभित्र रही यो अधिकारको कार्यान्वयन गर्न बाबुआमा तथा बालबालिकाको लागि जिम्मेवार अन्य व्यक्तिहरूलाई सहयोग गर्न समुचित उपायहरू अपनाउने, तथा आवश्यक भएको अवस्थामा, खासगरी पोषण, लुगाफाटो तथा आवासका सम्बन्धमा भौतिक सहयोग उपलब्ध गराउने एवम् तत्सम्बन्धी कार्यक्रमहरूमा सहयोग गर्नेछन् ।

४. पक्ष राष्ट्रहरूले स्वदेश तथा विदेशमा रहेका बाबुआमा वा बालबालिकाको लागि आर्थिक दायित्व भएका अन्य व्यक्तिहरूबाट बालबालिकाको लागि पालनपोषण (माना चामल) को असुली सुनिश्चित गर्न सबै समुचित उपायहरू अपनाउने छन् । विशेषतः बालबालिकाको लागि आर्थिक दायित्व भएको व्यक्ति बालबालिका बस्ने राष्ट्रमा नभई अन्य कुनै राष्ट्रमा बसेको अवस्थामा पक्ष राष्ट्रहरूले अन्तर्राष्ट्रिय सम्झौताहरूको सम्मिलन वा त्यस्ता सम्झौताहरू गर्ने एवम् अन्य समुचित प्रबन्धहरू गर्ने कार्यलाई प्रवर्द्धन गर्नेछन् ।

**नेपालको संविधान धारा ३३. रोजगारीको हक**ः (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ। रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानूनबमोजिम हुनेछ। (२) प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक हुनेछ।

**धारा** ३४. श्रमको हकः (१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ । स्पष्टीकरणः यस धाराको प्रयोजनका लागि “श्रमिक” भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुर सम्झनु पर्छ । (२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ। (३) प्रत्येक श्रमिकलाई कानूनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ।

**धारा** ३५. स्वास्थ्यसम्बन्धी हकः (१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ। (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ । (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।

**धारा** ३६. खाद्यसम्बन्धी हकः (१) प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ। (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ। (३) प्रत्येक नागरिकलाई कानूनबमोजिम खाद्य सम्प्रभूताको हक हुनेछ।

**धारा** ३७. आवासको हकः (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ। (२) कानूनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन।

**धारा** ३८. महिलाको हकः (१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ। (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुनेछ । (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। (६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

**धारा** ४०. दलितको हकः (१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ। (२) दलित बिदार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानूनबमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ। (३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न

कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ। (४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ। (५) राज्यले भूमिहीन दलितलाई कानूनबमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ। (६) राज्यले आवासविहीन दलितलाई कानूनबमोजिम बसोबासको व्यवस्था गर्नेछ। (७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ।

**धारा ५१ ञ**) सामाजिक न्यायसम्बन्धी नीतिः (६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने, (१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, (११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

१.२ **सामाजिक सुरक्षाको अधिकार**

**यूडिएचआर धारा २२** प्रत्येक व्यक्तिलाई समाजको एक सदस्यको हैसियतले सामाजिक सुरक्षाको अधिकार हुने र राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय सहयोग मार्फत र प्रत्येक राष्ट्रको सङ्गठन र स्रोतहरू अनुरूप निजको प्रतिष्ठाको लागि र निजको व्यक्तित्वको स्वतन्त्र विकासको लागि अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको प्राप्तिको अधिकार हुनेछ।

**आइसिएससिआर धारा ९** प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको सामाजिक बिमा लगायतका सामाजिक सुरक्षाको अधिकार स्वीकार गर्दछन्।

## सिआरपिडी धारा २८ पर्याप्त जीवनस्तर र सामाजिक संरक्षण

१. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरू आफैलाई र तिनका परिवारको लागि समेत पर्याप्त खाद्यान्न, लुगा एवम् आवाससमेतको पर्याप्त जीवनस्तर तथा जीवन निर्वाहका अवस्थाहरूको निरन्तर सुधारको अधिकार भएको

स्वीकार गर्छन तथा अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव विना त्यस्तो अधिकारको उपभोग, संरक्षण र प्रवर्द्धन गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।

२. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा तथा अपाङ्ताको आधारमा गरिने कुनै पनि भेदभाव विना त्यस्तो अधिकारको उपभोग गर्न पाउने अधिकार भएको स्वीकार गर्छन् तथा त्यस्तो अधिकारको उपभोग, संरक्षण र प्रवर्द्धन गर्न देहायका उपायहरू लगायत अन्य उपयुक्त कदमहरू चाल्नेछन् :-

क) स्वच्छ पानीको आपूर्तिमा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच सुनिश्चित गर्ने तथा उपयुक्त र धान्न सकिने मूल्यमा सेवा, उपकरण र अपाङ्गतासँग सम्बन्धित आवश्यकताहरूको लागि अन्य सहयोगहरूमा निजहरूको पहुँच सुनिश्चित गर्ने;

ख) अपाङ्गता भएका व्यक्तिहरूका खासगरी अपाङ्गता भएका महिला र वृद्ध वृद्धाहरूको लागि सामाजिक सुरक्षा कार्यक्रम तथा गरिबी न्यूनीकरण कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने;

ग) गरिबीको अवस्थामा जीवन यापन गरिरहेका अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारलाई पर्याप्त तालिम, परामर्श, आर्थिक सहयोग एवम् राहत सेवा लगायत अपाङ्गता सम्बन्धी खर्चहरूमा राज्यबाट प्रदान गरिने सहयोगमा पहुँच सुनिश्चित गर्ने;

घ) सार्वजनिक आवास कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचलाई सुनिश्चित गर्ने;

ङ) अपाङ्गता भएका व्यक्तिहरूको अवकाश पछिको सुविधा तथा कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने ।

**सिआरसी धारा २६.१.** पक्ष राष्ट्रहरूले सामाजिक बिमा लगायत सामाजिक सुरक्षाबाट फाइदा लिन पाउने प्रत्येक बालबालिकाको अधिकारलाई स्वीकार गर्ने र आ-आफ्ना राष्ट्रिय कानून अनुसार यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न आवश्यक उपायहरू अपनाउनेछन् ।

२. यस्ता सुविधाहरू, उपयुक्त भएको अवस्थामा, बालबालिकाको र निजको पालनपोषणको लागि उत्तरदायी व्यक्तिहरूको स्रोत र परिस्थितिहरूका साथै सुविधाको लागि बालबालिका वा तिनका तर्फबाट गरिएको निवेदनसँग

सम्वन्धित अन्य कुरालाई समेत ध्यानमा राखेर प्रदान गर्नुपर्नेछ ।

**नेपालको संविधान, धारा** ३४ (२). प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।

**धारा** ४२ (२). आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

**धारा** ४३. सामाजिक सुरक्षाको हकः आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

## १.३ आर्थिक जीवनमा महिलाको समान अधिकार

**सिड धारा** ११.१. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा समान अधिकारहरू, खासगरी देहायका अधिकारहरू, सुनिश्चित गर्ने उद्देश्यले रोजगारीको क्षेत्रमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

(क) सम्पूर्ण मानव जातिको नैसर्गिक अधिकारको रूपमा काम गर्ने अधिकार,

(ख) रोजगारीका सम्बन्धमा छनोटको निमित्त समान मापदण्डहरूको प्रयोग लगायत रोजगारीका समान अवसरको अधिकार,

(ग) पेशा र रोजगारीको स्वतन्त्र रूपमा छनोट गर्ने अधिकार, पदोन्नति, सेवाको सुरक्षा वा सेवाका सबै शर्तहरू र सुविधाहरूको अधिकार, शिक्षा तालिम, उच्च व्यवसायिक तालिम र समयगत तालिम लगायतका व्यावसायिक तालिम तथा पुनः तालिम पाउने अधिकार,

(घ) समान सुविधा सहितको समान पारिश्रमिक र समान मूल्यको कामका सम्बन्धमा समान व्यवहार एवम् कामको गुणस्तरको मूल्याङ्कनमा समान व्यवहारको अधिकार,

(ङ) खासगरी अवकाश, बेरोजगारी, बिरामी, दुर्वलता, वृद्धावस्था र कामका लागि अन्य असक्षमताका अवस्थाहरूमा सामाजिक सुरक्षाको अधिकार एवम् तलबी बिदाको अधिकार,

(च) स्वास्थ्य सुरक्षाको अधिकार एवम् पुनरुत्पादन कार्यको सुरक्षा लगायत कार्यगत अवस्थामा सुरक्षाको अधिकार ।

**धारा** १३. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा समान अधिकारहरू खासगरी देहायका अधिकारहरू सुनिश्चित गर्ने उद्देश्यले आर्थिक तथा सामाजिक जीवनका अन्य क्षेत्रहरूमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्ः-

(क) पारिवारिक लाभको अधिकार,

(ख) बैंक ऋण, धितो बन्धकी वा अन्य प्रकारका वित्तीय ऋण लिने अधिकार,

(ग) मनोरञ्जनात्मक क्रियाकलापहरू, खेलकूद र सांस्कृतिक जीवनका सबै पक्षहरूमा सहभागि हुने अधिकार ।

**धारा** १४.२. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा ग्रामीण महिलाहरू ग्रामीण विकासमा सहभागी भएको र त्यसबाट लाभान्वित भएको सुनिश्चित गर्न ग्रामिण क्षेत्रका महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने र खासगरी त्यस्ता महिलालाई निम्नलिखित अधिकारहरू सुनिश्चित गर्नेछन् ः-

(छ) कृषि कर्जा तथा ऋण, बजार सुविधाहरू, उपयुक्त प्रविधि र भूमिमा समान व्यवहार, कृषिजन्य सुधार एवम् भूमिको पुनःव्यवस्था योजनामा पहुँच प्राप्त गर्ने अधिकार,

**धारा** १५.२. पक्ष राष्ट्रहरूले महिलाहरूलाई देवानी विषयहरूमा पुरुष सरहको कानूनी क्षमता प्रदान गरी सो क्षमताको उपयोग गर्न समान अवसर प्रदान गर्नेछन् । उनीहरूले खासगरी महिलाहरूलाई करार गर्न र सम्पत्तिको सञ्चालन गर्न पाउने समान अधिकार प्रदान गर्नुका साथै अदालत तथा न्यायाधिकरणका कार्यविधिहरूका सबै तहहरूमा महिलाहरूलाई समान रूपले व्यवहार गर्नेछन् ।

**धारा** १६.१. पक्ष राष्ट्रहरूले विवाह तथा पारिवारिक सम्बन्धसँग सम्बन्धित सबै विषयहरूमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने र खासगरी महिला र पुरुषको समानताका आधारमा निम्नलिखित अधिकारहरू सुनिश्चित गर्नेछन् ः-

**नेपालको संविधान, धारा** १८. समानताको हकः (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । (२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था,

अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । (३) राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । (४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । (५) पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

**धारा** २५. सम्पत्तिको हकः (१) प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ । तर राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यता अनुरूप व्यक्तिको आयमा कर लगाउन सक्नेछ ।

**धारा** ३४. श्रमको हक (२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।

**धारा** ३८. महिलाको हक (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । (६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ । (७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

**धारा** ४०. दलितको हक (७) दलित समुदायलाई यस धाराप्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

**धारा ५१. (ञ) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिः** (१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, (२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने, (३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने,



# लक्ष्य २

## भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने

२.१ **पर्याप्त खाद्यको अधिकार**

**यूडिएचआर धारा २५.१.** प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ।

२. आमा र शिशुहरूलाई विशेष स्याहार र सहायता पाउने अधिकार छ। विवाह भई वा नभई जन्मेका सम्पूर्ण बालबालिकाहरूले समान सामाजिक संरक्षण पाउनेछन्।

**आइसिएससीआर धारा** ११.१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन्। पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्ने उपयुक्त कदमहरू चाल्नेछन्।

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले व्यक्तिगत रूपमा अन्तर्राष्ट्रिय सहयोग मार्फत निम्न कुराका लागि आवश्यक विशेष कार्यक्रम र उपायहरू अवलम्बन गर्नेछन् :-

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरूको विकास र सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणको तरीकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुवैका समस्याहरूलाई ध्यान दिँदै आवश्यकता अनुरूप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने।

**सिआरसी** २४.२. पक्ष राष्ट्रहरूले यस अधिकारको पूर्ण कार्यान्वयन अवलम्बन गर्नेछन् र विशेषतः निम्न कुराका लागि उपयुक्त उपायहरू ग्रहण गर्नेछन् :-

(ग) वातावरणीय प्रदूषणबाट हुने खतरा र जोखिमहरूलाई ध्यानमा राख्दै, प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र समेत रही, अन्य कुराको अतिरिक्त, सहज रूपमा उपलब्ध प्रविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपोषण विरुद्ध लड्ने,

**नेपालको संविधान, धारा ३६. खाद्य सम्बन्धी हकः** (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ। (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ। (३) प्रत्येक नागरिकलाई कानूनबमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ।

**धारा ३७**. आवासको हकः (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ। (२) कानूनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन।

**धारा ३८**. महिलाको हक (६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

**धारा ४०**. दलितको हक (४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ। (५) राज्यले भूमिहीन दलितलाई कानूनबमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ।

**धारा ५०** (३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ।

**धारा ५१** (ङ) **कृषि र भूमिसुधारसम्बन्धी नीतिः** (१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, (२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, (३) किसानको हक हित संरक्षण र संवर्द्धनगर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यावसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, (४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, (५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने।

**धारा ५१ (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति** (१२) कृषि क्षेत्रमा

लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने,

२.२ **अन्तर्राष्ट्रिय सहायता जसमा विश्व खाद्य निर्यातमा समतामूलक वितरणको सुनिश्चितता समेतको अधिकार**

**यूडिएचआर धारा** २८ प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरू पूर्ण रूपले प्राप्त गर्न सकिने सामाजिक र अन्तर्राष्ट्रिय व्यबस्थाको अधिकार छ।

**आइसिएससीआर धारा** २.१. प्रस्तुत प्रतिज्ञापत्रका प्रत्येक पक्ष राष्ट्रले व्यक्तिगत रूपमा तथा अन्तर्राष्ट्रिय सहयोग र सहायता, विशेष गरी आर्थिक तथा प्राविधिक सहयोग मार्फत आफ्ना उपलब्ध स्रोतहरूको अधिकतम मात्रामा उपयोग गरी मूलत कानूनी उपायहरूको अवलम्बन समेत सम्पूर्ण समुचित उपायहरूबाट प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरू प्रगतिशील रूपमा प्राप्त गर्दै जाने उद्देश्यले कदमहरू चाल्ने प्रतिज्ञा गर्दछ।

**आइसिएससीआर धारा** ११.२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले व्यक्तिगत रूपमा अन्तर्राष्ट्रिय सहयोग मार्फत निम्न कुराका लागि आवश्यक विशेष कार्यक्रम र उपायहरू अवलम्बन गर्नेछन्ः-

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरूको विकास र सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणको तरिकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुवैका समस्याहरूलाई ध्यान दिँदै आवश्यकता अनुरूप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने।



# लक्ष्य ३

## सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने,

## ३.१ जीवनको अधिकार

**यूडिएचआर धारा** ३ प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ।

**धारा** ६.१. प्रत्येक व्यक्तिलाई जीवनको अन्तर्निहित अधिकार छ। कानूनद्वारा यस अधिकारको संरक्षण गरिनेछ। स्वेच्छाचारी रूपले कसैको पनि जीवन हरण गरिने छैन।

**सिड** विशेष गरी महिलासँग सम्बन्धित **धारा** १२.१. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा परिवार नियोजनसँग सम्बन्धित सेवाहरू लगायत स्वास्थ्य स्याहार सेवाहरूमा पहुँच सुनिश्चित गर्न स्वास्थ्य सेवाको क्षेत्रमा  महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

२. यस धाराको प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्ष राष्ट्रहरूले महिलालाई गर्भवती, प्रसूति र प्रसूति पश्चात्‌को अवधिमा उपयुक्त सेवाहरू र आवश्यक भएका वखत निःशुल्क सेवा एवम् गर्भवती र दुध खुवाउने अवधिमा पर्याप्त पोषण समेत उपलब्ध भएको सुनिश्चित गर्नेछन्।

**सिआरसी धारा** ६.१. बाँच्न पाउने प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो भनी पक्ष राष्ट्रहरू स्वीकार गर्छन्।

२. पक्ष राष्ट्रहरूले सम्भव भएसम्मको हदसम्म बालबालिकाको जीवन र विकास सुनिश्चित  गर्नेछन्।

**नेपालको संविधान, धारा १६. सम्मानपूर्वक बाँच्न पाउने हक:** (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ। (२) कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन।

**धारा** २३. निवारक नजरबन्द विरुद्धको हकः (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन। (२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानूनबमोजिम  तत्काल जानकारी दिनु पर्नेछ। (३) निवारक नजरबन्दमा राख्ने अधिकारीले कानून विपरित वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानूनबमोजिम  क्षतिपूर्ति पाउने हक हुनेछ।

**धारा** २९. शोषण विरुद्धको हकः (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ। (२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई

कुनै किसिमले शोषण गर्न पाइने छैन। (३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन।

**धारा ५१** (क) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीतिः (३) राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, (४) सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने, (५) राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने,

३.२ **स्वास्थ्यको अधिकार**

**यूडिएचआर** धारा २५.१. प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ।

२. आमा र शिशुहरूलाई विशेष स्याहार र सहायता पाउने अधिकार छ। विवाह भई वा नभई जन्मेका सम्पूर्ण बालबालिकाहरूले समान सामाजिक संरक्षण पाउनेछन्।

**आइसिएससिआर धारा** १२.१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन्।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा निम्न कुराका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन्ः-

(क) शिशु मृत्यु दर तथा शिशु मृत्यु घटाउने र बालकको स्वास्थ्य विकासको व्यवस्था,

(ख) वातावरणीय तथा औद्योगिक सरसफाइका सबै पक्षहरूको सुधार,

(ग) प्रकोप, महामारी, पेशागत र अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण,

(घ) बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना।

**सिड धारा** १२.१. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा परिवार नियोजनसँग सम्बन्धित सेवाहरू लगायत स्वास्थ्य स्याहार सेवाहरूमा पहुँच सुनिश्चित

गर्न स्वास्थ्य सेवाको क्षेत्रमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

२. यस धाराको प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्ष राष्ट्रहरूले महिलालाई गर्भवती, प्रसूति र प्रसूति पश्चातको अवधिमा उपयुक्त सेवाहरू र आवश्यक भएका वखत निःशुल्क सेवा एवम् गर्भवती र दुध खुवाउने अवधिमा पर्याप्त पोषण समेत उपलब्ध भएको सुनिश्चित गर्नेछन् ।

**सिआरसी धारा** २४.१. पक्ष राष्ट्रहरूले बालबालिकाको स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग तथा रोगको उपचार गर्न पाउने र स्वास्थ्यको पुनर्लाभ गर्न पाउने सुविधाको अधिकारलाई स्वीकार गर्छन् । कुनै पनि बालबालिका यस्तो स्वास्थ्य स्याहार सेवाहरू उपर पहुँच पाउने अधिकारबाट वञ्चित नभएको सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले प्रयत्न गर्नेछन् ।

२. पक्ष राष्ट्रहरूले यस अधिकारको पूर्ण कार्यान्वयन अवलम्बन गर्नेछन् र विशेषतः निम्न कुराका लागि उपयुक्त उपायहरू ग्रहण गर्नेछन् :-

(क) शिशु तथा बाल मृत्युदर घटाउने,

(ख) प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिँदै सम्पूर्ण बालबालिकालाई आवश्यक औषधोपचार सहयोग र स्वास्थ्य स्याहार उपलब्धता सुनिश्चित गर्ने,

(ग) वातावरणीय प्रदूषणबाट हुने खतरा र जोखिमहरूलाई ध्यानमा राख्दै, प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र समेत रही, अन्य कुराको अतिरिक्त, सहज रूपमा उपलब्ध प्रविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपोषण विरुद्ध लड्ने,

(घ) आमाहरूको निम्ति पूर्व प्रसूति तथा प्रसूति पश्चातका उचित सेवाहरू सुनिश्चित गर्ने,

(ङ) समाजका सबै क्षेत्रहरू, खासगरी बाबुआमा र बालबालिकाहरू बाल स्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, सरसफाइ र वातावरणीय स्वच्छताका फाइदाहरू र दुर्घटनाहरूको रोकथामबारे जानकारी दिइएको, तत्सम्बन्धी शिक्षामा निजहरूको पहुँच भएको वा यस कार्यमा सहयोग पुऱ्याइएको कुरा सुनिश्चित गर्ने,

(च) बाबु आमाको लागि निरोधक स्वास्थ्य स्याहार, सरसल्लाह र परिवार नियोजन शिक्षा र सेवाहरूको विकास गर्ने ।

३. पक्ष राष्ट्रहरूले बालबालिकाको स्वास्थ्यलाई हानी पुऱ्याउने खालका परम्परागत व्यवहारहरूको उन्मूलन गर्ने उद्देश्यले सम्पूर्ण प्रभावकारी र समुचित उपायहरू अपनाउने छन् ।

४. पक्ष राष्ट्रहरू यस धारामा मान्यता दिइएको अधिकारको पूर्ण प्राप्ति प्रगतिशील रूपमा हासिल गर्न अन्तर्राष्ट्रिय सहयोगलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने प्रतिज्ञा गर्छन् । यस विषयमा, विकासशील देशका आवश्यकताहरूलाई विशेष रूपमा विचार गरिनेछ।

**नेपालको संविधान, धारा ३५**. स्वास्थ्यसम्बन्धी हकः (१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ। (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ। (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।

**धारा ५१** (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः (५) नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, (६) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, (७) नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने, (८) स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, (९) स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सङ्ख्या वृद्धि गर्दै जाने, (१०) नेपालको क्षमता र आवश्यकताका आधारमा जनसङ्ख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने, (१५) नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने ।

## ३.३ आमा र शिशुको विशेष संरक्षणको अधिकार

**यूडिएचआर धारा** २७.१. प्रत्येक व्यक्तिलाई समुदायको सांस्कृतिक जीवनमा स्वतन्त्र रूपले सहभागी हुने, कला उपयोग गर्ने र वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने अधिकार हुनेछ।

२. प्रत्येक व्यक्तिलाई आफू लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक वा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणवाट फाइदा पाउने अधिकार हुनेछ।

**आइसिएससीआर धारा** १० प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू देहायका कुराहरू स्वीकार गर्दछन् :-

१. परिवार समाजको प्राकृतिक र मूलभूत समूहगत इकाई भएकोले विशेष गरी यसको स्थापनाका लागि तथा यसमा आश्रित बालबालिकाको हेरचाह र शिक्षाको दायित्व हुँदा त्यसलाई सम्भव भएसम्मको व्यापक सुरक्षा तथा सहायता दिनुपर्दछ । इच्छुक बर-बधुको स्वतन्त्र सहमतिबाट मात्र विवाह सम्पन्न गरिनु पर्दछ।

२. शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्दछ। यस्ता अवधि र काम गर्ने आमाहरूलाई तलबी बिदा र पर्याप्त सामाजिक सुरक्षा फाइदा सहितको बिदा दिनुपर्दछ।

३. पितृत्व वा अन्य अवस्थाहरूका आधारमा कुनै पनि भेदभाव नगरी सम्पूर्ण बालबालिका तथा तरुणहरूको पक्षमा संरक्षण र सहायताका विशेष उपायहरू अपनाउनु पर्दछ । आर्थिक र सामाजिक शोषणबाट बालबालिका तथा तरुणहरूको संरक्षण गर्नुपर्दछ । उनीहरूको नैतिकता वा स्वास्थ्यको लागि हानिकारक र जीवनको लागि खतरापूर्ण हुने वा उनीहरूको सामान्य विकासमा अवरोध गर्ने खालका काममा उनीहरूलाई लगाउने कार्यलाई कानूनद्वारा दण्डनीय बनाउनु पर्दछ। राष्ट्रहरूले उमेरको हद पनि तोक्नु पर्दछ, जुन उमेर भन्दा मुनिका बालश्रमको तलबी रोजगारलाई कानूनद्वारा निषेधित र दण्डनीय बनाउनु पर्दछ।

**आइसिएससीआर धारा** १५.१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको निम्न कुराको अधिकार स्वीकार गर्छनः-

(क) सांस्कृतिक जीवनमा सहभागी हुने,

**नेपालको संविधान, धारा ३०. स्वच्छ वातावरणको हक** (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ। (२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदूषकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। (३) राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकास बिच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन।

**धारा ३५.** स्वास्थ्यसम्बन्धी हक (१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन। (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ। (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ। (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।

**धारा ३६.** खाद्यसम्बन्धी हक (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ।

**धारा ३८.** महिलाको हक (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ। (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।

**धारा ३९.** बालबालिकाको हक (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ। (९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

**धारा ४२.** सामाजिक न्यायको हक (२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ।

**धारा ४४.** उपभोक्ताको हक (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ। (२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

**धारा ५१** (ञ) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिः (३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने, (४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने, (५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,

## ३.४ अन्तर्राष्ट्रिय सहयोग

**यूडिएचआर धारा** २८ प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरू पूर्ण रूपले प्राप्त गर्न सकिने सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ।

**आइसिएससीआर धारा** २.१. प्रस्तुत प्रतिज्ञापत्रका प्रत्येक पक्ष राष्ट्रले व्यक्तिगत रूपमा तथा अन्तर्राष्ट्रिय सहयोग र सहायता, विशेष गरी आर्थिक तथा प्राविधिक सहयोग मार्फत आफ्ना उपलब्ध स्रोतहरूको अधिकतम मात्रामा उपयोग गरी मूलतः कानूनी उपायहरूको अवलम्बन समेत सम्पूर्ण समुचित उपायहरूबाट प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरू प्रगतिशील रूपमा प्राप्त गर्दै जाने उद्देश्यले कदमहरू चाल्ने प्रतिज्ञा गर्दछ।

**आइसिएससिआर धारा** ४ प्रस्तुत प्रतिज्ञापत्र अनुकूल हुनेगरी राष्ट्रले व्यवस्था गरेका अधिकारहरूको उपभोगमा यस्ता अधिकारहरूको प्रकृतिसँग मिल्ने गरी तथा प्रजातान्त्रिक समाजमा जनकल्याण प्रवर्द्धन गर्ने एक मात्र उद्देश्यका लागि कानूनद्वारा निर्धारित सीमाहरू अन्तर्गत मात्र सो राष्ट्रले त्यस्ता अधिकारहरू सीमित गर्नसक्ने कुरा प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू स्वीकार गर्दछन्।



# लक्ष्य ४

## सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने

## ४.१ शिक्षाको अधिकार

**यूडिएचआर धारा** २६.१. प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार हुनेछ । कम्तिमा प्रारम्भिक र मौलिक तहमा शिक्षा निःशुल्क उपलब्ध हुनेछ। प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ। प्राविधिक तथा व्यावसायिक शिक्षा सबैका लागि सामान्यतः प्राप्य र पहुँचयोग्य वनाइनेछ र उच्च शिक्षा क्षमताका आधारमा सबैलाई समान रूपमा पहुँचयोग्य हुनेछ ।

२. मानवीय व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरू प्रतिको सम्मान सुदृढ गर्नेतर्फ शिक्षा निर्देशित हुनेछ। शिक्षाले सबै राष्ट्र तथा जातीय, सामाजिक तथा धार्मिक समूहहरू बिच समझदारी, सहनशीलता र मित्रता प्रवर्द्धन गर्ने तथा शान्ति कायम गर्ने संयुक्त राष्ट्र सङ्घका क्रियाकलापहरूलाई अघि बढाउने छ ।

३. मातापितालाई आफ्ना बालबालिकाहरूलाई दिइने शिक्षाको किसिम छनोट गर्ने पूर्ण अधिकार हुनेछ।

## आइसिएससिआर धारा १३

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई स्वीकार गर्दछन्। मानवीय व्यक्तित्व तथा प्रतिष्ठाको विकास तर्फ शिक्षा निर्देशित हुने र शिक्षाले मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरू प्रतिको सम्मान सुदृढ गर्नेछ भन्ने कुरामा उनीहरू सहमत छन् । स्वतन्त्र समाजमा प्रभावकारी सहभागिता, सम्पूर्ण राष्ट्र तथा जातीय, सामाजिक तथा धार्मिक समूहहरू बिच समझदारी, सहनशीलता र मित्रता प्रवर्द्धन गर्न तथा शान्ति कायम गर्ने संयुक्त राष्ट्र सङ्घका क्रियाकलापहरूलाई अघि बढाउन शिक्षाले सबै व्यक्तिहरूलाई सबल बनाउनेछ भन्ने कुरामा समेत उनीहरू सहमत छन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्ने उद्देश्यले प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले देहायका कुराहरू स्वीकार गर्छन्ः-

(क) प्राथमिक शिक्षा अनिवार्य र सबैलाई निःशुल्क उपलब्ध हुनेछ,

(ख) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा लगायत विभिन्न रूपमा माध्यमिक शिक्षा समुचित उपायद्वारा खासगरी निःशुल्क शिक्षाको प्रगतिशील अवलम्बनबाट सबैका लागि सामान्यत प्राप्य र पहुँचयोग्य बनाईनेछ,

(ग) सबैका लागि क्षमताका आधारमा हरेक उचित उपाय खासगरी निःशुल्क शिक्षाको प्रगतिशील अवलम्बनबाट उच्च शिक्षा समान रूपमा पहुँचयोग्य बनाईनेछ,

(घ) प्राथमिक शिक्षा प्राप्त नगरेका वा प्राथमिक शिक्षाको पूर्ण अवधि पुरा नगरेका व्यक्तिहरूको लागि यथासम्भव मूलभूत शिक्षालाई प्रोत्साहित गरिने र तीव्र पारिनेछ,

(ङ) सबै तहहरूमा विद्यालय प्रणालीको विकासलाई क्रियाशील रूपमा अवलम्बन गरिने, छात्रवृत्तिको पर्याप्त व्यवस्था गरिने तथा शिक्षण कर्मचारीको भौतिक अवस्थामा निरन्तर सुधार गरिनेछ ।

३. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू आफ्ना बालबालिकाको सार्वजनिक अधिकारीले स्थापना गरेका विद्यालयहरू बाहेक पक्ष राष्ट्रहरूले व्यवस्था गरेका वा स्वीकृति दिएका न्यूनतम शैक्षिक मापदण्ड अनुरूप चल्ने विद्यालयहरू छान्ने र आफ्नो आस्था अनुसार आफ्ना बालबालिकाको धार्मिक र नैतिक शिक्षा सुनिश्चित गर्ने मातापिताको र लागू हुने अवस्थामा, कानूनी संरक्षकको स्वतन्त्रतालाई सम्मान गर्ने प्रतिज्ञा गर्दछन् ।

४. यस धाराको प्रकरण १ मा उल्लिखित सिद्धान्तहरूको पालनाको तथा यस्ता संस्थाहरूमा दिइने शिक्षा पक्ष राष्ट्रहरूले निर्धारण गरेका न्यूनतम मापदण्डहरू अनुरूप हुनु पर्ने आवश्यकताको सदैव अधिनमा रहने गरी शैक्षिक संस्थाहरू स्थापित र निर्देशित गर्ने व्यक्ति तथा निकायहरूको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने गरी यस धाराको कुनै पनि कुराको व्याख्या गरिने छैन ।

**सिआरसी** २३.३. अशक्त बालबालिकाका विशेष आवश्यकताहरूलाई स्वीकार गर्दै बालबालिकाको स्याहार गर्ने बाबुआमा वा अन्य व्यक्तिहरूको आर्थिक स्रोतलाई ध्यानमा राखी यस धाराको प्रकरण २ बमोजिम विस्तार गरिएको सहायता सम्भव भएसम्म निःशुल्क उपलब्ध गराइनेछ र अशक्त बालबालिकाको सांस्कृतिकतथा आध्यात्मिक विकास लगायत निज सम्भव भएसम्मको पूर्णरूपमा समाजमा समाहित हुने र निजको व्यक्तिगत विकास हुने तवरबाट शिक्षा, प्रशिक्षण, स्वास्थ्य, स्याहार सेवाहरू, पुनःस्थापना सेवाहरू, रोजगारीको तयारी र मनोरञ्जनका अवसरहरू निजको प्रभावकारी पहुँचमा हुने र निजले प्राप्त गर्ने कुरा सुनिश्चित गर्ने गरी त्यस्तो सहायताको व्यवस्था गरिनेछ ।

**सिआरसी धारा** २८.१. पक्ष राष्ट्रहरूले बालबालिकाको शिक्षाको अधिकारलाई स्वीकार गर्छन् र प्रगतिशील रूपमा तथा समान अवसरको आधारमा यस अधिकारको प्राप्ति गर्ने उद्देश्यले खासगरी देहायका कार्य गर्नेछन् :-

(क) प्राथमिक शिक्षालाई अनिवार्य बनाई सबैलाई निःशुल्क उपलब्ध गराउने,

(ख) साधारण तथा व्यवसायिक शिक्षा लगायत विविध प्रकारका माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बालबालिकालाई त्यस्तो शिक्षा उपलब्ध गराउने र पुऱ्याउने तथा निःशुल्क शिक्षाको प्रयोग गर्ने र आवश्यक भएमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता समुचित उपायहरू अपनाउने,

(ग) उच्च शिक्षालाई प्रत्येक समुचित माध्यमहरूद्वारा क्षमताको आधारमा सबैको निम्ति पहुँचयोग्य बनाउने,

(घ) शैक्षिक र व्यवसायिक जानकारी र मार्गदर्शन सम्पूर्ण बालबालिकाहरूलाई उपलब्ध गराउने र पहुँचयोग्य बनाउने,

(ङ) विद्यालयहरूमा नियमित हाजिरी प्रोत्साहित गर्न तथा पढाइ छाड्नेहरूको सङ्ख्या घटाउने उपायहरू अपनाउने ।

२. बालबालिकाको मानवीय प्रतिष्ठा अनुकूल हुनेगरी र यस महासन्धि अनुरूप विद्यालय अनुशासन कायम गरिएको कुरा सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै समुचित उपायहरू अपनाउनेछन् ।

३. पक्ष राष्ट्रहरूले शिक्षा सम्बन्धी कुरामा, खासगरी विश्वबाटै अज्ञानता र निरक्षरता उन्मूलन गर्ने उद्देश्यले र वैज्ञानिक तथा प्राविधिक ज्ञान र आधुनिक शिक्षण तरिकाहरूमा पहुँच सुगम बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन तथा प्रोत्साहन गर्नेछन् । यस सम्बन्धमा विकासशील देशहरूको आवश्यकतालाई विशेष ध्यान दिइनेछ ।

**सिआरसी धारा** २९.१. पक्ष राष्ट्रहरू बालबालिकाको शिक्षा निम्न कुरातर्फ निर्देशित हुनुपर्ने कुरा स्वीकार गर्छन्ः-

(क) बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक क्षमताको उच्चतम सम्भाव्य हदसम्मको विकास,

(ख) मानव अधिकार र मौलिक स्वतन्त्रताहरू तथा संयुक्त राष्ट्र सङ्घको वडापत्रमा उल्लिखित सिद्धान्तहरू प्रतिको आदर भावको विकास,

(ग) बालबालिकाको बाबुआमाप्रति, उसको आफ्नो सांस्कृतिक पहिचान, भाषा र मूल्यहरूप्रति, बालबालिका बसेको देशको राष्ट्रिय मूल्यहरूप्रति, निज उत्पत्ति भएको देशप्रति र निजको भन्दा भिन्न सभ्यताहरूप्रतिको आदर भावको विकास,

(घ) स्वतन्त्र समाज, सबै जनताहरू, जाति, राष्ट्रिय र धार्मिक समुदायहरू

तथा आदिवासी मूलका मानिसहरू बिच समझदारी, शान्ति, सहिष्णुता, लैङ्गिक समानता र मित्रताको भावनामा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकाको तयारी,

(ङ) प्राकृतिक वातावरणप्रति सम्मान गर्ने भावनाको विकास।

२. यस धाराको प्रकरण १ मा उल्लिखित सिद्धान्तहरूको पालनाको तथा यस्ता संस्थाहरूमा दिइने शिक्षा पक्ष राष्ट्रहरूले निर्धारण गरेको न्यूनतम मापदण्डहरू अनुरूप हुनुपर्ने आवश्यकताको सदैव अधिनमा रहने गरी शैक्षिक संस्थाहरूको स्थापना गरी निर्देशित गर्ने व्यक्ति वा निकायहरूको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने गरी यस धाराको तथा धारा २८ को कुनै पनि अंशको व्याख्या गरिने छैन।

## सिआरपिडी धारा २४ शिक्षा

१. पक्ष राष्ट्रहरू अपाङ्गता भएको व्यक्तिहरूको शिक्षाको अधिकार स्वीकार गर्छन। विना कुनै भेदभाव र समान अवसरको आधारमा यस अधिकारलाई हासिल गर्नका लागि पक्ष राष्ट्रहरूले देहायका कुराहरू तर्फ निर्देशित हुने गरी सबै तह र जीवनपर्यन्त सिकाईमा समाबेशी शिक्षा प्रणाली सुनिश्चित गर्नेछन् :-

क) मानवको अन्तर्निहित क्षमताका साथै स्वाभिमानको बोध तथा आत्म मूल्यको पूर्ण विकास एवम् मानव अधिकार, आधारभूत स्वतन्त्रता र मानव विविधताको अभिवृद्धि गर्ने;

ख) अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो व्यक्तित्व, क्षमता र सिर्जनशीलताका साथै निजहरूको मानसिक र भौतिक क्षमतालाई अधिकतम हदसम्म विकास गर्ने;

ग) अपाङ्गता भएका व्यक्तिहरूलाई प्रभावकारी ढङ्गमा स्वतन्त्र समाजमा सहभागी हुन सक्षम गराउने।

२. यस अधिकार प्राप्तिका लागि पक्ष राष्ट्रहरूले देहायका कुराहरू सुनिश्चित गर्नेछन् :-

क) अपाङ्गताको आधारमा अपाङ्गता भएका व्यक्तिहरू साधारण शैक्षिक प्रणालीबाट उपेक्षित नभएका तथा अपाङ्गताको आधारमा अपाङ्गता भएका बालिबालिकाहरू निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा वा माध्यमिक शिक्षाबाट उपेक्षित नभएका;

ख) आफू बसेको समुदायमा अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता

भएका व्यक्तिहरूको समावेशी, स्तरीय र निःशुल्क प्राथमिक तथा माध्यमिक शिक्षामा पहुँच भएको;

ग) व्यक्तिको आवश्यकता अनुसारको मनासिव अनुकूलता उपलब्ध गराइएको;

घ) अपाङ्गता भएका व्यक्तिहरूलाई प्रभावकारी शिक्षा सहज बनाउन प्रचलित शिक्षा प्रणाली अन्तर्गत उनीहरूले सहयोग प्राप्त गरेका;

ङ) पूर्ण समावेशिपनको लक्ष्यसँग मेल खाने गरी प्राज्ञिक तथा सामाजिक विकास अधिकतम हुने वातावरणमा प्रभावकारी वैयक्तिक सहयोगका उपायहरू प्रदान गरिएका ।

३. पक्ष राष्ट्रहरूले अपाङ्गता भएको व्यक्तिहरूलाई शिक्षामा निजहरूको पूर्ण र समान सहभागितालाई सहज बनाउन र समुदायको एक सदस्यको रूपमा जीवन र सामाजिक विकासका सीपहरू सिक्न सक्षम बनाउनेछन् । यस उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरूले देहायका उपायहरू लगायतका उपयुक्त उपायहरू अबलम्बन गर्नेछन् ः-

क) ब्रेल, वैकल्पिक लिपी, सञ्चारका सम्बन्र्द्धनात्मक तथा वैकल्पिक तरिका साधान र ढाँचा तथा पूर्वाभास र गमनशील सीप सिकन सहज तुल्याउने साथै दौतरीबाट सिक्ने कला र परामर्श सहज बनाउने;

ख) साङ्केतिक भाषा सिक्न र बहिरा समुदायको भाषिक पहिचानको प्रवर्द्धनलाई सहज बनाउने;

ग) दृष्टिविहीन, बहिरा वा श्रवण दृष्टिविहीन व्यक्ति खासगरी बालबालिकाहरूलाई त्यस्ता व्यक्तिहरूका लागि सबैभन्दा उपयुक्त भाषा र तरिका तथा सञ्चार माध्यमबाट एवम् प्राज्ञिक र सामाजिक विकासलाई अधिकतम बनाउने वातावरणहरूमा शिक्षा प्रदान गरिएको सुनिश्चित गर्ने ।

४. यस अधिकारको प्राप्ति सुनिश्चित गर्न सहयोग पुऱ्याउने उद्देश्यले पक्ष राष्ट्रहरूले साङ्केतिक भाषा र ब्रेलमा योग्य अपाङ्गता भएका शिक्षकहरू लगायत अन्य शिक्षकहरू नियुक्त गर्न तथा शिक्षाका सबै तहहरूमा कार्य गर्ने विशेषज्ञ र कर्मचारीहरूलाई प्रशिक्षित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । त्यस्तो प्रशिक्षणमा अपाङ्गता बारेको सचेतना र अपाङ्गता भएको व्यक्तिहरूलाई सहयोग गर्न सञ्चारका उपयुक्त संवर्द्धनात्मक एवम् वैकल्पिक उपाय, सञ्चारको माध्यम तथा ढाँचा शैक्षिक प्रविधि र सामग्री समाहित भएको हुनुपर्नेछ ।

५. पक्ष राष्ट्रहरूले विना भेदभाव र अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता

भएको व्यक्तिहरू सामान्य शिक्षा, व्यावसायिक प्रशिक्षण, प्रौढ शिक्षा तथा आजीवन अध्ययनमा पहुँच प्राप्त गर्न सक्षम भएको सुनिश्चित गर्नेछन् । यस उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरूले अपाङ्गता भएको व्यक्तिहरूलाई मनासिव अनुकूलता प्रदान गरिएको सुनिश्चित गर्नेछन् ।

## यूएनड्रिप, धारा १४

१. आदिवासी जनजातिसँग पठनपाठनको आफ्नो सांस्कृतिक पद्धतिहरूसँग उपयुक्त हुनेगरी आफ्नै भाषामा शिक्षा उपलब्ध गराउने आफ्ना शिक्षण प्रणाली र संस्थाहरूको स्थापना तथा तिनमाथि नियन्त्रण गर्ने अधिकार छ ।

२. आदिवासी व्यक्तिहरू विशेषगरी बालबालिकासँग विना कुनै भेदभाव राज्यको शिक्षाको सम्पूर्ण तह र स्वरूपमा अधिकार छ ।

३. आदिवासी व्यक्तिहरू, विशेषगरी आफ्नो समुदाय बाहिर जीवन यापन गर्दै आएका लगायतका बालबालिकाका लागि सम्भव भएमा उनीहरू आफ्नै संस्कृतिमा आफ्नै भाषामा प्रदान गरिएको शिक्षामा पँहुच उपलब्ध गराउन राज्यले आदिवासी जनजातिसँगको सहकार्यमा प्रभाबकारी उपाय अवलम्बन गर्नेछन् ।

**नेपालको संविधान, धारा** ३१. शिक्षासम्बन्धी हकः (१) प्रत्येक नागरिकलाई आधार भूत शिक्षामा पहुँचको हक हुनेछ । (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । (३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ। (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ। (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

**धारा** ३२. भाषा तथा सांस्कृतिको हक (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ । (२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ । (३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुनेछ।

**धारा ३९.** बालबालिकाको हक (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ । (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

**धारा ४०.** दलितको हक (२) दलित बिदार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानूनबमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ।

**धारा ५१** (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति (१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, (२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, (३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, (४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,

## ४.२ शिक्षाका क्षेत्रमा महिला तथा किशोरीहरूको समान अधिकार

**सिड धारा १०** पक्ष राष्ट्रहरूले महिलालाई शिक्षाको क्षेत्रमा पुरुष सरहको समान अधिकार सुनिश्चित गर्ने र खासगरी, महिला र पुरुषको समानताको आधारमा देहायका कुराहरू सुनिश्चित गर्ने उद्देश्यले महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्

(क) वृत्ति तथा व्यावसायिक मार्गदर्शन, अध्ययनमा पहुँच र ग्रामीण तथा शहरी क्षेत्रमा अवस्थित सबै प्रकारका शिक्षण संस्थाहरूबाट उपाधि प्राप्त गर्नको लागि समान अवस्थाहरू यो समानता पूर्व विद्यालय, साधारण, प्राविधिक, व्यावसायिक तथा उच्च प्राविधिक शिक्षाका साथै सबै प्रकारका व्यबसायिक तालिमहरूका हकमा सुनिश्चित गरिनेछ,

(ख) समान पाठ्यक्रम, समान परीक्षा, समान मापदण्डको योग्यता भएका प्रशिक्षण कर्मचारी र विद्यालय परिसर तथा समान गुणस्तरको उपकरणमा पहुँच,

(ग) पुरुष र महिलाको भूमिकाको रुढीवादी अवधारणा उन्मूलन गर्ने लक्ष्य हासिल गर्न सहयोगी हुने सह-शिक्षा तथा अन्य किसिमका शिक्षालाई प्रोत्साहित गर्दै र खासगरी पाठ्यपुस्तकहरू तथा विद्यालय कार्यक्रमहरूमा परिमार्जन र शिक्षण

विधिहरू ग्रहण गरी सबै तह र प्रकारको शिक्षामा रुढीवादी अवधारणाको उन्मूलन,

(घ) छात्रवृत्ति तथा अन्य अध्ययन अनुदानबाट फाइदा लिनको लागि समान अवसर,

(ङ) प्रौढ शिक्षा तथा कार्यमूलक साक्षरता कार्यक्रमहरू लगायतका निरन्तर शिक्षण कार्यक्रमहरू, खासगरी पुरुष र महिलाका बिचमा विद्यमान शैक्षिक अन्तरलाई जतिसक्दो छिटो घटाउदै जाने लक्ष्य रहेका कार्यक्रमहरूमा पहुँचको समान अवसर,

(च) पढाइ छाड्दै जाने महिला बिदार्थीको दरमा कमी ल्याउने र पढाई अधुरो हुंदै विद्यालय छाडेका बालिका तथा महिलाहरूको निमित्त कार्यक्रमहरूको आयोजना,

(छ) खेलकूद तथा शारीरिक शिक्षामा सक्रिय रूपमा सहभागि हुन पाउने समान अवसर,

(ज) परिवार नियोजनसम्बन्धी सूचना र सल्लाह लगायत परिवारको स्वास्थ्य र कल्याण सुनिश्चित गर्न सहायक हुने विशेष शैक्षिक सूचनामा पहुँच ।

**नेपालको संविधान, धारा ३८ महिलाको हक** (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

**धारा ३९**. बालबालिकाको हक (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ । (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

## ४.३ काम गर्न पाउने अधिकार, प्राविधिक तथा व्यवसायिक तालिम समेतको अधिकार

**आइसिएससिआर धारा** ६.१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले काम गर्ने अधिकार स्वीकार गर्छन्, जसमा प्रत्येक व्यक्तिको आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कामबाट आफ्नो जीवन धान्न सक्ने मौकाको अधिकार समेत समावेश हुनेछ । साथै यस अधिकारलाई सुरक्षा गर्न समुचित कदम चाल्नेछन् । २. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूबाट चालिने कदमहरूमा प्राविधिक र व्यावसायिक निर्देशन तथा प्रशिक्षण कार्यक्रम, स्थिर आर्थिक, सामाजिक तथा

सांस्कृतिक विकास प्राप्त गर्ने नीति र प्रविधिहरू एवम् व्यक्तिका मौलिक राजनैतिक तथा आर्थिक स्वतन्त्रताहरू सुरक्षा गर्ने अवस्थाहरू अन्तरगत पूर्ण र उत्पादनमूलक रोजगारी समेत समावेश हुनेछन् ।

**नेपालको संविधान, धारा ३३.** रोजगारीको हक (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानूनबमोजिम हुनेछ । (२) प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक हुनेछ ।

**धारा ३४.** श्रमको हक (१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ । स्पष्टीकरणः यस धाराको प्रयोजनका लागि "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनु पर्छ ।

(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।

**धारा ४०.** दलितको हक (२) दलित बिदार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानूनबमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ । (३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

### ४.४ अन्तर्राष्ट्रिय सहयोग

**यूडिएचआर धारा २८** प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरू पूर्ण रूपले प्राप्त गर्न सकिने सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ ।

**सिआरसी २३.** ४. पक्ष राष्ट्रहरूले पुनःस्थापनाको तरिका, शिक्षा र व्यवसायिक सेवाहरूसम्बन्धी सूचनाहरूको प्रसार गर्ने र सो उपरको पहुँच प्राप्त गर्ने लगायत अशक्त बालबालिकाको निवारक स्वास्थ्य स्याहार, औषधोपचार, मनोवैज्ञानिक र कार्यमूलक उपचारको क्षेत्रमा उपयुक्त जानकारीको आदान प्रदानलाई पक्ष राष्ट्रहरूलाई आफ्नो क्षमता र सीपमा सुधार गर्न र विकास अनुभवलाई विस्तार गर्न सवल बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय सहयोगको भावना अनुकूल प्रवर्द्धन गर्नेछन् । यस विषयमा, विकासशील देशहरूको आवश्यकतालाई विशेष रूपमा विचार गरिनेछ ।

**सिआरसी २८.**३. पक्ष राष्ट्रहरूले शिक्षासम्बन्धी कुरामा, खासगरी विश्वबाटै अज्ञानता

र निरक्षरता उन्मूलन गर्ने उद्देश्यले र वैज्ञानिक तथा प्राविधिक ज्ञान र आधुनिक शिक्षण तरिकाहरूमा पहुँच सुगम बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन तथा प्रोत्साहन गर्नेछन् । यस सम्बन्धमा विकासशील देशहरूको आवश्यकतालाई विशेष ध्यान दिइनेछ ।

## सिआरपिडी धारा ३२ अन्तर्राष्ट्रिय सहयोग

१. पक्ष राष्ट्रहरूले यस महासन्धिका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि राष्ट्रय प्रयासहरूको समर्थनमा अन्तर्राष्ट्रियसहयोग र यसको प्रवर्द्धनको महत्वलाई स्वीकार गर्छन तथा यस सम्बन्धमा उपयुक्ततानुसार राष्ट्रहरू बिच तथा सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रिय सङ्गठनसँगको साझेदारीमा उपयुक्त र प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् । त्यस्ता उपायहरूमा अरु कुराहरूको अतिरिक्त देहायका कुराहरू समेत समावेश हुन सक्नेछन् :-

क) अन्तर्राष्ट्रिय विकास कार्यक्रम लगायतका अन्तर्राष्ट्रिय सहयोग कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने तथा निजहरूको लागि पहुँचयोग्य भएको सुनिश्चित गर्ने;

ख) सूचना, अनुभव, प्रशिक्षण कार्यक्रम तथा सर्वोत्तम अभ्यासहरूको आदानप्रदान तथा हिस्सादारी समेतको माध्यमबाट सक्षमता विकासलाई सहज बनाउने तथा समर्थन गर्ने;

ग) अनुसन्धान तथा वैज्ञानिक र प्राविधिक ज्ञानको पहुँचमा सहयोग सहज बनाउने;

घ) पहुँचयोग्य तथा सहयोगात्मक प्रविधिहरूमा पहुँच र हिस्सेदारीद्वारा तथा प्रविधि हस्तान्तरण मार्फत उपयुक्तताअनुसार प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने;

२. यस धाराका व्यवस्थाहरूले प्रस्तुत महासन्धि अन्तर्गत प्रत्येक पक्ष राष्ट्रले वहन गर्नुपर्ने दायित्वमा प्रतिकूल प्रभाव पार्ने छैनन् ।

**यूएनड्रिप धारा** ३९ आदिवासी जनजातिसँग यस घोषणापत्रमा समावेश गरिएका अधिकारहरूको उपभोगका लागि राज्यबाट र अन्तर्राष्ट्रिय सहयोग मार्फत आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने अधिकार छ ।

## लक्ष्य ५

# लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

## ५.१ महिला विरुद्धका सबै प्रकारका विभेदको अन्त्य गर्ने

**सिड धारा** १. यस महासन्धिको प्रयोजनको लागि, “महिला विरुद्धको भेदभाव” भन्नाले पुरुष र महिलाहरूको जस्तोसुकै वैवाहिक स्थिति भए तापनि राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र अन्य कुनै पनि क्षेत्रमा पुरुष र महिला बिच समानताका आधारमा महिलाहरूद्वारा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता, उपभोग वा प्रयोग रद्द गर्ने वा त्यसमा आघात पार्ने प्रभाव वा उद्देश्य रहेको लिङ्गका आधारमा गरिने कुनै पनि विभेद, निष्काशन वा प्रतिबन्ध सम्झनु पर्छ ।

**सिड धारा** २ पक्ष राष्ट्रहरू महिला विरुद्धका सबै प्रकारका भेदभावलाई निन्दा गर्दै सबै उपयुक्त उपायहरू अपनाई र विना ढिलाई महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने नीति अवलम्बन गर्न मन्जुर गर्दछन् र यस उद्देश्यका लागि देहायका काम गर्न कवूल गर्दछन्ः-

(क) पुरुष र महिला बिचको समानताको सिद्धान्तलाई आफ्नो राष्ट्रिय संविधान वा अन्य उपयुक्त कानूनमा अझै समावेश गरिनसकिएको भए यस सिद्धान्तलाई त्यस्तो संविधान वा कानूनमा समावेश गर्ने तथा कानून र अन्य उपयुक्त माध्यमद्वारा यस सिद्धान्तको व्यवहारिक प्राप्ति सुनिश्चित गर्ने,

(ख) महिला विरुद्धको भेदभाव निषेध गर्ने कानूनी र अन्य उपायहरू एवम् उपयुक्त भएको अवस्थामा दण्ड सजायको व्यवस्था समेत अवलम्बन गर्ने,

(ग) पुरुष सरह समान आधारमा महिलाका अधिकारहरूको कानूनी संरक्षणको व्यवस्था गर्ने तथा सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य सार्वजनिक संस्थाहरू मार्फत भेदभावको कुनै पनि कार्य विरुद्ध महिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने,

(घ) महिला विरुद्धको भेदभावको कुनै पनि कार्य वा व्यवहारमा सरिक नभई अलग रहने तथा सार्वजनिक अधिकारी र संस्थाहरूले यस दायित्व अनुरूप कार्य गर्नेछन् भन्ने कुरा सुनिश्चित गर्ने,

(ङ) कुनै पनि व्यक्ति, संस्था वा उद्योगबाट हुने महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(च) महिला विरुद्धको भेदभाव सिर्जना गर्ने प्रचलित कानून, नियम, परम्परा तथा व्यवहारहरू परिवर्तन वा उन्मूलन गर्न कानूनी व्यवस्थालगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(छ) महिला विरुद्धको भेदभाव सिर्जना गर्ने सम्पूर्ण राष्ट्रिय दण्ड व्यवस्थाहरू खारेज गर्ने ।

**सिड धारा ३** पुरुष सरह महिलाहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रयोग तथा उपभोगको प्रत्याभूति दिने उद्देश्यकालागि महिलाको पूर्ण विकास र समुन्नति सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै क्षेत्र खासगरी राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रहरूमा कानूनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

**सिड धारा ४.१.** पुरुष र महिला बिचको वास्तविक समानतालाई तीव्र पार्ने उद्देश्यले पक्ष राष्ट्रहरूबाट ग्रहण गरिएका अस्थायी विशेष उपायहरूलाई प्रस्तुत महासन्धिले परिभाषा गरे बमोजिमको भेदभाव मानिने छैन । तर परिणामस्वरूप यस्ता उपायहरूले कुनै पनि हालतमा असमान वा पृथक मापदण्डहरूलाई कायमै रहन दिनु हुँदैन। अवसर र व्यवहारको समानताको उद्देश्य हासिल भएपछि यी उपायहरूलाई निरन्तरता दिइने छैन ।

२. मातृत्वको संरक्षण गर्ने उद्देश्यले पक्ष राष्ट्रहरूबाट ग्रहण गरिएका यस महासन्धिमा उल्लिखित उपायहरू लगायतका विशेष उपायहरूलाई भेदभावपूर्ण मानिने छैन ।

**सिड धारा ५** पक्ष राष्ट्रहरूले देहायको प्रयोजनकोलागि सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्ः

(क) कुनै एक लिङ्गको लघुता वा वरिष्ठताको धारणामा वा पुरुष र महिलाकालागि रुढिगत भूमिकामा आधारित दुराग्रह तथा परम्परागत एवम् अन्य सबै व्यवहारहरू उन्मूलन गर्ने उद्देश्यले पुरुष र महिलाको व्यवहारको सामाजिक तथा सांस्कृतिक ढाँचामा परिवर्तन गर्ने,

(ख) हर अवस्थामा बालबालिकाको हित नै प्राथमिक चासोको विषय भएको कुरा बुझ्दै पारिवारिक शिक्षाले सामाजिक कार्यको रूपमा मातृत्वको सम्बन्धमा उचित समझ र आफना बालबालिकाको पालनपोषण र विकासमा पुरुष र महिलाको साझा उत्तरदायित्वको मान्यता समावेश गरेको सुनिश्चित गर्ने ।

**सिआरसी धारा** २.१. पक्ष राष्ट्रहरूले आफ्नो क्षेत्राधिकारभित्रका प्रत्येक बालबालिकालाई निजको वा निजका बाबुआमाको वा कानूनी संरक्षकको जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियत जेसुकै भएपनि कुनै पनि किसिमको

भेदभाव नगरी यस महासन्धिमा उल्लिखित अधिकारहरूलाई सम्मान तथा सुनिश्चित गर्नेछन् ।

२. बालबालिकाका बाबुआमा, कानूनी संरक्षक वा परिवारका सदस्यहरूको हैसियत, क्रियाकलाप, अभिव्यक्त धारणाहरू वा आस्थाहरूको आधारमा गरिने सबै किसिमका भेदभाव वा दण्डसजायबाट बालबालिकाको संरक्षण सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै समुचित उपायहरू अवलम्बन गर्नेछन् ।

**सिड**को **धारा ७** विशेषगरी महिलाहरूको विधायिकी, राजनीतिक तथा सार्वजनिक जीवनसँग सम्बन्धित

**धारा ७** पक्ष राष्ट्रहरूले मुलुकको राजनैतिक र सामाजिक जीवनमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने र खासगरी, पुरुष सरह महिलाकालागि देहायका अधिकारहरू सुनिश्चित गर्नेछन्ः-

(क) सबै निर्वाचन र सार्वजनिक जनमतसङ्ग्रहहरूमा मतदान गर्ने अधिकार र सार्वजनिक रूपमा निर्वाचन हुने निकायहरूमा निर्वाचनको लागि योग्य हुने अधिकार,

(ख) सरकारी नीतिको तर्जुमा र कार्यान्वयनमा सहभागि हुने तथा सार्वजनिक पद धारण गर्ने र सरकारका सबै तहहरूमा हुने सार्वजनिक कार्यहरू सम्पादन गर्ने अधिकार,

(ग) मुलुकको सार्वजनिक तथा राजनैतिक जीवनसँग सम्बन्धित गैर-सरकारी सङ्घ संस्थाहरूमा भाग लिने अधिकार ।

**नेपालको संविधान, १८. समानताको हक** (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । (२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । (३) राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा

यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन। (४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन। (५) पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ।

## ५.२ आर्थिक तथा सामाजिक जीवन

**सिड धारा** ११.१. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा समान अधिकारहरू, खासगरी देहायका अधिकारहरू, सुनिश्चित गर्ने उद्देश्यले रोजगारीको क्षेत्रमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

(क) सम्पूर्ण मानव जातिको नैसर्गिक अधिकारको रूपमा काम गर्ने अधिकार,

(ख) रोजगारीका सम्बन्धमा छनोटको निमित्त समान मापदण्डहरूको प्रयोग लगायत रोजगारीका समान अवसरको अधिकार,

(ग) पेशा र रोजगारीको स्वतन्त्र रूपमा छनोट गर्ने अधिकार, पदोन्नति, सेवाको सुरक्षा वा सेवाका सबै शर्तहरू र सुविधाहरूको अधिकार, शिक्षु तालिम, उच्च व्यवसायिक तालिम र समयगत तालिम लगायतका व्यवसायिक तालिम तथा पुनः तालिम पाउने अधिकार,

(घ) समान सुविधा सहितको समान पारिश्रमिक र समान मूल्यको कामका सम्बन्धमा समान व्यवहार एवम् कामको गुणस्तरको मूल्याङ्कनमा समान व्यवहारको अधिकार,

(ङ) खासगरी अवकाश, बेरोजगारी, बिरामी, दुर्वलता, वृद्धावस्था र कामका लागि अन्य असक्षमताका अवस्थाहरूमा सामाजिक सुरक्षाको अधिकार एवम् तलबी बिदाको अधिकार,

(च) स्वास्थ्य सुरक्षाको अधिकार एवम् पुनरुत्पादन कार्यको सुरक्षा लगायत कार्यगत अवस्थामा सुरक्षाको अधिकार।

२. विवाह वा मातृत्वको आधारमा हुने महिला विरुद्धको भेदभाव रोक्न तथा उनीहरूको काम गर्ने पाउने प्रभावकारी अधिकार सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले निम्नलिखित कार्यहरू गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्ः-

(क) गर्भवती भएको वा सुत्केरी बिदाको कारणले हुने बर्खास्ती तथा वैवाहिक स्थितिको आधारमा बर्खासीमा गरिने भेदभावमा दण्ड सजाय समेत गर्ने गरी प्रतिबन्ध लगाउने,

(ख) अघिल्लो रोजगारी वा जेष्ठता वा सामाजिक भत्ताबाट वञ्चित हुन नपर्ने गरी पूरा तलब सहितको वा सोही सरहको सामाजिक फाइदाहरू सहितको प्रसूति बिदाको व्यवस्थागर्ने,

(ग) कार्यको उत्तरदायित्व र सार्वजनिक जीवनमा सहभागितासँगै पारिवारिक दायित्व समायोजन गर्न बाबुआमालाई सक्षम बनाउन आवश्यक सहयोगी सामाजिक सेवाहरूको व्यवस्थागर्न प्रोत्साहन गर्ने, र खासगरी बालस्याहार सुविधाहरूको सञ्जालको स्थापना र विकास प्रवर्द्धन गर्ने,

(घ) गर्भवती अवस्थाका महिलालाई हानिकारक प्रमाणित भएका किसिमका कामबाट विशेष संरक्षण प्रदान गर्ने ।

३. यस धारामा समाविष्ट विषयहरूसँग सम्बन्धित संरक्षणात्मक कानूनलाई वैज्ञानिक र प्रविधिगत ज्ञानको आधारमा आवधिक रूपमा पुनरावलोकन गरिने र आवश्यकता अनुसार संशोधन, खारेज वा विस्तार गरिनेछ ।

**सिड धारा** १३ पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा समान अधिकारहरू खासगरी देहायका अधिकारहरू सुनिश्चित गर्ने उद्देश्यले आर्थिक तथा सामाजिक जीवनका अन्य क्षेत्रहरूमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्ः-

(क) पारिवारिक लाभको अधिकार,

(ख) बैंक ऋण, धितो बन्धकी वा अन्य प्रकारका वित्तीय ऋण लिने अधिकार,

(ग) मनोरनात्मक क्रियाकलापहरू, खेलकूद र सांस्कृतिक जीवनका सबै पक्षहरूमा सहभागि हुने अधिकार ।

## ५.३ पारिवारिक सम्बन्ध

**सिड धारा १६.१.** पक्ष राष्ट्रहरूले विवाह तथा पारिवारिक सम्बन्धसँग सम्बन्धित सबै विषयहरूमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने र खासगरी महिला र पुरुषको समानताका आधारमा निम्नलिखित अधिकारहरू सुनिश्चित गर्नेछन्ः-

(क) विवाह गर्ने समान अधिकार,

(ख) स्वतन्त्र रूपले वर रोज्ने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह गर्ने समान अधिकार,

(ग) विवाह पश्चात र विवाह विच्छेदको अवस्थामा समान अधिकार तथा उत्तरदायित्वहरू,

(घ) उनीहरूको वैवाहिक स्थिति जेसुकै भए तापनि, उनीहरूका बालबालिकासँग सम्बन्धित कुराहरूमा बाबुआमाको समान अधिकार तथा उत्तरदायित्वहरू सबै अवस्थाहरूमा बालबालिकाको हित नै सर्वोपरी हुनेछ,

(ङ) आफ्ना बालबालिकाको सङ्ख्या र जन्मान्तरका विषयमा स्वतन्त्र एवम् जिम्मेवारीपूर्वक निर्णय गर्ने अधिकारहरू तथा उनीहरूलाई यी अधिकारहरू प्रयोग गर्न सक्षम बनाउन जानकारी, शिक्षा तथा साधनमा पहुँच प्राप्त गर्ने अधिकारहरू,

(च) बालबालिकाको संरक्षकत्व, हेरचाह, न्यायधारण र धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने सम्बन्धमा वा राष्ट्रिय कानूनमा यी अवधारणाहरू विद्यमान भएका यस्तै संस्थाहरूको सम्बन्धमा समान अधिकार तथा उत्तरदायित्वहरू सबै अवस्थाहरूमा बालबालिकाको हित नै सर्वोपरी हुनेछ,

(छ) पारिवारिक नाम, पेशा र व्यवसाय छनोट गर्ने अधिकार लगायत पति र पत्नीको समान व्यक्तिगत अधिकारहरू,

(ज) सम्पत्तिको स्वामित्व, प्राप्ति, व्यवस्थापन, सञ्चालन, भोगचलन र बेचबिखनका सम्बन्धमा, निःशुल्क वा मूल्यवान प्रतिफल वापत जे भएपनि पति र पत्नी दुबैको समान अधिकार।

२. बालकको वैवाहिक वाग्दान र बाल विवाहको कानूनी मान्यता हुनेछैन र विवाहको लागि न्यूनतम उमेर तोक्ने तथा विवाहलाई सरकारी पञ्जिकाधिकारी समक्ष अनिवार्य रूपले दर्ता गर्नुपर्ने कानूनी व्यवस्था लगायतका सबै आवश्यक कारवाही गरिनेछ।

**नेपालको संविधान, धारा ३८** (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। (६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

## ५.४ बच्चाको सङ्ख्या र जन्मान्तर निर्धारण गर्ने अधिकार

**सिड धारा** १२.१. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा परिवार नियोजनसँग सम्बन्धित सेवाहरू लगायत स्वास्थ्य स्याहार सेवाहरूमा पहुँच सुनिश्चित गर्न स्वास्थ्य सेवाको क्षेत्रमा  महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

२. यस धाराको प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्ष राष्ट्रहरूले महिलालाई गर्भवती, प्रसूति र प्रसूति पश्चातको अवधिमा उपयुक्त सेवाहरू र आवश्यक भएका वखत निशुल्क सेवा एवम् गर्मवती र दूध ख्वाउने अवधिमा पर्याप्त पोषण समेत उपलब्ध भएको सुनिश्चित गर्नेछन् ।

**सिड धारा** १६.१. पक्ष राष्ट्रहरूले विवाह तथा पारिवारिक सम्बन्धसँग सम्बन्धित सबै विषयहरूमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने र खासगरी महिला र पुरुषको समानताका आधारमा निम्नलिखित अधिकारहरू सुनिश्चित गर्नेछन्ः-

(ङ) आफ्ना बालबालिकाको सङ्ख्या र जन्मान्तरका विषयमा स्वतन्त्र एवम् जिम्मेवारीपूर्वक निर्णय गर्ने अधिकारहरू तथा उनीहरूलाई यी अधिकारहरू प्रयोग गर्न सक्षम बनाउन जानकारी, शिक्षा तथा साधनमा पहुँच प्राप्त गर्ने अधिकारहरू,

**सिआरसी** २४.२. पक्ष राष्ट्रहरूले यस अधिकारको पूर्ण कार्यान्वयन अवलम्बन गर्नेछन् र विशेषतः निम्न कुराका लागि उपयुक्त उपायहरू ग्रहण गर्नेछन्ः (च) बाबु आमाको लागि निरोधक स्वास्थ्य स्याहार, सरसल्लाह र परिवार नियोजन शिक्षा र सेवाहरूको विकास गर्ने ।

## ५.५ आमा र बालवालिकाको विशेष संरक्षण

**आइसिएससिआर**, धारा १० प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू देहायका कुराहरू स्वीकार गर्दछन् ः-

१. परिवार समाजको प्राकृतिक र मूलभूत समूहगत इकाई भएकोले विशेष गरी यसको स्थापनाका लागि तथा यसमा आश्रित बालबालिकाको हेरचाह र शिक्षाको दायित्व हुँदा त्यसलाई सम्भव भएसम्मको व्यापक सुरक्षा तथा सहायता दिनुपर्दछ । इच्छुक बर-बधु'को स्वतन्त्र सहमतिबाट मात्र विवाह सम्पन्न गरिनु पर्दछ ।

२. शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान

गर्नुपर्दछ। यस्ता अवधि र काम गर्ने आमाहरूलाई तलबी बिदा र पर्याप्त सामाजिक सुरक्षा फाइदा सहितको बिदा दिनुपर्दछ।

३. पितृत्व वा अन्य अवस्थाहरूका आधारमा कुनै पनि भेदभाव नगरी सम्पूर्ण बालबालिका तथा तरुणहरूको पक्षमा संरक्षण र सहायताका विशेष उपायहरू अपनाउनु पर्दछ। आर्थिक र सामाजिक शोषणबाट बालबालिका तथा तरुणहरूको संरक्षण गर्नुपर्दछ। उनीहरूको नैतिकता वा स्वास्थ्यको लागि हानिकारक र जीवनको लागि खतरापूर्ण हुने वा उनीहरूको सामान्य विकासमा अवरोध गर्ने खालका काममा उनीहरूलाई लगाउने कार्यलाई कानूनद्वारा दण्डनीय बनाउनु पर्दछ। राष्ट्रहरूले उमेरको हद पनि तोक्नु पर्दछ, जुन उमेर भन्दा मुनिका बालश्रमको तलबी रोजगारलाई कानूनद्वारा निषेधित र दण्डनीय बनाउनु पर्दछ।

**नेपालको संविधान, धारा ३८ महिलाको हक** (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुनेछ। (३) महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। (६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

**नेपालको संविधान, धारा ३९ बालबालिकाको हक** (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन। (५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन। (६) कुनैपनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन। (७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन। (८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ। (९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

## ५.६ महिला तथा किशोरी विरुद्ध हुने हिंसा उन्मुलन गर्ने

**महिला विरुद्धका सबै प्रकारका हिंसा उन्मूलन गर्ने महासन्धिको धारा १ देखि ६ महिला विरुद्धका सबै प्रकारका हिंसा उन्मूलन शीर्षकमा हेर्नुहोस् ।**

**सिआरसी, धारा** २४.३. पक्ष राष्ट्रहरूले बालबालिकाको स्वास्थ्यलाई हानी पुऱ्याउने खालका परम्परागत व्यवहारहरूको उन्मूलन गर्ने उद्देश्यले सम्पूर्ण प्रभावकारी र समुचित उपायहरू अपनाउने छन् ।

**सिआरसी** धारा ३५ पक्ष राष्ट्रहरूले कुनै पनि उद्देश्यको लागि वा कुनै पनि रूपमा बालबालिकाको अपहरण, बेचबिखन वा ओसारपसारमा रोक लगाउन सबै समुचित राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन् ।

**नेपालको संविधान, धारा २९ शोषण विरुद्धको हकः** (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ। (२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । (३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन। (४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन। (५) उपधारा (३) र (४) विपरीतको कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

**धारा ३८ महिलाको हक,** (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

## ५.७ कामका उचित र सुहाउँदा अवस्थाहरू उपभोग गर्ने अधिकार

**आइसिएससिआर, धारा ७** प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले खासगरी देहायका कुराहरू सुनिश्चित गर्ने कामका उचित र सुहाउँदा अवस्थाहरू उपभोग गर्ने प्रत्येक व्यक्तिको अधिकारलाई स्वीकार गर्दछन् :-

(क) सबै कामदारहरूलाई न्यूनतम रूपमा देहायका कुरा उपलब्ध गराउने पारिश्रमिकः

(१) कुनै पनि प्रकारको भेदभाव विना समान मूल्यको कार्यका लागि उचित ज्याला तथा समान पारिश्रमिक, विशेष गरी महिलालाई पुरुषले उपभोग गरेको कामको अवस्था भन्दा निम्नकोटीको नभएको कामको अवस्था र समान कार्यका लागि समान तलबको प्रत्याभूति,

(२) प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्था अनुरूप उनीहरू र उनीहरूका परिवारहरूलाई राम्रो जीवनस्तर,

(ख) सुरक्षित र स्वस्थ्य कामका अवस्थाहरू,

(ग) ज्येष्ठता तथा सक्षमताका आधारमा बाहेक अन्य कुनै पनि कुराका अधिनमा नरहने गरी प्रत्येक व्यक्तिलाई उपयुक्त उच्चतम तहमा पदोन्नती हुन पाउने अवसर,

(घ) विश्राम, फुर्सद तथा कार्य घण्टाको उचित सीमाङ्कन तथा तलबी आवधिक बिदा लगायत सार्वजनिक बिदा वापतको पारिश्रमिक ।

**सिड, धारा** ११

१. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा समान अधिकारहरू, खासगरी देहायका अधिकारहरू, सुनिश्चित गर्ने उद्देश्यले रोजगारीको क्षेत्रमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

(क) सम्पूर्ण मानव जातिको नैसर्गिक अधिकारको रूपमा काम गर्ने अधिकार,

(ख) रोजगारीका सम्बन्धमा छनोटको निमित्त समान मापदण्डहरूको प्रयोग लगायत रोजगारीका समान अवसरको अधिकार,

(ग) पेशा र रोजगारीको स्वतन्त्र रूपमा छनोट गर्ने अधिकार, पदोन्नति, सेवाको सुरक्षा वा सेवाका सबै शर्तहरू र सुविधाहरूको अधिकार, शिक्षा तालिम, उच्च व्यवसायिक तालिम र समयगत तालिम लगायतका व्यवसायिक तालिम तथा पुनः तालिम पाउने अधिकार,

(घ) समान सुविधा सहितको समान पारिश्रमिक र समान मूल्यको कामका सम्बन्धमा समान व्यवहार एवम् कामको गुणस्तरको मूल्याङ्कनमा समान व्यवहारको अधिकार,

(ङ) खासगरी अवकाश, बेरोजगारी, बिरामी, दुर्वलता, वृद्धावस्था र कामका लागि अन्य असक्षमताका अवस्थाहरूमा सामाजिक सुरक्षाको अधिकार एवम् तलबी बिदाको अधिकार,

(च) स्वास्थ्य सुरक्षाको अधिकार एवम् पुनरुत्पादन कार्यको सुरक्षा लगायत कार्यगत अवस्थामा सुरक्षाको अधिकार ।

२. विवाह वा मातृत्वको आधारमा हुने महिला विरुद्धको भेदभाव रोक्न तथा उनीहरूको काम गर्ने पाउने प्रभावकारी अधिकार सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले निम्नलिखित कार्यहरू गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्ः-

(क) गर्भवती भएको वा सुत्केरी बिदाको कारणले हुने बर्खास्ती तथा वैवाहिक स्थितिको आधारमा बर्खासीमा गरिने भेदभावमा दण्ड सजाय समेत गर्ने गरी प्रतिवन्ध लगाउने,

(ख) अघिल्लो रोजगारी वा जेष्ठता वा सामाजिक भत्ताबाट वञ्चित हुन नपर्ने गरी पूरा तलब सहितको वा सोही सरहको सामाजिक फाइदाहरू सहितको प्रसूति बिदाको व्यवस्था गर्ने,

(ग) कार्यको उत्तरदायित्व र सार्वजनिक जीवनमा सहभागितासँगै पारिवारिक दायित्व समायोजन गर्न बाबुआमालाई सक्षम बनाउन आवश्यक सहयोगी सामाजिक सेवाहरूको व्यवस्थागर्न प्रोत्साहन गर्ने, र खासगरी बालस्याहार सुविधाहरूको सञ्जालको स्थापना र विकास प्रवर्द्धन गर्ने,

(घ) गर्भवती अवस्थाका महिलालाई हानिकारक प्रमाणित भएका किसिमका कामबाट विशेष संरक्षण प्रदान गर्ने ।

३. यस धारामा समाविष्ट विषयहरूसँग सम्बन्धित संरक्षणात्मक कानूनलाई वैज्ञानिक र प्रविधिगत ज्ञानको आधारमा आवधिक रूपमा पुनरावलोकन गरिने र आवश्यकता अनुसार संशोधन, खारेज वा विस्तार गरिनेछ।

**नेपालको संविधान, धारा ३४. श्रमको हक** (१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ। स्पष्टीकरणः यस धाराको प्रयोजनका लागि “श्रमिक” भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनु पर्छ । (२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ । (३) प्रत्येक श्रमिकलाई कानूनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ।



# लक्ष्य ६

## सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने

### ६.१ शुद्ध पिउने पानी तथा सरसफाइको अधिकार

**आइसिएससिआर, धारा** ११.१ प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयम् र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन्। पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले व्यक्तिगत रूपमा अन्तर्राष्ट्रिय सहयोग मार्फत निम्न कुराका लागि आवश्यक विशेष कार्यक्रम र उपायहरू अवलम्बन गर्नेछन् :

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरूको विकास र सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चयतथा वितरणको तरीकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुबैका समस्याहरूलाई ध्यान दिँदै आवश्यकता अनुरूप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने ।

**नेपालको संविधान, धारा** ४ प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

### ६.२ स्वास्थ्यको अधिकार

**यूडिएचआर, धारा** २५.१. प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्ततता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ ।

२. आमा र शिशुहरूलाई विशेष स्याहार र सहायता पाउने अधिकार छ । विवाह भई वा नभई जन्मेका सम्पूर्ण बालबालिकाहरूले समान सामाजिक संरक्षण पाउनेछन् ।

**आइसिएससिआर, धारा** १२ (१) प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम् प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा निम्न कुराका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन्ः-

(क) शिशु मृत्युदर तथा शिशु मृत्यु घटाउने र बालकको स्वास्थ्य विकासको व्यवस्था,

(ख) वातावरणीय तथा औद्योगिक सरसफाइका सबै पक्षहरूको सुधार,

(ग) प्रकोप, महामारी, पेशागत र अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण,

(घ) बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना ।

## ६.३ पिउने पानी तथा सरसफाइमा ग्रामिण महिलाहरूको समान पहुँच

**सिड, धारा** १४ (२) पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा ग्रामीण महिलाहरू ग्रामीण विकासमा सहभागी भएको र त्यसबाट लाभान्वित भएको सुनिश्चित गर्न ग्रामिण क्षेत्रका महिला विरुद्धको भेदभाव उन्मूलन गर्ने सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने र खासगरी त्यस्ता महिलालाई निम्नलिखित अधिकारहरू सुनिश्चित गर्नेछन्ः (ज) खासगरी आवास, सरसफाइ, विद्युत, खानेपानी, यातायात तथा सञ्चारका सम्बन्धमा पर्याप्त जीवनयापनका अवस्थाहरूको उपभोग गर्ने अधिकार ।

**नेपालको संविधानमा ग्रामिण महिलासँग सम्बन्धित विशिष्टिकृत व्यवस्था नरहेको ।**

# लक्ष्य ७

## सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने

७.१ **प्रयाप्त जीवनस्तरको अधिकार**

**यूडिएचआर, धारा २५** १. प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्ततता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ।

२. आमा र शिशुहरूलाई विशेष स्याहार र सहायता पाउने अधिकार छ। विवाह भई वा नभई जन्मेका सम्पूर्ण बालबालिकाहरूले समान सामाजिक संरक्षण पाउनेछन्।

**आइसिएससिआर, धारा ११** (१) प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयम् र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन्। पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन्।

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले व्यक्तिगत रूपमा अन्तर्राष्ट्रिय सहयोग मार्फत निम्न कुराका लागि आवश्यक विशेष कार्यक्रम र उपायहरू अवलम्बन गर्नेछन्ः

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरूको विकास र सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चयतथा वितरणको तरीकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुवैका समस्याहरूलाई ध्यान दिँदै आवश्यकता अनुरूप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने।

(**संवैधानिक प्रावधानका लागि लक्ष्य नं १ को पर्याप्त जीवनस्तरको अधिकार हेर्नुहोस्**)

७.२ **वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने अधिकार**

**यूडिएचआर, धारा २७** (१) प्रत्येक व्यक्तिलाई समुदायको सांस्कृतिक जीवनमा स्वतन्त्र रूपले सहभागी हुने, कला उपयोग गर्ने र वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने अधिकार हुनेछ। २. प्रत्येक व्यक्तिलाई आफू लेखक भएको कुनै

पनि वैज्ञानिक, साहित्यिक वा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणवाट फाइदा पाउने अधिकार हुनेछ।

**आइसिएससिआर, धारा १५** (१) प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको निम्न कुराको अधिकार स्वीकार गर्छनः (ख) वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने,

**नेपालको संविधान, धारा** ३२ भाषा तथा संस्कृतिको हक (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक  हुनेछ। (२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ। (३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धनर संरक्षण गर्ने हक हुनेछ।



# लक्ष्य ८

## भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने

८.१ **कामको, रोजगारीको, कामका उपयुक्त र अनुकूल अवस्थाहरूको अधिकार**

**यूडिएचआर, धारा** २३ (१) प्रत्येक व्यक्तिलाई कामको, रोजगारीको स्वतन्त्र छनोटको, कामका उपयुक्त र अनुकूल अवस्थाहरूको र बेरोजगारी विरुद्धको संरक्षणको अधिकार छ।

२. प्रत्येक व्यक्तिलाई कुनै पनि भेदभाव विना समान कामको लागि समान पारिश्रमिकको अधिकार छ।

३. काम गर्ने प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको लागि मानवीय प्रतिष्ठा अनुकूलको स्थितिको विद्यमानता सुनिश्चित गर्ने कामका उपयुक्त र अनुकूल अवस्थाहरूको अधिकार छ, र यस्तो अधिकारलाई आवश्यक भएमा सामाजिक संरक्षणका अन्य साधनबाट परिपूरण गरिनेछ।

४. प्रत्येक व्यक्तिलाई आफ्नो हितको रक्षाको लागि ट्रेड युनियन गठन गर्ने र त्यसमा सम्मिलित हुन पाउने अधिकार छ।

**आइसिएससिआर, धारा ६** (१) प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले काम गर्ने अधिकार स्वीकार गर्छन्, जसमा प्रत्येक व्यक्तिको आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कामबाट आफ्नो जीवन धान्न सक्ने मौकाको अधिकार समेत समावेश हुनेछ। साथै यस अधिकारलाई सुरक्षा गर्न समुचित कदम चाल्नेछन्।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूबाट चालिने कदमहरूमा प्राविधिक र व्यवसायिक निर्देशन तथा प्रशिक्षण कार्यक्रम, स्थिर आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास प्राप्त गर्ने नीति र प्रविधिहरू एवम् व्यक्तिका मौलिक राजनैतिक तथा आर्थिक स्वतन्त्रताहरू सुरक्षा गर्ने अवस्थाहरू अन्तरगत पूर्ण र उत्पादनमूलक रोजगारी समेत समावेश हुनेछन्।

**आइसिएससिआर, धारा ७** प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले खासगरी देहायका कुराहरू सुनिश्चित गर्ने कामका उचित र सुहाउँदा अवस्थाहरू उपभोग गर्ने प्रत्येक व्यक्तिको अधिकारलाई स्वीकार गर्दछन्ः-

(क) सबै कामदारहरूलाई न्यूनतम रूपमा देहायका कुरा उपलब्ध गराउने पारिश्रमिकः

(१) कुनै पनि प्रकारको भेदभाव विना समान मूल्यको कार्यका लागि उचित ज्याला तथा समान पारिश्रमिक, विशेष गरी महिलालाई पुरुषले उपभोग गरेको कामको अवस्था भन्दा निम्नकोटीको नभएको कामको अवस्था र समान कार्यका लागि समान तलबको प्रत्याभूति,

(२) प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्था अनुरूप उनीहरू र उनीहरूका परिवार हरूलाई राम्रो जीवनस्तर,

(ख) सुरक्षित र स्वस्थ्य कामका अवस्थाहरू,

(ग) ज्येष्ठता तथा सक्षमताका आधारमा बाहेक अन्य कुनै पनि कुराका अधिनमा नरहने गरी प्रत्येक व्यक्तिलाई उपयुक्त उच्चतम तहमा पदोन्नति हुन पाउने अवसर,

(घ) विश्राम, फुर्सद तथा कार्य घण्टाको उचित सीमाङ्कन तथा तलबी आवधिक बिदा लगायत सार्वजनिक बिदा वापतको पारिश्रमिक।

**आइसिएससिआर, धारा** १० प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू देहायका कुराहरू स्वीकार गर्दछन्ः-

१. परिवार समाजको प्राकृतिक र मूलभूत समूहगत इकाई भएकोले विशेष गरी यसको स्थापनाका लागि तथा यसमा आश्रित बालबालिकाको हेरचाह र शिक्षाको दायित्व हुँदा त्यसलाई सम्भव भएसम्मको व्यापक सुरक्षा तथा सहायता दिनुपर्दछ। इच्छुक बर-बधुको स्वतन्त्र सहमतिबाट मात्र विवाह सम्पन्न गरिनु पर्दछ।

२. शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्दछ। यस्ता अवधि र काम गर्ने आमाहरूलाई तलबी बिदा र पर्याप्त सामाजिक सुरक्षा फाइदा सहितको बिदा दिनुपर्दछ।

३. पितृत्व वा अन्य अवस्थाहरूका आधारमा कुनै पनि भेदभाव नगरी सम्पूर्ण बालबालिका तथा तरुणहरूको पक्षमा संरक्षण र सहायताका विशेष उपायहरू अपनाउनु पर्दछ। आर्थिक र सामाजिक शोषणबाट बालबालिका तथा तरुणहरूको संरक्षण गर्नुपर्दछ। उनीहरूको नैतिकता वा स्वास्थ्यको लागि हानिकारक र जीवनको लागि खतरापूर्ण हुने वा उनीहरूको सामान्य विकासमा अवरोध गर्ने खालका काममा उनीहरूलाई लगाउने कार्यलाई कानूनद्वारा दण्डनीय बनाउनु पर्दछ। राष्ट्रहरूले उमेरको हद पनि तोक्नु पर्दछ, जुन उमेर भन्दा मुनिका बालश्रमको तलबी रोजगारलाई कानूनद्वारा निषेधित र दण्डनीय बनाउनु पर्दछ।

**सिआरपिडी, धारा २७ काम र रोजगार**

१. पक्ष राष्ट्रहरूको अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्तिहरू सरह समान आधारमा काम गर्न पाउने अधिकारलाई स्वीकार गर्छन्: त्यस्तो अधिकारमा श्रम बजारमा अपाङ्गता भएका व्यक्तिहरूले स्वतन्त्रा पूर्वक छनोट र स्वीकार गरेको काम गरी जीवन निर्वाह गर्न पाउने अवसर तथा खुल्ला, समावेशी तथा पहुँच योग्य वातावरणमा काम गर्ने अधिकार समेत समावेश छ । पक्ष राष्ट्रहरूले, अन्य कुराका अतिरिक्त, देहायका कार्यहरू गर्नको लागि कानून निर्माण लगायत उपयुक्त उपायहरू अवलम्बन गरी रोजगारीको क्रममा अपाङ्गता बेहोरेका व्यक्तिहरू लगायत र अपाङ्गता भएका अन्य व्यक्तिहरूको कामको अधिकार उपभोगको संरक्षण र प्रवर्द्धन गर्ने छन्;

क) भर्ना, छनोट र नियुक्तिका शर्तहरू, सेवाको निरन्तरता, वृत्ति विकास र सुरक्षित एवम् स्वस्थ्यकर कार्य अवस्था लगायत सबै प्रकारका रोजगारीहरूसँग सम्वन्धित अपाङ्गताको आधारमा हुने भेदभावलाई निषेध गर्ने;

ख) अन्य व्यक्तिहरू सरह अपाङ्गता भएका व्यक्तिहरूको समान अवसर तथा समान कामको लागि समान ज्याला, सुरक्षित र स्वस्थकर कार्य अवस्था, दुराचारबाट संरक्षण समेत तथा गुनासोको सुनुवाई लगायतका काम गर्नका लागि चाहिने न्यायपूर्ण र अनुकूल वातावरण पाउने अधिकारको संरक्षण गर्ने;

ग) अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूले पनि निजहरूको श्रम तथा ट्रेड युनियन सम्बन्धीअधिकार प्रयोग गर्न पाएको सुनिश्चित गर्ने;

घ) साधारण प्राविधिक एवम् पेशागत निर्देशन कार्यक्रम, पदस्थापन सेवा एवम् पेशागत तथा निरन्तर तालिममा प्रभावकारी रूपमा पहुँच प्राप्त गर्न अपाङ्गता भएका व्यक्तिहरूलाई सक्षम बनाउने;

ङ) अपाङ्गता भएका व्यक्तिहरूलाई काम खोज्ने, काम पाउने, काममा बहाल रहने र काममा फर्कने एवम् श्रम बजारमा रोजगारी र वृत्ति विकासका अवसरहरूको प्रवर्द्धन गर्ने;

च) अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वरोजगार, उद्यमशीलता, सहकारिताको विकास र आफै व्यवसाय शुरु गर्ने अवसरहरूको प्रवर्द्धन गर्ने;

छ) सार्वजनिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी प्रदान गर्ने;

ज) सकारात्मक कार्य योजना, प्रोत्साहन तथा अन्य उपायहरू समाविष्ट उपयुक्त नीति र उपायहरूको माध्यमद्वारा निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको

रोजगारीलाई प्रवर्द्धन गर्ने;

झ) अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यस्थलमा मनासिव अनुकूलता उपलब्ध गराइएको सुनिश्चित गर्ने;

ञ) अपाङ्गता भएका व्यक्तिहरूले खुला श्रम बजारमा कार्य अनुभव प्राप्त गर्ने कुरालाई प्रवर्द्धन गर्ने;

ट) अपाङ्गता भएका व्यक्तिहरूको लागि व्यवसायिक तथा पेशागत पुनःस्थापना, रोजगारीको निरन्तरता तथा काममा फर्कने कार्यक्रमहरूको प्रवर्द्धन गर्ने ।

२. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरू दास वा बाँधा नबनाइएको तथा उनीहरूले अन्य व्यक्तिहरू सरह समान आधारमा बलपूर्वक वा अनिवार्य श्रमबाट संरक्षण पाएको सुनिश्चित गर्नेछन् ।

**अन्तर्राष्ट्रिय श्रम सङ्गठनसँग सम्बन्धित मुख्य महासन्धिहरू तथा आधारभूत सिद्धान्त तथा कार्यस्थलका अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको घोषणापत्र**

**नेपालको संविधान, धारा ३४** श्रमको हकः (१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ। स्पष्टीकरणः यस धाराको प्रयोजनका लागि "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनु पर्छ । (२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ । (३) प्रत्येक श्रमिकलाई कानूनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ।

## ८.२ दास वा बाँधा बनाई राख्ने र मानब बेचबिखनमा निषेध

**यूडिएचआर, धारा ४** कसैलाई बाँधा वा दास बनाई राखिने छैन। कुनै पनि किसिमको दासत्व र दास व्यापारलाई निषेध गरिने छ।

**धारा ८** (१) कसैलाई पनि दासत्वमा राखिने छैन, सबै किसिमका दासत्व तथा दास व्यापारलाई निषेध गरिनेछ।

(२) कसैलाई पनि चाकरीमा राखिने छैन।

**सिड, धारा ६** पक्ष राष्ट्रहरूले महिलाको सबै प्रकारको वेचविखन तथा महिलाको वेश्यावृत्तिको शोषण दमन गर्न कानूनी व्यवस्थालगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

**सिआरसी, धारा ३४** पक्ष राष्ट्रहरूले बालबालिकालाई सबै खालको यौन शोषण र यौन दुर्व्यबहारबाट संरक्षण गर्ने प्रतिज्ञा गर्छन् । यस प्रयोजनका लागि, पक्ष राष्ट्रहरूले खासगरी निम्न कुराहरूमा रोक लगाउन सबै समुचित राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन् :-

(क) कुनै पनि गैरकानूनी यौनजन्य क्रियाकलापमा लाग्न बालबालिकालाई उक्साउने वा करकापमा पार्ने,

(ख) वेश्यावृत्ति र अन्य गैरकानूनी यौन व्यवहारहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग,

(ग) अश्लील चित्रणको कार्यमा र सामग्रीहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग ।

**सिआरसी, धारा ३५** पक्ष राष्ट्रहरूले कुनै पनि उद्देश्यको लागि वा कुनै पनि रूपमा बालबालिकाको अपहरण, बेचबिखन वा ओसारपसारमा रोक लगाउन सबै समुचित राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन् ।

**सिआरसी, धारा ३६** पक्ष राष्ट्रहरूले बालबालिकाको हितका कुनै पनि पक्षलाई प्रतिकूल प्रभाव पार्ने सबै प्रकारका शोषणबाट बालबालिकालाई संरक्षण गर्नेछन् ।

**नेपालको संविधान, धारा ३९ बालबालिकाको हक** (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन। (५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन । (६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन। (७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

## ८.३ रोजगारीको क्षेत्रमा महिलाका समान अधिकारहरू,

**सिड, धारा** ११ (१) पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा समान अधिकारहरू, खासगरी देहायका अधिकारहरू, सुनिश्चित गर्ने उद्देश्यले रोजगारीको क्षेत्रमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

(क) सम्पूर्ण मानव जातिको नैसर्गिक अधिकारको रूपमा काम गर्ने अधिकार,

(ख) रोजगारीका सम्बन्धमा छनोटको निमित्त समान मापदण्डहरूको प्रयोग लगायत रोजगारीका समान अवसरको अधिकार,

(ग) पेशा र रोजगारीको स्वतन्त्र रूपमा छनोट गर्ने अधिकार, पदोन्नति, सेवाको सुरक्षा वा सेवाका सबै शर्तहरू र सुविधाहरूको अधिकार, शिक्षा तालिम, उच्च व्यवसायिक तालिम र समयगत तालिम लगायतका व्यवसायिक तालिम तथा पुनः तालिम पाउने अधिकार,

(घ) समान सुविधा सहितको समान पारिश्रमिक र समान मूल्यको कामका सम्बन्धमा समान व्यवहार एवम् कामको गुणस्तरको मूल्याङ्कनमा समान व्यवहारको अधिकार,

(ङ) खासगरी अवकाश, बेरोजगारी, बिरामी, दुर्वलता, वृद्धावस्था र कामका लागि अन्य असक्षमताका अवस्थाहरूमा सामाजिक सुरक्षाको अधिकार एवम् तलबी बिदाको अधिकार,

(च) स्वास्थ्य सुरक्षाको अधिकार एवम् पुनरुत्पादन कार्यको सुरक्षा लगायत कार्यगत अवस्थामा सुरक्षाको अधिकार ।

२. विवाह वा मातृत्वको आधारमा हुने महिला विरुद्धको भेदभाव रोक्न तथा उनीहरूको काम गर्ने पाउने प्रभावकारी अधिकार सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले निम्नलिखित कार्यहरू गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्ः-

(क) गर्भवती भएको वा सुत्केरी बिदाको कारणले हुने बर्खास्ती तथा वैवाहिक स्थितिको आधारमा बर्खासीमा गरिने भेदभावमा दण्ड सजाय समेत गर्ने गरी प्रतिवन्ध लगाउने,

(ख) अघिल्लो रोजगारी वा जेष्ठता वा सामाजिक भत्ताबाट वञ्चित हुन नपर्ने गरी पूरा तलब सहितको वा सोही सरहको सामाजिक फाइदाहरू सहितको प्रसूति बिदाको व्यवस्था गर्ने,

(ग) कार्यको उत्तरदायित्व र सार्वजनिक जीवनमा सहभागितासँगै पारिवारिक दायित्व समायोजन गर्न बाबुआमालाई सक्षम बनाउन आवश्यक सहयोगी सामाजिक सेवाहरूको व्यवस्था गर्न प्रोत्साहन गर्ने, र खासगरी बालस्याहार सुविधाहरूको सञ्जालको स्थापना र विकास प्रवर्द्धन गर्ने,

(घ) गर्भवती अवस्थाका महिलालाई हानिकारक प्रमाणित भएका किसिमका कामबाट विशेष संरक्षण प्रदान गर्ने ।

३. यस धारामा समाविष्ट विषयहरूसँग सम्बन्धित संरक्षणात्मक कानूनलाई वैज्ञानिक र प्रविधिगत ज्ञानको आधारमा आवधिक रूपमा पुनरावलोकन गरिने र आवश्यकता अनुसार संशोधन, खारेज वा विस्तार गरिनेछ ।

**अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं.** १०० र १११

**नेपालको संविधान, धारा** १८ समानताको हक (४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । **धारा** २९ शोषण विरुद्धको हक (४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन ।

## ८.४ बाल श्रम निषेध

**सिआरसी, धारा** ३२ (१) आर्थिक शोषणबाट र जोखिमपूर्ण हुने वा आफ्नो शिक्षामा दखल पुऱ्याउने वा आफ्नो स्वास्थ्य वा शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक वा सामाजिक विकासमा हानिकारक हुनसक्ने कुनै पनि कार्यबाट संरक्षण पाउने बालबालिकाको अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्छन् ।

२. पक्ष राष्ट्रहरूले यस धाराको कार्यान्वयनलाई सुनिश्चित गर्न कानूनी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउने छन् । यस प्रयोजनको लागि, अन्य अन्तर्राष्ट्रिय लिखतहरूका सम्बन्धित प्रावधानहरूलाई ध्यानमा राख्दै पक्ष राष्ट्रहरूले खासगरी देहायका कार्यहरू गर्नेछन् :-

(क) रोजगारीमा प्रवेश गर्न न्यूनतम उमेर वा न्यूनतम उमेरहरूको हद तोक्ने व्यवस्था गर्ने,

(ख) रोजगारीको समय र अवस्थाहरू सम्बन्धी उपयुक्त नियमहरूको व्यवस्था गर्ने,

(ग) यस धाराको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न उपयुक्त दण्ड वा अन्य अनुशास्तीहरूको व्यवस्था गर्ने ।

**अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १८२**

**नेपालको संविधान, धारा ३९ बालबालिकाको हक** (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन । (६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

# लक्ष्य ९

## उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने

९.१ **आर्थिक विकास र मानव समृद्धिमा टेवा दिनका लागि सबैले उपभोग गर्न सक्ने खालको समतामूलक पहुँच सहितको गुणस्तरीय, विश्वसनीय, दिगो तथा उत्थानशील पुर्वाधारको निर्माणको अधिकार**

**यूडिएचआर, धारा २५** (१) प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्ततता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ।

२. आमा र शिशुहरूलाई विशेष स्याहार र सहायता पाउने अधिकार छ। विवाह भई वा नभई जन्मेका सम्पूर्ण बालबालिकाहरूले समान सामाजिक संरक्षण पाउनेछन्।

**आइसिएससिआर, धारा** ११ (१) प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयंम् र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन्। पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन्।

**सिड,** १४ (२) पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा ग्रामीण महिलाहरू ग्रामीण विकासमा सहभागी भएको र त्यसबाट लाभान्वित भएको सुनिश्चित गर्न ग्रामिण क्षेत्रका महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने र खासगरी त्यस्ता महिलालाई निम्नलिखित अधिकारहरू सुनिश्चित गर्नेछन्ः (ज) खासगरी आवास, सरसफाइ, विद्युत, खानेपानी, यातायात तथा सञ्चारका सम्बन्धमा पर्याप्त जीवनयापनका अवस्थाहरूको उपभोग गर्ने अधिकार।

## सिआरपिडी, धारा ९ पहुँचयुक्तता

१. अपाङ्गता भएका व्यक्तिहरूलाई स्वनिर्भरता पूर्वक जीवन यापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्ण रूपमा सहभागी हुन सक्षम बनाउन पक्ष राष्ट्रहरूले अन्य व्यक्ति सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई सहरी र ग्रामीण दुवै पक्षहरूमा भौतिक वातावरण, यातायात, सूचना तथा सञ्चार प्रविधि र प्रणालीहरू लगायत सूचना र सञ्चार तथा सर्वसाधारणलाई खुला

भएका वा प्रदान गरिएका अन्य सुविधा तथा सेवाहरूमा पहुँच सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । त्यस्ता उपायहरू, जसमा पहुँचयुक्ततामा रहेका व्यवधान र अवरोधहरूको पहिचान तथा अन्त्य समेत समावेश हुन्छन् , अन्य कुराका अतिरिक्त देहायका कुराहरूको हकमा अवलम्बन गरिनेछन्  क) विद्यालय, आवास, चिकित्सकीय सुविधा र कार्यस्थल लगायत भवन, सडक, यातायात तथा अन्य आन्तरिक र बाह्य सुविधाहरू;

**यूएनड्रिप, धारा ३२** (२) आदिवासी जनजातिको भूमि वा क्षेत्र वा अन्य संसाधन विशेषगरी खनिज, जल वा अन्य संसाधनको विकास, उपयोग वा शोषणसँग सम्बन्धितलाई प्रभाव पार्ने, कुनै आयोजना स्वीकृत गर्नुपूर्व राज्यहरूले आदिवासी जनजातिको स्वतन्त्र र सूसुचित सहमति प्राप्त गर्नका लागि उनीहरूको आफ्नै प्रतिनिधिमूलक संस्थाहरूको माध्यमबाट सम्बन्धित आदिवासी जनजातिहरूसँग असल नियतपूर्वक परामर्श तथा सहयोग गर्नेछन् ।

**नेपालको संविधान धारा ४२ सामाजिक न्यायको हक** (३) अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

**नेपालको संविधान, धारा ५१** (च) विकाससम्बन्धी नीति (२) विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने, (३) विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने, (४) वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने, (५) राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने, (६) विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिँदै आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने, **(ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी  नीति** (१४) यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने,

९.२ **आर्थिक, प्रविधि तथा प्राविधिक सहायतामा बढवाको माध्यमबाट विकासशील देशहरूमा दिगो तथा उत्थानशील पूर्वाधारको विकास गर्ने,**

**यूडिएचआर, धारा** २७ (२) प्रत्येक व्यक्तिलाई आफू लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक वा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणवाट फाइदा पाउने अधिकार हुनेछ ।

**आइसिएससिआर, धारा १५** (१) प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको निम्न कुराको अधिकार स्वीकार गर्छन :-

(ख) वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने,

२. यस अधिकारको पूर्ण प्राप्तिका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा विज्ञान र संस्कृतिको सञ्चय, विकास तथा प्रसारका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन् ।

## सिआरपिडी, धारा ३२ अन्तर्राष्ट्रिय सहयोग

१. पक्ष राष्ट्रहरूले यस महासन्धिका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि राष्ट्रिय प्रयासहरूको समर्थनमा अन्तर्राष्ट्रिय सहयोग र यसको प्रवर्द्धनको महत्वलाई स्वीकार गर्छन तथा यस सम्बन्धमा उपयुक्ततानुसार राष्ट्रहरू बिच तथा सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रिय सङ्गठनसँगको साझेदारीमा उपयुक्त र प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् । त्यस्ता उपायहरूमा अरु कुराहरूको अतिरिक्त देहायका कुराहरू समेत समावेश हुन सक्नेछन् :-

घ) पहुँचयोग्य तथा सहयोगात्मक प्रविधिहरूमा पहुँच र हिस्सेदारीद्वारा तथा प्रविधि हस्तान्तरण मार्फत उपयुक्ततानुसार प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने;

**नेपालको संविधान, धारा ५१** (ग) **सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति** (१) स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने, (२) ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संर्वद्धनर विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने, (३) सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने, (४) राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने ।

# लक्ष्य १०

## मुलुकभित्र तथा मुलुकहरूबिचको असमानता हटाउने

## १०.१ समानता र अविभेदको अधिकार

**यूडिएचआर, धारा** २ जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरूको अधिकार हुनेछ। साथै कुनै पनि व्यक्ति रहेका मुलुक वा इलाका स्वतन्त्र, न्याय, स्वशासनरहित वा सार्वभौमसत्ताको अन्य कुनै पनि सीमाको अधीनमा रहेको जे भए तापनि त्यस्तो मुलुक वा ईलाकाको राजनीतिक, क्षेत्राधिकारगत वा अन्तर्राष्ट्रिय हैसियतका आधारमा कुनै पनि भेदभाव गरिनेछैन।

**आइसिएससिआर, धारा** २ (२) प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित अधिकारहरू जाति, वर्ण, लिङ्ग भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना उपभोग गरिने कुराको प्रत्याभूति दिने प्रतिज्ञा गर्दछन्।

**आइसिसिपिआर, धारा** २ (१) प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू आफ्ना इलाका तथा क्षेत्राधिकारभित्र रहेका सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनैपनि प्रकारको विना भेदभाव प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकार हरूको सम्मान र सुनिश्चितता प्रदान गर्ने प्रतिज्ञा गर्दछन्।

**आइसिसिपिआर, धारा २६** सबै व्यक्तिहरू कानूनको दृष्टिमा समान छन् र कुनै पनि भेदभाव विना कानूनको समान संरक्षणका हकदार छन्। यस सम्वन्धमा कानूनले कुनै पनि भेदभावलाई निषेध गर्ने र सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिइनेछ।

**सिड, धारा** २ पक्ष राष्ट्रहरू महिला विरुद्धका सबै प्रकारका भेदभावलाई निन्दा गर्दै सबै उपयुक्त उपायहरू अपनाई र विना ढिलाई महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्ने नीति अवलम्बन गर्न मन्जुर गर्दछन् र यस उद्देश्यका लागि देहायका काम गर्न कबुल गर्दछन्ः-

(क) पुरुष र महिला बिचको समानताको सिद्धान्तलाई आफ्नो राष्ट्रिय संविधान वा अन्य उपयुक्त कानूनमा अझै समावेश गरिनसकिएको भए यस सिद्धान्तलाई त्यस्तो संविधान वा कानूनमा समावेश गर्ने तथा कानून र अन्य उपयुक्त

माध्यमद्वारा यस सिद्धान्तको व्यवहारिक प्राप्ति सुनिश्चित गर्ने,

(ख) महिला विरुद्धको भेदभाव निषेध गर्ने कानूनी र अन्य उपायहरू एवम् उपयुक्त भएको अवस्थामा दण्ड सजायको व्यवस्था समेत अवलम्बन गर्ने,

(ग) पुरुष सरह समान आधारमा महिलाका अधिकारहरूको कानूनी संरक्षणको व्यवस्था गर्ने तथा सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य सार्वजनिक संस्थाहरू मार्फत भेदभावको कुनै पनि कार्य विरुद्ध महिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने,

(घ) महिला विरुद्धको भेदभावको कुनै पनि कार्य वा व्यवहारमा सरिक नभई अलग रहने तथा सार्वजनिक अधिकारी र संस्थाहरूले यस दायित्व अनुरूप कार्य गर्नेछन् भन्ने कुरा सुनिश्चित गर्ने,

(ङ) कुनै पनि व्यक्ति, संस्था वा उद्योगबाट हुने महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(च) महिला विरुद्धको भेदभाव सिर्जना गर्ने प्रचलित कानून, नियम, परम्परा तथा ब्यबहारहरू परिवर्तन वा उन्मूलन गर्न कानूनी व्यवस्थालगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(छ) महिला विरुद्धको भेदभाव सिर्जना गर्ने सम्पूर्ण राष्ट्रिय दण्ड व्यबस्थाहरू खारेज गर्ने ।

**सिआरसी, धारा** २ (१) पक्ष राष्ट्रहरूले आफ्नो क्षेत्राधिकारभित्रका प्रत्येक बालबालिकालाई निजको वा निजका बाबुआमाको वा कानूनी संरक्षकको जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियत जेसुकै भएपनि कुनै पनि किसिमको भेदभाव नगरी यस महासन्धिमा उल्लिखित अधिकारहरूलाई सम्मान तथा सुनिश्चित गर्नेछन् ।

२. बालबालिकाका बाबुआमा, कानूनी संरक्षक वा परिवारका सदस्यहरूको हैसियत, क्रियाकलाप, अभिव्यक्त धारणाहरू वा आस्थाहरूको आधारमा गरिने सबै किसिमका भेदभाव वा दण्डसजायबाट बालबालिकाको संरक्षण सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै समुचित उपायहरू अवलम्बन गर्नेछन् ।

**सिआरपिडी धारा ५ समानता र गैर भेदभाव**

१. पक्ष राष्ट्रहरू कानूनको अगाडि तथा अन्तर्गत सबै व्यक्तिहरू समान भएको तथा कुनै पनि भेदभाव विना कानूनको समान संरक्षण र समान सुविधाको हकदार भएको स्वीकार गर्छन् ।

२. पक्ष राष्ट्रहरूले अपाङ्गताको आधारमा हुने सबै भेदभावहरू निषेध गर्नेछन् तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै पनि आधारमा हुने भेदभाव विरुद्ध समान तथा प्रभावकारी कानूनी संरक्षण प्रत्याभूत गर्नेछन् ।

३. समानता प्रवर्द्धन तथा भेदभाव उन्मूलन गर्नका लागि पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई उचित अनुकूलता प्रदान गरिएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त कदमहरू चाल्नेछन् ।

४. प्रस्तुत महासन्धिका शर्तहरू अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक समानताको गति बढाउन वा प्राप्त गर्न आवश्यक पर्ने विशेष उपायहरूलाई भेदभाव मानिने छैन ।

**सर्ड, धारा** २ (२) पक्ष राष्ट्रहरूले परिस्थिति अनुसार आवश्यक भएको अवस्थामा आफ्नो क्षेत्रमा रहेका खास जातीय समूह वा व्यक्तिहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण तथा समान उपभोगको प्रत्याभूति गर्ने प्रयोजनकोलागि त्यस्ता समूह वा व्यक्तिहरूको पर्याप्त विकास र संरक्षण सुनिश्चित गर्न सामाजिक, आर्थिक, सांस्कृतिक तथा अन्य क्षेत्रहरूमा खास तथा ठोस उपायहरू अपनाउने छन् । जुन उद्देश्यको लागि ती उपायहरू अपनाइएका थिए सो उद्देश्य हासिल भएपछि त्यस्ता उपायहरूले कुनै पनि अवस्थामा विभिन्न जातीय समूहको लागि असमान वा भिन्न अधिकारहरू कायम राखिराख्ने परिणाम कुनै पनि अवस्थामा ल्याउने छैनन् ।

**सिआरएमडब्लु, धारा ७** पक्ष राष्ट्रहरूले मानव अधिकारसँग सम्बन्धित दस्तावेजहरूमा व्यवस्था भए अनुरूपका अधिकार सम्मान तथा सुनिश्चितताका लागि आफ्नो देशको भूभागमा वा क्षेत्राधिकारभित्र आप्रवासी कामदार तथा तिनीहरूका परिवारका सदस्यहरूको प्रस्तुत महासन्धिले प्रत्याभुत गरेका अधिकार सबै आप्रवासी कामदार हरूलाई लिङ्ग, जात जाति, वर्ण, भाषा, धर्म वा विश्वास, राजनीतिक वा अरु धारणा, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, राष्ट्रियता, उमेर, आर्थिक हैसियत, सम्पत्ति, वैवाहिक स्थिति, जन्म वा अरु स्थिति जे भए तापनि उनीहरूको मानव अधिकार संरक्षणको लागि समान व्यवस्था गर्नेछन् ।

**नेपालको संविधान, धारा १८ समानताको हक** (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । (२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । (३) राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । (४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । (५) पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

**धारा ५१ (ग) सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति** (५) समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने,

## १०.२ सार्वजनिक क्रियाकलापहरूमा सहभागिताको अधिकार

### यूडिएचआर, धारा २१

१. प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपले छानिएका प्रतिनिधिहरू मार्फत आफ्नो देशको सरकारमा भाग लिन पाउने अधिकार छ ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा समान पहुँच पाउने अधिकार छ ।

३. जनताको इच्छा नै सरकारको अख्तियारीको आधार हुनेछ । यो इच्छा विश्वव्यापी र समान मताधिकार द्वारा हुने आवधिक र निष्पक्ष निर्वाचनहरूद्वारा अभिव्यक्त गरिनेछ र यस्तो निर्वाचन गोप्य मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रकृयाहरूबाट सम्पन्न हुनेछ ।

### आइसिसिपिआर, धारा २५

१. प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्ततता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ ।

२. आमा र शिशुहरूलाई विशेष स्याहार र सहायता पाउने अधिकार छ। विवाह भई वा नभई जन्मेका सम्पूर्ण बालबालिकाहरूले समान सामाजिक संरक्षण पाउनेछन् ।

**सिड, धारा ७** पक्ष राष्ट्रहरूले मुलुकको राजनैतिक र सामाजिक जीवनमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने र खासगरी, पुरुष सरह महिलाकालागि देहायका अधिकारहरू सुनिश्चित गर्नेछन् :-

(क) सबै निर्वाचन र सार्वजनिक जनमतसँग्रहहरूमा मतदान गर्ने अधिकार र सार्वजनिक रूपमा निर्वाचन हुने निकायहरूमा निर्वाचनको लागि योग्य हुने अधिकार,

(ख) सरकारी नीतिको तर्जुमा र कार्यान्वयनमा सहभागि हुने तथा सार्वजनिक पद धारण गर्ने र सरकारका सबै तहहरूमा हुने सार्वजनिक कार्यहरू सम्पादन गर्ने अधिकार,

(ग) मुलुकको सार्वजनिक तथा राजनैतिक जीवनसँग सम्बन्धित गैर-सरकारी सङ्घ-संस्थाहरूमा भाग लिने अधिकार ।

**सर्ड, धारा** ५ यस महासन्धिको धारा २ मा ब्यवस्था गरिएका आधारभूत दायित्वहरू अनुरूप, पक्ष राष्ट्रहरूले कुनै पनि रूपमा हुने जातीय विभेदको निषेध तथा उन्मूलन गर्न र जाति, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्बन्धी कुनै पनि कुराको भेदभाव विना खासगरी देहायका अधिकारहरूको उपभोगमा कानूनको अगाडि प्रत्येक व्यक्तिको समानताको अधिकारको प्रत्याभूति गर्ने प्रतिज्ञा गर्दछन् :-

(क) न्यायाधिकरण (ट्राइवुनल) तथा न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि समान व्यवहार पाउने अधिकार,

(ख) व्यक्तिको सुरक्षा तथा कुनै सरकारी अधिकारीहरूबाट वा कुनै वैयक्तिक समूह वा संस्थाहरूबाट हुने कुनै पनि हिंसा वा शारीरिक क्षतिविरुद्ध राज्यबाट संरक्षण पाउने अधिकार,

(ग) राजनीतिक अधिकारहरू खासगरी सर्वव्यापी तथा समान मताधिकारको आधारमा निर्वाचनमा भाग लिने, निर्वाचनमा मतदान गर्ने तथा उम्मेदवार बन्ने अधिकार, सरकार तथा कुनै पनि तहमा सार्वजनिक कार्यको सञ्चालनमा भाग लिने अधिकार तथा सार्वजनिक सेवामा समान पहुँचको अधिकार,

(घ) अन्य नागरिक अधिकारहरू, खासगरीः (१) राष्ट्रको सीमानाभित्र आवतजावत

तथा बसोबास गर्ने स्वतन्त्रताको अधिकार, (२) आफ्नो देश लगायत कुनै देशबाट बाहिर जाने र आफ्नो देशमा फर्किने अधिकार, (३) राष्ट्रियताको अधिकार, (४) विवाह गर्ने तथा वरवधु छान्ने अधिकार, (५) एक्लै वा अरुसग मिलेर सम्पत्ति राख्ने अधिकार, (६) पुर्ख्यौली सम्पत्ति प्राप्त गर्ने अधिकार, (७) विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकार, (८) विचार र अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धी अधिकार, (९) शान्तिपूर्ण भेला हुने तथा सङ्गठन गर्ने स्वतन्त्रताको अधिकार ।

(ङ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू, खासगरीः (१) काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल अवस्था प्राप्त गर्ने, बेरोजगारी विरुद्ध संरक्षण पाउने, समान कामकोलागि समान तलब पाउने, उचित तथा अनुकूल पारिश्रमिक पाउने अधिकार, (२) ट्रेड युनियन स्थापना गर्ने तथा त्यसमा सम्मिलित हुने अधिकार, (३) आवासको अधिकार, (४) सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार, (५) शिक्षा तथा तालिम (प्रशिक्षण) को अधिकार, (६) सांस्कृतिक क्रियाकलापहरूमा समान सहभागिताको अधिकार,

(च) यातायात, होटल, रेष्टुरेण्ट, क्याफे, नाचघर तथा उद्यान जस्ता सर्वसाधारणको प्रयोगकोलागि रहेका कुनै पनि स्थान वा सेवामा पहुँचको अधिकार ।

**सिआरपिडी, धारा २९ राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता**

पक्ष राष्ट्रहरूले अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक अधिकार तथा त्यस्तो अधिकारहरूको उपभोग गर्ने अवसरको प्रत्याभूत दिनेछन् र देहायका कुराहरू गर्ने कबुल गर्नेछन् :-

क) अन्य व्यक्तिहरू सरह अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने तथा निर्वाचित हुने लगायत प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधीहरू मार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी एवम् पूर्ण रूपमा सहभागी हुन सकेका छन् भनी अरु कुराका अतिरिक्त देहायका कुराहरूबाट सुनिश्चित गर्ने :

अ) मतदानका प्रक्रिया, सुविधा र सामग्रीहरू उपयुक्त, पहुँचयोग्य तथा बुझ्न एवम् प्रयोग गर्न सहज भएको सुनिश्चित गर्ने ;

आ) अपाङ्गता भएका व्यक्तिहरूले भयमुक्त वातावरणमा निर्वाचन र

सार्वजनिक जनमत संग्रहहरूमा गोप्य मतदान प्रक्रियाद्वारा मतदान गर्ने तथा निर्वाचनमा उम्मेदवार हुने, सरकारका सबै तहहरू र सार्वजनिक कार्यहरूमा पद धारण गर्ने र कार्य सम्पादन गर्न पाउने अधिकारको संरक्षण गर्ने तथा उपयुक्त भएको अवस्थामा सहयोगात्मक र नयाँ प्रविधिहरूको प्रयोगलाई सहज बनाउने ;

इ) अपाङ्गता भएका व्यक्तिहरूलाई मतदाताको रूपमा आफ्नो इच्छा स्वतन्त्र रूपमा अभिव्यक्त गर्न सक्ने अधिकार प्रत्याभूत गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि उनीहरूको अनुरोधमा मतदान गर्न उनीहरूले रोजेको व्यक्तिको सहयोग प्राप्त गर्न अनुमति दिने ।

ख) अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिहरू सरह समान आधारमा विना भेदभाव सार्वजनिक क्रियाकलापहरूको सञ्चालनमा प्रभावकारी तथा पूर्ण रूपमा सहभागी हुन सक्ने वातावरणको सक्रिय रूपले प्रवर्द्धन गर्ने तथा देहायका कुराहरू लगायत सार्वजनिक क्रियाकलापहरूमा उनीहरूको सहभागितालाई प्रोत्साहित गर्ने;

अ) मुलुकको सार्वजनिक तथा राजनैनिक जीवनसँग संम्बन्धित गैरसरकारी सङ्घ-संस्थाहरूमा तथा राजनैतिक दलहरूको गतिविधि र सञ्चालनमा सहभागिता;

आ) अन्तराष्ट्रिय, राष्ट्रिय, क्षेत्रिय र स्थानियस्तरमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्न अपाङ्गता भएका व्यक्तिहरूको सङ्गठन खोल्ने र त्यस्तो सङ्गठनको सदस्य बन्ने ।

**नेपालको संविधान, धारा ४२ सामाजिक न्यायको हक**ः (१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

**धारा ५१ (च) विकाससम्बन्धी नीति** (३) विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने, (ञ) **सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति** (७) राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने,

युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,

## १०.३ सामाजिक सुरक्षाको अधिकार

**यूडिएचआर, धारा** २२ प्रत्येक व्यक्तिलाई समाजको एक सदस्यको हैसियतले सामाजिक सुरक्षाको अधिकार हुने र राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय सहयोग मार्फत र प्रत्येक राष्ट्रको सङ्गठन र श्रोतहरू अनुरूप निजको प्रतिष्ठाकोलागि र निजको व्यक्तित्वको स्वतन्त्र विकासको लागि अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको प्रप्तिको अधिकार हुनेछ।

**आइसिएससिआर, धारा** ९ प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको सामाजिक बिमा लगायतका सामाजिक सुरक्षाको अधिकार स्वीकार गर्दछन् ।

**धारा १० प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू देहायका कुराहरू स्वीकार गर्दछन् :–**

१. परिवार समाजको प्राकृतिक र मूलभूत समूहगत इकाई भएकोले विशेष गरी यसको स्थापनाका लागि तथा यसमा आश्रित बालबालिकाको हेरचाह र शिक्षाको दायित्व हुँदा त्यसलाई सम्भव भएसम्मको व्यापक सुरक्षा तथा सहायता दिनुपर्दछ । इच्छुक वर-वधुको स्वतन्त्र सहमतिबाट मात्र विवाह सम्पन्न गरिनु पर्दछ ।

२. शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्दछ। यस्ता अवधि र काम गर्ने आमाहरूलाई तलबी बिदा र पर्याप्त सामाजिक सुरक्षा फाइदा सहितको बिदा दिनुपर्दछ।

३. पितृत्व वा अन्य अवस्थाहरूका आधारमा कुनै पनि भेदभाव नगरी सम्पूर्ण बालबालिका तथा तरुणहरूको पक्षमा संरक्षण र सहायताका विशेष उपायहरू अपनाउनु पर्दछ । आर्थिक र सामाजिक शोषणबाट बालबालिका तथा तरुणहरूको संरक्षण गर्नुपर्दछ । उनीहरूको नैतिकता वा स्वास्थ्यको लागि हानिकारक र जीवनको लागि खतरापूर्ण हुने वा उनीहरूको सामान्य विकासमा अवरोध गर्ने खालका काममा उनीहरूलाई लगाउने कार्यलाई कानूनद्वारा दण्डनीय बनाउनु पर्दछ । राष्ट्रहरूले उमेरको हद पनि तोक्नु पर्दछ, जुन उमेर भन्दा मुनिका बालश्रमको तलबी रोजगारलाई कानूनद्वारा निषेधित र दण्डनीय बनाउनु पर्दछ ।

**सिआरपिडी, धारा २८ पर्याप्त जीवनस्तर र सामाजिक संरक्षण**

१. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरू आफैँलाई र तिनका परिवारको लागि समेत पर्याप्त खाद्यान्न, लुगा एवम् आवाससमेतको पर्याप्त जीवनस्तर तथा जीवन निर्वाहका अवस्थाहरूको निरन्तर सुधारको अधिकार भएको स्वीकार गर्छन तथा अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव विना त्यस्तो अधिकारको उपभोग, संरक्षण र प्रवर्द्धन गर्ने उपयुक्त कदमहरू चाल्नेछन् ।

२. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा तथा अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव विना त्यस्तो अधिकारको उपभोग गर्न पाउने अधिकार भएको स्वीकार गर्छन् तथा त्यस्तो अधिकारको उपभोग, संरक्षण र प्रवर्द्धन गर्ने देहायका उपायहरू लगायत अन्य उपयुक्त कदमहरू चाल्नेछन् :

क) स्वच्छ पानीको आपूर्तिमा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच सुनिश्चित गर्ने तथा उपयुक्त र धान्न सकिने मूल्यमा सेवा, उपकरण र अपाङ्गतासँग सम्बन्धित आवश्यकताहरूको लागि अन्य सहयोगहरूमा निजहरूको पहुँच सुनिश्चित गर्ने;

ख) अपाङ्गता भएका व्यक्तिहरूका खासगरी अपाङ्गता भएका महिला र वृद्ध वृद्धाहरूको लागि सामाजिक सुरक्षा कार्यक्रम तथा गरिबी न्यूनीकरण कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने;

ग) गरिबीको अवस्थामा जीवन यापन गरिरहेका अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारलाई पर्याप्त तालिम, परामर्श, आर्थिक सहयोग एवम् राहत सेवा लगायत अपाङ्गता सम्बन्धी खर्चहरूमा राज्यबाट प्रदान गरिने सहयोगमा पहुँच सुनिश्चित गर्ने;

घ) सार्वजनिक आवास कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचलाई सुनिश्चित गर्ने;

ङ) अपाङ्गता भएका व्यक्तिहरूको अवकाश पछिको सुविधा तथा कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने ।

**नेपालको संविधान, धारा ४१ ज्येष्ठ नागरिकको हक** ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ ।

**धारा ४३** सामाजिक सुरक्षाको हक  आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।

**नेपालको संविधान, धारा ५१(झ) श्रम र रोजगारसम्बन्धी नीति** (२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, (ञ) **सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति** (८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धनगर्ने, (९) अल्पसङ्ख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, (१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, (११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, (१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,



# लक्ष्य ११

## सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने

## ११.१ पर्याप्त आवासको अधिकार जमिन तथा स्रोत समेतको अधिकार

### यूडिएचआर, धारा २५

१. प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्ततता, विधवा, बुढेसकाल वा आफ्नो काबू बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ ।

२. आमा र शिसुहरूलाई विशेष स्याहार र सहायता पाउने अधिकार छ । विवाह भई वा नभई जन्मेका सम्पूर्ण बालबालिकाहरूले समान सामाजिक संरक्षण पाउनेछन् ।

### यूडिएचआर, धारा २७

१. प्रत्येक व्यक्तिलाई समुदायको सांस्कृतिकजीवनमा स्वतन्त्र रूपले सहभागी हुने, कला उपयोग गर्ने र वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने अधिकार हुनेछ ।

२. प्रत्येक व्यक्तिलाई आफू लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक वा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणवाट फाइदा पाउने अधिकार हुनेछ ।

### आइसिएससिआर, धारा ११

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् । पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगकोअत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले व्यक्तिगत रूपमा अन्तर्राष्ट्रिय सहयोग मार्फत निम्न कुराका लागि आवश्यक विशेष कार्यक्रम र उपायहरू अवलम्बन गर्नेछन् :

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको

ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरूको विकास र सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चयतथा वितरणको तरीकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुवैका समस्याहरूलाई ध्यान दिँदै आवश्यकता अनुरूप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने ।

**आइसिएससिआर धारा १५**

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको निम्न कुराको अधिकार स्वीकार गर्छनः-

(क) सांस्कृतिकजीवनमा सहभागी हुने,

(ख) वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने,

(ग) आफू लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक तथा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणवाट फाइदा पाउने ।

२. यस अधिकारको पूर्ण प्राप्तिका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा विज्ञान र संस्कृतिको सञ्चय, विकास तथा प्रसारका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन् ।

३. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू वैज्ञानिक अनुसन्धान तथा सिर्जनात्मक क्रियाकलापका लागि अपरिहार्य स्वतन्त्रताको सम्मान गर्ने प्रतिज्ञा गर्दछन् ।

४. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू वैज्ञानिक तथा सांस्कृतिकक्षेत्रमा अन्तर्राष्ट्रिय सम्पर्क तथा सहयोगको प्रोत्साहन र विकासबाट हासिल गरिने फाइदा स्वीकार गर्दछन् ।

**सर्ड धारा ५** यस महासन्धिको धारा २ मा व्यवस्था गरिएका आधारभूत दायित्वहरू अनुरूप, पक्ष राष्ट्रहरूले कुनै पनि रूपमा हुने जातीय विभेदको निषेध तथा उन्मूलन गर्न र जाति, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्बन्धी कुनै पनि कुराको भेदभाव विना खासगरी देहायका अधिकारहरूको उपभोगमा कानूनको अगाडि प्रत्येक व्यक्तिको समानताको अधिकारको प्रत्याभूति गर्ने प्रतिज्ञा गर्दछन्

६ सास्कृतिक क्रियाकलापहरूमा समान सहभागिताको अधिकार,

(च) यातायात, होटल, रेष्टुरेण्ट, क्याफे, नाचघर तथा उद्यान जस्ता सर्वसाधारणको प्रयोगको लागि रहेका कुनै पनि स्थान वा सेवामा पहुँचको अधिकार ।

**सर्ड धारा ७** जातीय भेदभाव तर्फ धकेल्ने दुराग्रहहरू विरुद्ध लडाई गर्ने र राष्ट्रहरू तथा जातीय वा सामाजिक समूहहरू बिच समभ्कदारी, सहिष्णुता तथा मित्रता प्रवर्द्धन गर्ने एव ंसंयुक्त राष्ट्र सङ्घको वडापत्रका उद्देश्य तथा सिद्धान्तहरू, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी सयुंक्त राष्ट्र सङ्घीय घोषणापत्र तथा यस महासन्धिको प्रचार प्रसार गर्न पक्ष राष्ट्रहरूले खासगरी शिक्षण, शिक्षा, संस्कृति तथा सूचनाको क्षेत्रमा, तात्कालिन तथा प्रभावकारी उपायहरू अवलम्बन गर्ने प्रतिज्ञा गर्दछन् ।

## सिआरपिडी धारा ३० सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिता

१. पक्ष राष्ट्रहरू अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार भएको स्वीकार गर्छन र पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूले देहाय बमोजिमका कुराहरू गर्न पाएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :-

क) पहुँचयोग्य ढाँचाहरूमा सांस्कृतिक सामग्रीहरूमा पहुँच उपभोग गर्ने;

ख) पहुँचयोग्य ढाँचाहरूमा टेलिभिजन कार्यक्रम, चलचित्र, नाटक र अन्य सांस्कृतिक क्रियाकलापहरूमा पहुँच उपभोग गर्ने;

ग) नाट्यशाला, सङ्ग्रहालय, सिनेमा हल, पुस्तकालय, पर्यटकीय सेवा जस्ता सांस्कृतिक कार्यक्रम वा सेवाहरू सञ्चालन गर्ने स्थानहरूमा पहुँच उपभोग गर्ने तथा सम्भव भएको हदसम्म राष्ट्रिय सांस्कृतिक महत्वका स्मारक र स्थलहरूमा पहुँच उपभोग गर्ने ।

२. अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको व्यक्तिगत फाइदाको लागि मात्र नभई समाजको वैभवताको लागि समेत उनीहरूको सिर्जनशिल, कलात्मक तथा बौद्धिक आन्तरिक क्षमताको विकास तथा उपभोग गर्ने अवसर प्राप्त गर्न सक्षम बनाउन पक्ष राष्ट्रहरूले उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

३. बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार संरक्षण गर्ने कानूनले अपाङ्गता भएका व्यक्तिहरूलाई सांस्कृतिक सामग्रीहरूमा पहुँच गर्न अनुचित वा विभेदकारी अवरोधहरू सिर्जना नगरेको सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले अन्तर्राष्ट्रिय कानूनबमोजिम सम्पूर्ण उपयुक्त कदमहरू चाल्नेछन् ।

४. अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरू पनि साङ्केतिक भाषा तथा बहिरा संस्कृति लगायत विशेष सांस्कृतिक तथा भाषिक पहिचानको मान्यता र सहायता पाउने हक राख्नेछन् ।

५. अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरू सरह समान आधारमा मनोरञ्जनात्मक, विश्राम तथा खेलकुदका क्रियाकलापहरूमा सहभागी हुन सक्षम बनाउने अभिप्रायले भएको देहायका उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :-

क) सम्पूर्ण तहहरूमा मूलप्रवाहका खेलकुद क्रियाकलापमा अपाङ्गता भएका व्यक्तिहरूको सम्भव भएको हदसम्म सहभागितालाई प्रोत्साहित तथा प्रवर्द्धन गर्ने;

ख) अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता विशेष खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापहरू आयोजना गर्ने, विकास गर्ने तथा त्यसमा सहभागी हुन पाउने अवसर उपलब्ध भएको सुनिश्चित गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि अन्य व्यक्तिहरू सरह समान आधारमा उपयुक्त प्रशिक्षण, तालिम र स्रोतहरूको व्यवस्थालाई प्रोत्साहित गर्ने;

ग) अपाङ्गता भएका व्यक्तिहरूको खेलकुद, मनोरञ्जनात्मक र पर्यटकीय स्थानहरूमा पहुँच भएको सुनिश्चित गर्ने;

घ) विद्यालय प्रणालीभित्रका क्रियाकलापहरू लगायत अन्य नाटक, मनोरञ्जन र विश्राम र खेलकुद क्रियाकलापहरूमा अन्य बालबालिका सरह अपाङ्गता भएका बालबालिकाहरूको पहुँच भएको सुनिश्चित गर्ने;

ङ) मनोरञ्जनात्मक, पर्यटकीय, विश्राम वा खेलकुद क्रियाकलापका संस्थाहरूमा संलग्न व्यक्तिहरूबाट अपाङ्गता भएका व्यक्तिहरूले सेवामा पहुँच पाएको सुनिश्चित गर्ने ।

**सिआरसी धारा ३१**

१. आराम गर्ने र फुर्सद लिन पाउने, आफ्नो उमेर सुहाउँदो खेल र मनोरञ्जनपूर्ण क्रियाकलापहरूमा संलग्न हुन पाउने र सांस्कृतिक जीवन तथा कलामा स्वतन्त्र रूपले सहभागी हुन पाउने बालबालिकाको अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्छन् ।

२. पक्ष राष्ट्रहरूले सांस्कृति कर कलात्मक जीवनमा पूर्णरूपले भाग लिन पाउने बालबालिकाको अधिकारलाई सम्मान र प्रवर्द्धन गर्नेछन् र सांस्कृतिक, कलात्मक, मनोरञ्जनात्मक र फुर्सदसम्बन्धी क्रियाकलापहरूको लागि समुचित र समान अवसरहरू प्रदान गर्ने व्यवस्थालाई प्रोत्साहन दिनेछन् ।

**नेपालको संविधान, धारा ५१** (ङ) कृषि र भूमिसुधारसम्बन्धी नीति (१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, (२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, (३) किसानको हक हित संरक्षण र संवर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, (४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति (६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने, (१३) स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने,

## ११.२ विशेषगरी अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ग्रामिण महिलाहरूको यातायात, अन्य सुबिधा तथा सेवामा पहुँचको अधिकार

**सिआरपिडी धारा ९ पहुँचयुक्तता**

१. अपाङ्गता भएका व्यक्तिहरूलाई स्वनिर्भरतापूर्वक जीवन यापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्ण रूपमा सहभागी हुन सक्षम बनाउन पक्ष राष्ट्रहरूले

अन्य व्यक्ति सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई सहरी र ग्रामीण दुबै पक्षहरूमा भौतिक वातावरण, यातायात, सूचना तथा सञ्चार प्रविधि र प्रणालीहरू लगायत सूचना र सञ्चार तथा सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका अन्य सुविधा तथा सेवाहरूमा पहुँच सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । त्यस्ता उपायहरू, जसमा पहुँचयुक्ततामा रहेका व्यवधान र अवरोधहरूको पहिचान तथा अन्त्य समेत समाबेश हुन्छन् , अन्य कुराका अतिरिक्त देहायका कुराहरूको हकमा अवलम्बन गरिनेछन् :-

क) विद्यालय, आवास, चिकित्सकीय सुविधा र कार्यस्थल लगायत भवन, सडक, यातायात तथा अन्य आन्तरिक र बाह्य सुविधाहरू;

ख) विद्युतिय सेवा तथा सङ्कटकालीन सेवाहरू लगायत सूचना, सञ्चार तथा अन्य सुविधाहरू ।

**सिआरसी धारा २३**

१. पक्ष राष्ट्रहरूले मानसिक वा शारीरिक रूपले अशक्त बालबालिकाले निजको प्रतिष्ठा सुनिश्चित गर्ने, स्वावलम्बन अभिवृद्धि गर्ने र आफ्नो समुदायमा सक्रिय सहभागिता सुगम बनाउने अवस्थाहरूमा पूर्ण र सुसम्पन्न जीवन यापन गर्नुपर्छ भन्ने कुरा स्वीकार गर्छन् ।

२. पक्ष राष्ट्रहरू अशक्त बालबालिकाको विशेष हेरचाहको अधिकारलाई स्वीकार गर्छन् र उपलब्ध स्रोतहरूका अधिनमा रही योग्य बालबालिकालाई र निजको हेरचाहको लागि जिम्मेवार व्यक्तिहरूलाई आवेदन गरिएको र ती बालबालिकाको अवस्था र निजहरूको बाबुआमा वा हेरचाह गर्ने अन्य व्यक्तिहरूको परिस्थिति अनुकूलको सहायता विस्तारलाई प्रोत्साहन दिँदै सुनिश्चित गर्नेछन् ।

३. अशक्त बालबालिकाका विशेष आवश्यकताहरूलाई स्वीकार गर्दै बालबालिकाको स्याहार गर्ने बाबु आमा वा अन्य व्यक्तिहरूको आर्थिक स्रोतलाई ध्यानमा राखी यस धाराको प्रकरण २ बमोजिम विस्तार गरिएको सहायता सम्भव भएसम्म निःशुल्क उपलब्ध गराइनेछ र अशक्त बालबालिकाको सांस्कृतिक तथा आध्यात्मिक विकास लगायत निज सम्भव भएसम्मको पूर्णरूपमा समाजमा समाहित हुने र निजको व्यक्तिगत विकास हुने तवरबाट शिक्षा, प्रशिक्षण, स्वास्थ्य, स्याहार सेवाहरू, पुनःस्थापना सेवाहरू, रोजगारीको तयारी र मनोरञ्जनका अवसरहरू निजको प्रभावकारी पहुँचमा हुने र निजले

प्राप्त गर्ने कुरा सुनिश्चित गर्ने गरी त्यस्तो सहायताको व्यवस्था गरिनेछ।

४. पक्ष राष्ट्रहरूले पुनःस्थापनाको तरिका, शिक्षा र व्यवसायिक सेवाहरू सम्बन्धी सूचनाहरूको प्रसार गर्ने र सो उपरको पहुँच प्राप्त गर्ने लगायत अशक्त बालबालिकाको निवारक स्वास्थ्य स्याहार, औषधोपचार, मनोवैज्ञानिक र कार्यमूलक उपचारको क्षेत्रमा उपयुक्त जानकारीको आदान प्रदानलाई पक्ष राष्ट्रहरूलाई आफ्नो क्षमता र सीपमा सुधार गर्न र विकास अनुभवलाई विस्तार गर्न सबल बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय सहयोगको भावना अनुकूल प्रवर्द्धन गर्नेछन्। यस विषयमा, विकासशील देशहरूको आवश्यकतालाई विशेष रूपमा विचार गरिनेछ।

**सिड धारा** १४.२. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा ग्रामीण महिलाहरू ग्रामीण विकासमा सहभागी भएको र त्यसबाट लाभान्वित भएको सुनिश्चित गर्न ग्रामिण क्षेत्रका महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने र खासगरी त्यस्ता महिलालाई निम्नलिखित अधिकारहरू सुनिश्चित गर्नेछन्ः-

(क) सबै तहका विकास योजनाहरूको विस्तार र कार्यान्वयनमा सहभागी हुने अधिकार,

(ख) परिवार नियोजन सम्बन्धी सूचना, सल्लाह र सेवा लगायतका पर्याप्त स्वास्थ्य हेरचाह सुविधामा पहुँचको अधिकार,

(ग) सामाजिक सुरक्षा कार्यक्रमहरूबाट प्रत्यक्ष फाइदा लिने अधिकार,

(घ) उनीहरूको प्राविधिक दक्षता अभिवृद्धि गर्न कार्यमूलक साक्षरता लगायत सबै प्रकारका औपचारिक तथा अनौपचारिक तालिमहरू र शिक्षा एवम्, अन्य कुराका अतिरिक्त, सबै सामूदायिक तथा विस्तारित सेवाहरूको लाभ प्राप्त गर्ने अधिकार,

(ङ) रोजगारी वा स्वरोजगारी मार्फत आर्थिक अवसरहरूमा समान पहुँच प्राप्त गर्नको लागि स्वावलम्बी समूह तथा सहकारीहरू गठन गर्ने अधिकार,

(च) सम्पूर्ण सामुदायिक क्रियाकलापहरूमा भाग लिने अधिकार,

(छ) कृषि कर्जा तथा ऋण, बजार सुविधाहरू, उपयुक्त प्रविधि र भूमिमा समान व्यवहार, कृषिजन्य सुधार एवम् भूमिको पुनःव्यवस्था योजनामा पहुँच प्राप्त गर्ने अधिकार,

(ज) खासगरी आवास, सरसफाइ, विद्युत, खानेपानी, यातायात तथा सञ्चारका सम्बन्धमा पर्याप्त जीवनयापनका अवस्थाहरूको उपभोग गर्ने अधिकार।

**नेपालको संविधान, धारा ५१** (च) विकास सम्बन्धी नीति (६) विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिँदै आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने, (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति (१४) यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने,

## ११.३ प्राकृतिक प्रकोपबाट संरक्षणको अधिकार

**सिआरपिडी धारा ११ जोखिमका अवस्थाहरू तथा मानवीय सङ्कटहरू**

पक्ष राष्ट्रहरूले अन्तर्राष्ट्रियमानवीय कानून तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानून लगायत अन्तर्राष्ट्रिय कानूनहरू अन्तर्गतका जिम्मेवारीहरू अनुसार सशस्त्र द्वन्द्व, मानवीय सङ्कट तथा प्राकृतिक प्रकोपहरू घटेका अवस्थाहरू लगायत जोखिमका अन्य अवस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र सुरक्षा सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन्।

**नेपालको संविधान, धारा ५१** (छ) **प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति** (४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने, (५) जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संर्वद्धन र दिगो उपयोग गर्ने, (६) वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने, (७) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने, (८) वातावरण प्रदूषण गर्नेले सो वापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने, (९) प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने।

# लक्ष्य १२

## दिगो उपभोग तथा उत्पादन

१२.१ **स्वास्थ्यको अधिकार, सुरक्षित, स्वस्थ्य, स्वच्छ तथा दिगो वातावरण अधिकार समेत**

**यूडिएचआर, धारा २५.१.** प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्ततता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ ।

**आइसिएससिआर, धारा १२.१.** प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा निम्न कुराका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन्ः-

(क) शिशु मृत्युदर तथा शिशु मृत्यु घटाउने र बालकको स्वास्थ्य विकासको व्यवस्था,

(ख) वातावरणीय तथा औद्योगिक सरसफाइका सबै पक्षहरूको सुधार,

(ग) प्रकोप, महामारी, पेशागत र अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण,

(घ) बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना ।

**नेपालको संविधान, धारा ५१ (छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति** (२) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने, (३) नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने, (४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने, (५) जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने, (६) वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम

राख्ने, (७) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने, (८) वातावरण प्रदूषण गर्नेले सो वापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने,

### १२.२ प्रयाप्त खाध्य तथा सुरक्षित पिउने पानीको अधिकार

**यूडिएचआर धारा २५.१.** प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्ततता, विधवा, बुढेसकाल वा आफ्नो काबू बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ।

**आइसिएससिआर धारा** १२.१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन्। २. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा निम्न कुराका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन्ः-

(क) शिशु मृत्यु दर तथा शिशु मृत्यु घटाउने र बालकको स्वास्थ्य विकासको व्यवस्था,

(ख) वातावरणीय तथा औद्योगिक सरसफाइका सबै पक्षहरूको सुधार,

(ग) प्रकोप, महामारी, पेशागत र अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण,

(घ) बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना।

### १२.३ आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउने अधिकार

**आइसिसिपिआर, धारा** १.२. सम्पूर्ण जनताहरूले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानूनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै पनि दायित्वमा प्रतिकूल प्रभाव नपारी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्ने छन्। कुनै अवस्थामा पनि कुनै पनि जनतालाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन।

> **आइसिएससिआर, धारा** १.२. सम्पूर्ण जनताहरूले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानूनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै पनि दायित्वमा प्रतिकूल प्रभाव नपारी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन् । कुनै अवस्थामा पनि कुनै पनि जनतालाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन ।

**नेपालको संविधान, धारा ५१** (छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीतिः (१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने, (ञ) **सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति** (८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्ने ।

# लक्ष्य १३

## जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने

**१३.१ स्वास्थ्यको अधिकार, सुरक्षित, स्वस्थ्य, स्वच्छ तथा दिगो वातावरणिय अधिकार समेत**

**यूडिएचआर, धारा** २५.१. प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ।

**आइसिएससिआर, धारा** १२.१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन्।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा निम्न कुराका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन्ः-

(क) शिशु मृत्युदर तथा शिशु मृत्यु घटाउने र बालकको स्वास्थ्य विकासको व्यवस्था,

(ख) वातावरणीय तथा औद्योगिक सरसफाइका सबै पक्षहरूको सुधार,

(ग) प्रकोप, महामारी, पेशागत र अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण,

(घ) बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना।

**सिआरसी, धारा** २४.१. पक्ष राष्ट्रहरूले बालबालिकाको स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग तथा रोगको उपचार गर्न पाउने र स्वास्थ्यको पुर्नलाभ गर्न पाउने सुविधाको अधिकारलाई स्वीकार गर्छन्। कुनै पनि बालबालिका यस्तो स्वास्थ्य स्याहार सेवाहरू उपर पहुँच पाउने अधिकारबाट वञ्चित नभएको सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले प्रयत्न गर्नेछन्।

२. पक्ष राष्ट्रहरूले यस अधिकारको पूर्ण कार्यान्वयन अवलम्बन गर्नेछन् र विशेषतः निम्न कुराका लागि उपयुक्त उपायहरू ग्रहण गर्नेछन्ः-

(क) शिशु तथा बाल मृत्युदर घटाउने,

(ख) प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिँदै सम्पूर्ण बालबालिकालाई आवश्यक औषधोपचार सहयोग र स्वास्थ्य स्याहार उपलब्धता सुनिश्चित गर्ने,

(ग) वातावरणीय प्रदूषणबाट हुने खतरा र जोखिमहरूलाई ध्यानमा राख्दै, प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र समेत रही, अन्य कुराको अतिरिक्त, सहज रूपमा उपलब्ध प्रविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपोषण विरुद्ध लड्ने,

(घ) आमाहरूको निम्ति पूर्व प्रसूति तथा प्रसूति पश्चातका उचित सेवाहरू सुनिश्चित गर्ने,

(ङ) समाजका सबै क्षेत्रहरू, खासगरी बाबुआमा र बालबालिकाहरू बाल स्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, सरसफाइ र वातावरणीय स्वच्छताका फाइदाहरू र दुर्घटनाहरूको रोकथामबारे जानकारी दिइएको, तत्सम्बन्धी शिक्षामा निजहरूको पहुँच भएको वा यस कार्यमा सहयोग पुऱ्याइएको कुरा सुनिश्चित गर्ने,

(च) बाबुआमाको लागि निरोधक स्वास्थ्य स्याहार, सरसल्लाह र परिवार नियोजन शिक्षा र सेवाहरूको विकास गर्ने ।

३. पक्ष राष्ट्रहरूले बालबालिकाको स्वास्थ्यलाई हानी पुऱ्याउने खालका परम्परागत व्यवहारहरूको उन्मूलन गर्ने उद्देश्यले सम्पूर्ण प्रभावकारी र समुचित उपायहरू अपनाउने छन् ।

४. पक्ष राष्ट्रहरू यस धारामा मान्यता दिइएको अधिकारको पूर्ण प्राप्ति प्रगतिशील रूपमा हासिल गर्न अन्तर्राष्ट्रिय सहयोगलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने प्रतिज्ञा गर्छन् । यस विषयमा, विकासशील देशका आवश्यकताहरूलाई विशेष रूपमा विचार गरिनेछ ।

**सिड धारा १२**

१. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा परिवार नियोजनसँग सम्बन्धित सेवाहरू लगायत स्वास्थ्य स्याहार सेवाहरूमा पहुँच सुनिश्चित गर्न स्वास्थ्य सेवाको क्षेत्रमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

२. यस धाराको प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्ष राष्ट्रहरूले महिलालाई गर्भवती, प्रसूति र प्रसूति पश्चातको अवधिमा उपयुक्त सेवाहरू र आवश्यक भएका वखत निशुल्क सेवा एवम् गर्भवती र दुध खुवाउने अवधिमा पर्याप्त पोषण समेत उपलब्ध भएको सुनिश्चित गर्नेछन् ।

**नेपालको संविधान, धारा ५१ (छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संर्वद्धन र उपयोगसम्बन्धी नीतिः** (१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संर्वद्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने, (२) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने, (३) नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने, (४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने, (५) जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संर्वद्धन र दिगो उपयोग गर्ने, (६) वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने, (७) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने, (८) वातावरण प्रदूषण गर्नेले सो वापत दायित्व व्यहोर्नु पर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने,

## १३.२ पर्याप्त खाना तथा सुरक्षित पिउने पानीको अधिकार

**यूडिएचआर, धारा २५.१.** प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्ततता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ ।

**आइसिएससिआर** धारा ११.१ प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको

पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयम् र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् । पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले व्यक्तिगत रूपमा अन्तर्राष्ट्रिय सहयोग मार्फत निम्न कुराका लागि आवश्यक विशेष कार्यक्रम र उपायहरू अवलम्बन गर्नेछन्ः-

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरूको विकास र सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चयतथा वितरणको तरिकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुवैका समस्याहरूलाई ध्यान दिँदै आवश्यकता अनुरूप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने ।

### १३.३ आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउने अधिकार

**आइसिसिपिआर, धारा** १.२. सम्पूर्ण जनताहरूले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानूनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै पनि दायित्वमा प्रतिकूल प्रभाव नपारी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्ने छन् । कुनै अवस्थामा पनि कुनै पनि जनतालाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन ।

**आइसिएससिआर, धारा** १.२.सम्पूर्ण जनताहरूले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानूनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै पनि दायित्वमा प्रतिकूल प्रभाव नपारी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन् । कुनै अवस्थामा पनि कुनै पनि जनतालाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन ।



# लक्ष्य १४

## दिगो विकासका लागि
## महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको
## दिगो प्रयोग र संरक्षण गर्ने

# दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको दिगो प्रयोग र संरक्षण गर्ने[३]

---

३ *लक्ष्य १४ लाई नेपालले प्रविवद्धता जनाएको छैन।*



# लक्ष्य १५

स्थलीय पर्यावरणको संरक्षण,
पुन:स्थापना र दिगो व्यवस्थापन गर्ने,
मरुभूमिकरण र भूक्षय
रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने,

**१५.१ स्थलीय र जलचर पारिस्थितिकीय प्रणाली र त्यसका सेवाहरू, खासगरी जङ्गल, सिमसार, हिमाल तथा सुख्खा भूमिको सुरक्षा, पुनःस्थापना तथा दिगो प्रयोगको अधिकार**

**आइसिसिपिआर, धारा** १.२. सम्पूर्ण जनताहरूले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानूनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै पनि दायित्वमा प्रतिकूल प्रभाव नपारी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्ने छन् । कुनै अवस्थामा पनि कुनै पनि जनतालाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन ।

**आइसिएससिआर**, धारा १.२. सम्पूर्ण जनताहरूले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानूनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै पनि दायित्वमा प्रतिकूल प्रभाव नपारी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन् । कुनै अवस्थामा पनि कुनै पनि जनतालाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन । धारा १२.१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा निम्न कुराका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन्ः-

(ख) वातावरणीय तथा औद्योगिक सरसफाइका सबै पक्षहरूको सुधार,

**यूएनड्रिप, धारा** २६.१ आदिवासी जनजातिसँग उनीहरूले परम्परादेखि नै आफ्नो स्वामित्वमा राखेको, कब्जा गरेको वा अन्य किसिमबाट प्रयोग गर्दै आएको वा हासिल गरेको भूमि क्षेत्र वा संसाधनहरूमाथिको अधिकार छ। २६.२ आदिवासी जनजातिसँग परम्परागत स्वामित्व वा अन्य परम्परागत कब्जा वा प्रयोगका कारण उनीहरूसँग रहेको तथा उनीहरूले अन्य किसिमबाट हासिल गरेको भूमि, क्षेत्र वा संसाधनहरूको स्वामित्व पाउने, तिनको विकास गर्ने, प्रयोग गर्ने तथा नियन्त्रण गर्ने अधिकार छ ।

**यूएनड्रिप, धारा** २९.१ आदिवासी जनजातिसँग उनीहरूको वातावरण तथा भूमि वा क्षेत्र, र संसाधनका उत्पादन क्षमताको संरक्षण तथा संरक्षण गर्ने अधिकार छ । यस्तो संरक्षण तथा संरक्षणका लागि राष्ट्रले विना कुनै भेदभाव आदिवासी जनजातिका लागि सहयोगका कार्यक्रम तयार गरी कार्यान्वयन गर्नेछ। २ आदिवासी जनजातिका स्वतन्त्र, पूर्व तथा सूचित सहमतिविना उनीहरू भूमि, वा क्षेत्रमा जोखिमयुक्त पदार्थहरूको भण्डारण वा विसर्जन गरिनेछैन भन्ने कुरा सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपायहरू अबलम्बन गर्नेछन् ।

**नेपालको संविधान, धारा ३०. स्वच्छ वातावरणको हक** (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ। (२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदूषकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। (३) राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकास बिच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन।

**नेपालको संविधान, धारा ५१** (छ) **प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीतिः** (१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने, (२) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने, (३) नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने, (४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने, (५) जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने, (६) वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने,

१५.२ **मरुभूमिकरण विरुद्ध लड्ने र खडेरी तथा बाढीप्रभावित भूमिलगायत अन्य भूमि तथा माटोमा आएको ह्रासलाई सुधार गरी पहिलेकै अवस्थामा पुऱ्याउने र भूमिह्रास तटस्थ गर्दै प्रकोप व्यवस्थापन,**

**आइसिसिपिआर, धारा** १.२. सम्पूर्ण जनताहरूले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानूनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै पनि दायित्वमा प्रतिकूल प्रभाव नपारी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्ने छन्। कुनै अवस्थामा पनि कुनै पनि जनतालाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन।

**आइसिएससिआर, धारा** १.२. सम्पूर्ण जनताहरूले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानूनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै पनि दायित्वमा प्रतिकूल प्रभाव नपारी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक सम्पत्ति

र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन् । कुनै अवस्थामा पनि कुनै पनि जनतालाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन । धारा १२.१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा निम्न कुराका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन्ः

(ख) वातावरणीय तथा औद्योगिक सरसफाइका सबै पक्षहरूको सुधार,

**यूएनड्रिप धारा** २६.१ आदिवासी जनजातिसँग उनीहरूले परम्परादेखि नै आफ्नो स्वामित्वमा राखेको, कब्जा गरेको वा अन्य किसिमबाट प्रयोग गर्दै आएको वा हासिल गरेको भूमि क्षेत्र वा संसाधनहरूमाथिको अधिकार छ। २६.२ आदिवासी जनजातिसँग परम्परागत स्वामित्व वा अन्य परम्परागत कब्जा वा प्रयोगका कारण उनीहरूसँग रहेको तथा उनीहरूले अन्य किसिमबाट हासिल गरेको भूमि, क्षेत्र वा संसाधनहरूको स्वामित्व पाउने, तिनको विकास गर्ने, प्रयोग गर्ने तथा नियन्त्रण गर्ने अधिकार छ।

**यूएनड्रिप धारा** २९.१ आदिवासी जनजातिसँग उनीहरूको वातावरण तथा भूमि वा क्षेत्र, र संसाधनका उत्पादन क्षमताको संरक्षण तथा संरक्षण गर्ने अधिकार छ। यस्तो संरक्षण तथा संरक्षणका लागि राष्ट्रले विना कुनै भेदभाव आदिवासी जनजातिका लागि सहयोगका कार्यक्रम तयार गरी कार्यान्वयन गर्नेछ। २ आदिवासी जनजातिका स्वतन्त्र, पुर्व तथा सूचित सहमतीविना उनीहरू भूमि, वा क्षेत्रमा जोखिमयुक्त पदार्थहरूको भण्डारण वा विसर्जन गरिनेछैन भन्ने कुरा सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् ।

**नेपालको संविधान, धारा ५१** (छ) **प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति** ४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने, (७) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने, (८) वातावरण प्रदूषण गर्नेले सो वापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने, (९) प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने, (**ज**) **नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति** (११) अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने,



## लक्ष्य १६

दिगो विकासको लागि शान्तिपूर्ण र
समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा
पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी,
जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने

१६.१ **व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार (यातनाबाट मुक्ति समेत)**

**युडिएचआर, धारा ३** प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ। धारा ५ कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिईने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन।

**आईसिसिपिआर, धारा** ६.१. प्रत्येक व्यक्तिलाई जीवनको अन्तरनिहित अधिकार छ। कानूनद्वारा यस अधिकारको संरक्षण गरिनेछ। स्वेच्छाचारी रूपले कसैको पनि जीवन हरण गरिने छैन। **धारा ७** कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन। खासगरी, कसैलाई पनि निजको स्वतन्त्र मञ्जुरीविना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन। **धारा** ९.१. प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ। कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न पाइने छैन। कानूनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन।

**क्याट, धारा** २.१. प्रत्येक पक्ष राष्ट्रले आफ्नो अधिकारक्षेत्र अन्तर्गतको कुनै पनि इलाकामा यातनाका कार्यहरूमा रोक लगाउन प्रभावकारी कानूनी, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अवलम्बन गर्नेछ। २. युद्धको स्थिति वा युद्धको धम्की वा आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक सङ्कटकाल जस्ता कुनै पनि अपवादजनक परिस्थितिहरूलाई यातनाको औचित्यता पुष्टि गर्न उपयोग गर्न सकिने छैन। ३. माथिल्लो तहको अधिकारी वा सार्वजनिक निकायको आदेशलाई यातनाको औचित्यता पुष्टि गर्न उपयोग गर्न सकिने छैन।

**सिआरसी, धारा ३७ पक्ष राष्ट्रहरूले देहायका कुराहरू सुनिश्चित गर्नेछन्**

(क) कुनै पनि बालबालिकालाई यातना दिइने वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन। न त अठार वर्षभन्दा कम उमेरका व्यक्तिहरूद्वारा गरिएका कसूरहरूका लागि मृत्यूदण्डको सजाय वा रिहाई पाउने सम्भावना विनाको आजीवन कारावासको सजाय नै दिइनेछ,

**नेपालको संविधान, धारा १७. स्वतन्त्रताको हक** (१) कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन। (२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछः- (क) विचार र अभिव्यक्तिको स्वतन्त्रता, (ख) विनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, (ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता, (घ) सङ्घ र संस्था खोल्ने स्वतन्त्रता, (ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, (च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार

तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता ।

**धारा २२ यातना विरुद्धको हक** (१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । (२) उपधारा (१) बमोजिमको कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**धारा २३ निवारक नजरबन्द विरुद्धको हक** (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन । (२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानूनबमोजिम तत्काल जानकारी दिनु पर्नेछ । तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन । (३) निवारक नजरबन्दमा राख्ने अधिकारीले कानून विपरित वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

## १६.२ सबै प्रकारका हिंसा, दुर्व्यवहार तथा शोषण (बेचबिखन समेत)बाट बालबालिकाको संरक्षण

**सिआरसी, धारा** १९.१. बाबुआमा, कानूनी संरक्षक वा अन्य बालबालिकाको हेरचाह गर्ने व्यक्तिको हेरचाहमा रहेको अवस्थामा बालबालिकालाई सबै किसिमको शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा वा उपेक्षित व्यवहार, दुर्व्यवहार वा शोषण, यौन दुर्व्यवहार समेतबाट बालबालिकालाई संरक्षण गर्न पक्ष राष्ट्रहरूले सबै समुचित कानूनी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउनेछन् ।

२. यस्ता संरक्षणात्मक उपायहरूमा, उचित भए अनुसार बालबालिकालाई तथा बालबालिकाको हेरचाह गर्ने व्यक्तिहरूलाई आवश्यक सहायता उपलब्ध गराउन सामाजिक कार्यक्रमहरूको स्थापनाको लागि एवम् अन्य किसिमको रोकथामका लागि तथा माथि उल्लिखित बालबालिका दुर्व्यबहारका घटनाहरूको पहिचान, जाहेरी, प्रेषण, अनुसन्धान, व्यवहार वा अनुगमनका लागि र उपयुक्त भएको अवस्थामा न्यायिक संलग्नताका लागि प्रभावकारी कार्यविधिहरू समेत समावेश हुनेछन् ।

**सिआरसी, धारा** ३४ पक्ष राष्ट्रहरूले बालबालिकालाई सबै खालको यौन शोषण र यौन दुर्व्यबहारबाट संरक्षण गर्ने प्रतिज्ञा गर्छन् । यस प्रयोजनका लागि, पक्ष राष्ट्रहरूले खासगरी निम्न कुराहरूमा रोक लगाउन सबै समुचित राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय

उपायहरू अपनाउनेछन् ः-

(क) कुनै पनि गैरकानूनी यौनजन्य क्रियाकलापमा लाग्न बालबालिकालाई उक्साउने वा करकापमा पार्ने,

(ख) वेश्यावृत्ति र अन्य गैरकानूनी यौन व्यवहारहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग,

(ग) अश्लील चित्रणको कार्यमा र सामग्रीहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग ।

**सिआरसी, धारा ३६** पक्ष राष्ट्रहरूले बालबालिकाको हितका कुनै पनि पक्षलाई प्रतिकूल प्रभाव पार्ने सबै प्रकारका शोषणबाट बालबालिकालाई संरक्षण गर्नेछन् ।

**सिआरसी, धारा ३७** पक्ष राष्ट्रहरूले देहायका कुराहरू सुनिश्चित गर्नेछन् (क) कुनै पनि बालबालिकालाई यातना दिइने वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन । न त अठार वर्ष भन्दा कम उमेरका व्यक्तिहरूद्वारा गरिएका कसूरहरूका लागि मृत्यूदण्डको सजाय वा रिहाई पाउने सम्भावना विनाको आजीवन कारावासको सजायँ नै दिइनेछ,

**सिआरसीको स्वेच्छिक आलेख नं.** १

**नेपालको संविधान, धारा ३९ बालबालिकाको हक** (५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन । (६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन । (७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

### १६.३ न्यायमा पहुँच तथा कानूनी प्रक्रिया due process को अधिकार

**यूडिएचआर धारा ८** प्रत्येक व्यक्तिलाई संविधान वा कानूनद्वारा प्रद्धत मौलिक अधिकारहरूको उल्लघङ्न गर्ने कार्यहरू विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकारणहरूबाट प्रभावकारी उपचार पाउने अधिकार हुनेछ ।

**यूडिएचआर, धारा १०** कुनै पनि व्यक्ति उपर लगाईएको फौजदारी अभियोगको र

निजको अधिकार तथा दायित्वको निरोपण गर्दा स्वतन्त्र र सक्षम न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गरी पाउने पूर्ण समानताको हक त्यस्तो व्यक्तिलाई हुनेछ।

**आइसिसिपिआर**, २.३. प्रस्तुत प्रतिज्ञापत्रको प्रत्येक पक्ष राष्ट्रले निम्न कुराको प्रतिज्ञा गर्दछः-

(क) सरकारी हैसियतमा काम गर्ने व्यक्तिहरूबाटै उल्लङ्घन भएको भए तापनि प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकार गरिएका आफ्ना अधिकार तथा स्वतन्त्रताहरू उल्लङ्घन भएको कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने,

(ख) त्यस्तो उपचार दावी गर्ने कुनै पनि व्यक्तिको अधिकार सक्षम न्यायिक, प्रशासनिक वा व्यवस्थापकीय अधिकारीहरू वा सो राष्ट्रको कानून प्रणालीबाट व्यवस्था गरिएका अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारण गरी पाउने कुरा सुनिश्चित गर्ने र न्यायिक उपचारका सम्भावनाहरूको विकास गर्ने,

(ग) उपचारहरू प्रदान गरिएमा सक्षम अधिकारीहरूले त्यस्ता उपचारहरू लागू गर्ने कुरा सुनिश्चित गर्ने।

**आइसिसिपिआर**, **धारा** १४.१. सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणको अगाडि समान हुनेछन्। कुनै व्यक्ति विरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा निजलाई कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गराई पाउने अधिकार हुनेछ। प्रजातान्त्रिक समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाको कारणले वा पक्षहरूको व्यक्तिगत जीवनको हितमा त्यसो गर्नु पर्ने भएमा वा विशेष परिस्थितिमा सार्वजनिक गर्दा न्यायको हितमा प्रतिकूल प्रभाव पर्न सक्छ भन्ने कुरा अदालतलाई लागेमा अत्यावश्यक भएको हदसम्म सम्पूर्ण सुनुवाई वा त्यसको कुनै अंशमा पत्रकार प्रेस तथा जनताको प्रवेशमा रोक लगाउन सकिनेछ। तर किशोरहरूको हितको रक्षा गर्न अन्यथा गर्नुपर्ने भएको वा कारबाहीहरू वैवाहिक विवाद वा बालबालिकाको संरक्षकत्वसँग सम्बन्धित भएको अवस्थामा बाहेक कुनै पनि फौजदारी मुद्दामा वा कानूनी मुद्दामा गरिएका फैसलाहरू भने सार्वजनिक गरिनेछ।

२. फौजदारी कसूरको आरोप लागेका प्रत्येक व्यक्तिलाई कानूनबमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरिपाउने अधिकार हुनेछ।

३. प्रत्येक व्यक्ति विरुद्धको कुनै पनि फौजदारी अभियोग निर्धारण गर्दा निजलाई पूर्ण समानताका आधारमा देहाय बमोजिमका न्यूनतम प्रत्याभूतिहरू पाउने अधिकार हुनेछः-

(क) आफू विरुद्धको अभियोगको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त र विस्तृत रूपमा जानकारी पाउने,

(ख) आफ्नो प्रतिरक्षा तयार गर्नका लागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको कानून ब्यवसायीसँग कुराकानी गर्न पाउने,

(ग) अनुचित विलम्वविना सुनुवाई गरी पाउने ।

(घ) आफ्नो उपस्थितिमा सुनुवाई हुने, तथा आफू स्वयंले वा आफूले रोजेको कानूनी सहायता मार्फत प्रतिरक्षा गर्ने, कानूनी सहायता नभएको अवस्थामा यस अधिकारको जानकारी पाउने, न्यायको हितमा निजलाई कानूनी सहायता आवश्यक भएको अवस्थामा र निजसँग सोको लागि भुक्तानी गर्न पर्याप्त साधन नभएको खण्डमा कुनै त्यस्तो मुद्दामा निजबाट कुनै भुक्तानी नहुँदा पनि कानूनी सहायता पाउने,

(ङ) आफू विरुद्धका साक्षीहरू परीक्षण गर्ने वा परीक्षण गरि पाउने, र आफू विरुद्धका साक्षीहरूकै जस्तो समान अवस्थाहरूमा आफ्नो तर्फका साक्षीहरूको उपस्थिति र परीक्षण प्राप्त गर्ने,

(च) आफूले अदालतमा प्रयोग गरिने भाषा बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको निःशुल्क सेवा पाउने,

(छ) आफ्नो विरुद्ध प्रमाण दिन वा अपराध स्वीकार गर्न बाध्य गराउन नपाउने,

४. किशोर किशोरीहरूको हकमा निजहरूको उमेर तथा पुनःस्थापना प्रवर्द्धन गर्ने वाञ्छनीयतालाई मध्यनजर राख्ने किसिमका कार्यविधिहरूको व्यवस्था हुनेछन् ।

५. अपराधमा सजाय पाएका प्रत्येक व्यक्तिलाई कानूनबमोजिम कुनै उच्च न्यायाधिकरणबाट आफ्नो सजाय तथा दण्ड पुनरावलोकन गराई पाउने अधिकार हुनेछ ।

६. अन्तिम निर्णयबाट कुनै व्यक्तिले फौजदारी कसूरमा सजाय पाएको र पछि

गएर नयाँ वा हालै पत्ता लागेको तथ्यबाट बेइन्साफ भएको कुरा निर्विवाद रूपमा पुष्टि भएको भन्ने आधारमा निजको सजाय उल्टाइएको वा निजलाई माफी दिईएको अवस्थामा पूर्ण वा आंशिक रूपमा निजको कारणबाट अज्ञात तथ्यहरू समयमै पत्ता लाग्न नसकेको कुरा प्रमाणित भएकोमा बाहेक, त्यस्तो सजायको परिणाम स्वरूप दण्ड सजाय भोगेको त्यस्तो व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति दिईनेछ।

७. कुनै पनि व्यक्तिलाई कुनै कसूरमा प्रत्येक देशको कानून र दण्ड कार्यविधि अनुसार अन्तिम सजाय दिई सकेपछि वा सोबाट निजले छुटकारा पाइसकेपछि सोही कसूरमा निज विरुद्ध पुनः मुद्दा चलाउन वा निजलाई दण्ड दिन पाईने छैन

**आइसिसिपिआर, धारा १५.१.** कुनै कार्य वा त्रुटी गर्दाका बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानून अन्तर्गत त्यस्तो कार्य वा त्रुटी फौजदारी कसूर नहुने भएमा कुनै पनि व्यक्तिलाई त्यस्तो कार्य वा त्रुटीका लागि कुनै पनि फौजदारी कसूरको दोषी बनाइने छैन न त फौजदारी कसूर गर्दाका बखत प्रचलित सजाय भन्दा बढी सजाय नै गरिनेछ। कसूर गरेको समय पछि कानूनद्वारा कम सजायको व्यवस्था गरिएकोमा कसूरदारलाई सोको फाइदा प्राप्त हुनेछ।

२. राष्ट्रहरूको समुदायबाट स्वीकृत कानूनका सामान्य सिद्धान्त अनुसार कुनै कार्य वा त्रुटी गर्दाको समयमा अपराध मानिने त्रुटी वा कार्यका लागि कुनै व्यक्तिको सुनुवाई वा सजायलाई यस धारामा उल्लिखित कुनै पनि कुराले प्रतिकूल प्रभाव पार्ने छैन।

**सिड, धारा** २ पक्ष राष्ट्रहरू महिला विरुद्धका सबै प्रकारका भेदभावलाई निन्दा गर्दै सबै उपयुक्त उपायहरू अपनाई र विना ढिलाई महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने नीति अवलम्बन गर्न मन्जुर गर्दछन् र यस उद्देश्यका लागि देहायका काम गर्न कबुल गर्दछन् (ग) पुरुष सरह समान आधारमा महिलाका अधिकारहरूको कानूनी संरक्षणको व्यवस्था गर्ने तथा सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य सार्वजनिक संस्थाहरू मार्फत भेदभावको कुनै पनि कार्य विरुद्धमहिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने,

**नेपालको संविधान, धारा २० न्यायसम्बन्धी हक** (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन। (२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ। तर शत्रु

देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन । स्पष्टीकरणः यस उपधाराको प्रयोजनका लागि “कानून व्यवसायी” भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्झनु पर्छ। (३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन। तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन। (४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन । (५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन। (६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन। (७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन। (८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ। (९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ। (१०) असमर्थ पक्षलाई कानूनबमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ।

## १६.४ कानूनी व्यक्तिको हैसियतको अधिकार

**यूडिएचआर, धारा ६** कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई सर्वत्र व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुने छ।

**आइसिसिपिआर, धारा १६** प्रत्येक व्यक्तिलाई सबै ठाउँमा कानूनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ।

**सिआरपिडि, धारा १२ कानूनको अगाडि समान मान्यता**

१. पक्ष राष्ट्रहरू अपाङ्गता भएका व्यक्तिहरूलाई कानूनको अगाडि व्यक्तिको रूपमा सर्वत्र मान्यता पाउने अधिकार भएको पुनः पुष्टि गर्छन्।

२. अन्य व्यक्तिहरू सरह समान आधारमा जीवनका सबै पक्षहरूमा अपाङ्गता भएका व्यक्तिहरूले कानूनी क्षमता उपभोग गर्छन् भनी पक्ष राष्ट्रहरूले स्वीकार गर्नेछन्।

३. अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो कानूनी क्षमता प्रयोग गर्न आवश्यक

पर्ने सहयोगमा पहुँच प्रदान गर्न पक्ष राष्ट्रहरूले उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

४. पक्ष राष्ट्रहरूले कानूनी क्षमताको प्रयोगसँग सम्बन्धित सम्पूर्ण उपायहरू अन्तर्राष्ट्रिय मानव अधिकार कानूनबमोजिम उल्लङ्घन रोक्न उपयुक्त र प्रभावकारी सुरक्षाहरू भएको सुनिश्चित गर्नेछन् । त्यस्ता सुरक्षाहरूले कानूनी क्षमताको प्रयोगसँग सम्बन्धित सम्पूर्ण उपायहरूले व्यक्तिहरूको अधिकार इच्छा र चाहनाहरूको सम्मान गर्ने, स्वार्थहरूको द्वन्द्व र अनुचित प्रभावबाट मुक्त भएको, समानुपातिक तथा व्यक्तिको अवस्थाहरू अनुरूप भएको, सम्भव भएसम्म कम समयको लागि प्रयोग हुने तथा सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारी वा न्यायिक निकायबाट पुनरावलोकनका भागीदार भएको सुनिश्चित गर्नेछन् । त्यस्ता सुरक्षाहरू व्यक्तिको अधिकार तथा स्वार्थहरूलाई प्रभाव पारेको उपायहरूको मात्रा अनुसार समानुपातिक हुनेछन् ।

५. यस धाराको अधिनमा रही पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सम्पति स्वामित्वमा लिने, अपुताली पाउने, आफ्नो आर्थिक कारोबारहरू आफैले नियन्त्रण गर्ने र बैंक ऋण, धितो बन्धक तथा अन्य प्रकारका वित्तीय ऋणमा समान पहुँच सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त र प्रभावकारी उपायहरू अवलम्बन गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरू आफ्नो सम्पत्तिबाट स्वेच्छाचारी ढङ्गमा वञ्चित नगरिएको सुनिश्चित गर्नेछन् ।

**नेपालको संविधान, धारा १८ समानताको हक** (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । (२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । (३) राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । **धारा ४२** सामाजिक न्यायको हक (३) अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

### १६.५ सार्वजनिक क्रियाकलापमा भाग लिन पाउने अधिकार

**यूडिएचआर, धारा २१**

१. प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपले छानिएका प्रतिनिधिहरू मार्फत आफ्नो देशको सरकारमा भाग लिन पाउनेअधिकार छ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा समान पहुँच पाउने अधिकार छ।

३. जनताको इच्छा नै सरकारको अख्तियारीको आधार हुनेछ । यो इच्छा विश्वव्यापी र समान मताधिकारद्वारा हुने आवधिक र निष्पक्ष निर्वाचनहरूद्वारा अभिव्यक्त गरिनेछ र यस्तो निर्वाचन गोप्य मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रकृयाहरूबाट सम्पन्न हुनेछ।

**आइसिसिपिआर, धारा २५** प्रत्येक नागरिकलाई धारा २ मा उल्लेख गरिएका कुनै पनि भेदभाव विना तथा अनुचित प्रतिवन्धहरू विना देहायको कुराको अधिकार तथा अवसर प्राप्त हुनेछः-

(क) प्रत्यक्ष रूपमा वा स्वतन्त्र रूपमा छानिएका प्रतिनिधिहरू मार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिने,

(ख) सर्वव्यापी तथा समान मताधिकारबाट र गोप्य मतदानबाट मतदाताहरूको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने स्वच्छ आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने,

(ग) आफ्नो देशमा समानताका सामान्य शर्तहरूमा सार्वजनिक सेवामा पहुँचप्राप्त गर्ने।

**नेपालको संविधान, धारा ३८ महिलाको हक** (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। **धारा ४२. सामाजिक न्यायको हक** (१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ। (२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र

सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ। (३) अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ। **धारा ४० दलितको हक** (१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ।

## १६.६ सूचनामा पहुँचको अधिकार

**यूडिएचआर, धारा** १९ प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ । यस अधिकारमा विनाहस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने स्वतन्त्रता, सीमानाको बन्देजविना कुनै पनि माध्यम मार्फत सूचना र विचारहरू प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रता समेत समावेश हुनेछ।

**आइसिसिपिआर, धारा** १९.१. प्रत्येक व्यक्तिलाई विना हस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने अधिकार हुनेछ। २. प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ। सीमाको बन्देज विना, मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा निजको आफ्नो छनोटको अन्य कुनै माध्यम मार्फत सबै किसिमका सूचना र विचारहरू प्राप्त गर्ने तथा दिने स्वतन्त्रता समेत यस अधिकारमा समावेश हुनेछन्।

**नेपालको संविधान, धारा १७. स्वतन्त्रताको हक** (२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता, **धारा १९. सञ्चारको हक** (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय इकाइ बिचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्मवा सम्प्रदाय बिचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवम् लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन।

**धारा २७. सूचनाको हक** प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानूनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन । **धारा २८. गोपनीयताको हक** कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ ।

# लक्ष्य १७

## दिगो विकासका लागि
## विश्वव्यापी साझेदारी सशक्त बनाउने र
## कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने

## १७.१ सम्पूर्ण जनताको आत्म निर्णयको अधिकार

**आइसिसिपिआर, धारा** १.१. सम्पूर्ण जनताहरूलाई आत्मनिर्णयको अधिकार छ। त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो राजनैतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिकविकासमा लाग्दछन् ।

**आइसिएससिआर, धारा** १.१. सम्पूर्ण जनताहरूलाई आत्मनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो राजनैतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिकविकासमा लाग्दछन् ।

**नेपालको संविधान, धारा २६ धार्मिक स्वतन्त्रताको हकः** (१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ। (२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ। **धारा ३१. शिक्षासम्बन्धी हक** (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ। **धारा ३२. भाषा तथा संस्कृतिको हकः** (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ। (२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ। (३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धनर संरक्षण गर्ने हक हुनेछ। **धारा ४२. सामाजिक न्यायको हक** (४) प्रत्येक किसानलाई कानूनबमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बिउ बिजन र कृषि प्रजातिको छनोट र संरक्षणको हक हुनेछ।

## १७.२ सबै जनताको विकासको अधिकार र अन्तर्राष्ट्रिय सहायता

**यूडिएचआर,** धारा २८ प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरू पूर्ण रूपले प्राप्त गर्न सकिने सामाजिक र अन्तर्राष्ट्रिय व्यबस्थाको अधिकार छ।

**आइसिएससिआर, धारा** २.१. प्रस्तुत प्रतिज्ञापत्रका प्रत्येक पक्ष राष्ट्रले व्यक्तिगत रूपमा तथा अन्तर्राष्ट्रिय सहयोग र सहायता, विशेष गरी आर्थिक तथा प्राबिधिक सहयोग मार्फत आफ्ना उपलब्ध स्रोतहरूको अधिकतम मात्रामा उपयोग गरी मूलत कानूनी उपायहरूको अवलम्बन समेत सम्पूर्ण समुचित उपायहरूबाट प्रस्तुत प्रतिज्ञापत्रमा

स्वीकृत अधिकारहरू प्रगतिशील रूपमा प्राप्त गर्दै जाने उद्देश्यले कदमहरू चाल्ने प्रतिज्ञा गर्दछ ।

**सिआरसी धारा ४** पक्ष राष्ट्रहरूले प्रस्तुत महासन्धिमा स्वीकार गरिएका अधिकार हरूको कार्यान्वयनका लागि सबै समुचित कानूनी, प्रशासनिक र अन्य उपायहरू अपनाउनेछन् । आर्थिक, सामाजिक र सांस्कृतिकअधिकारहरूको सम्बन्धमा पक्ष राष्ट्रहरूले आ-आफ्ना उपलब्ध स्रोतहरूले भ्याएको अधिकतम हदसम्म र आवश्यक भएको अवस्थामा अन्तर्राष्ट्रिय सहयोगको संरचनाभित्र यस्ता उपायहरू अपनाउने छन् ।

**सिआरपिडी धारा ३२ अन्तर्राष्ट्रिय सहयोग**

१. पक्ष राष्ट्रहरूले यस महासन्धिका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि राष्ट्रय प्रयासहरूको समर्थनमा अन्तर्राष्ट्रियसहयोग र यसको प्रवर्द्धनको महत्वलाई स्वीकार गर्छन तथा यस सम्बन्धमा उपयुक्ततानुसार राष्ट्रहरू बिच तथा सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनसँगको साझेदारीमा उपयुक्त र प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् । त्यस्ता उपायहरूमा अरु कुराहरूको अतिरिक्त देहायका कुराहरू समेत समावेश हुन सक्नेछन् :-

   क) अन्तर्राष्ट्रिय विकास कार्यक्रम लगायतका अन्तर्राष्ट्रिय सहयोग कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने तथा निजहरूको लागि पहुँचयोग्य भएको सुनिश्चित गर्ने;

   ख) सूचना, अनुभव, प्रशिक्षण कार्यक्रम तथा सर्वोत्तम अभ्यासहरूको आदानप्रदान तथा हिस्सादारी समेतको माध्यमबाट सक्षमता विकासलाई सहज बनाउने तथा समर्थन गर्ने;

   ग) अनुसन्धान तथा वैज्ञानिक र प्राविधिक ज्ञानको पहुँचमा सहयोग सहज बनाउने;

   घ) पहुँचयोग्य तथा सहयोगात्मक प्रविधिहरूमा पहुँच र हिस्सेदारीद्वारा तथा प्रविधि हस्तान्तरण मार्फत उपयक्तताअनुसार प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने;

२. यस धाराका व्यवस्थाहरूले प्रस्तुत महासन्धि अन्तर्गत प्रत्येक पक्ष राष्ट्रले वहन गर्नुपर्ने दायित्वमा प्रतिकूल प्रभाव पार्ने छैनन् ।

**१७.३ वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने हरेक व्यक्तिको (वैज्ञानिक क्षेत्रमा अन्तर्राष्ट्रिय सहायता प्राप्ति समेत) अधिकार**

**यूडिएचआर, धारा** २७.१. प्रत्येक व्यक्तिलाई समुदायको सांस्कृतिकजीवनमा स्वतन्त्र रूपले सहभागी हुने, कला उपयोग गर्ने र वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने अधिकार हुनेछ।

**आइसिएससिआर, धारा** १५.१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको निम्न कुराको अधिकार स्वीकार गर्छनः

(क) सांस्कृतिक जीवनमा सहभागी हुने,

(ख) वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने,

(ग) आफू लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक तथा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणवाट फाइदा पाउने।

**१७.४ गोपनीयताको अधिकार**

**यूडिएचआर, धारा** १२ कुनै पनि व्यक्तिको गोपनियता, परिवार, घर वा पत्रचारमा स्वेच्छाचारी वा गैरकानूनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा तथा ख्यातीमा गैरकानूनी आक्रमण नै गरिने छ। प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमण विरुद्ध कानूनको संरक्षण पाउने अधिकार हुनेछ।

**आइसिसिपिआर, धारा** १७.१. कुनै पनि व्यक्तिको गोपनियता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा तथा ख्यातीमा गैर कानूनी आक्रमण नै गरिने छ।

**सिआरपिडि धारा ३१ तथ्याङ्क तथा आँकडा सङ्कलन**

१. यस महासन्धिलाई कार्यान्वयन गर्नका लागि नीति तर्जुमा तथा कार्यान्वयन गर्न आफूलाई सक्षम बनाउन पक्ष राष्ट्रहरूले तथ्याङ्क तथा अनुसन्धानात्मक आँकडा लगायतका उपयक्त सूचना सङ्कलनगर्ने कबूल गर्दछन्। त्यस्तो सूचना सङ्कलनगर्ने तथा राख्ने प्रक्रिया देहायबमोजिम हुनेछ :-

क) अपाङ्गता भएका व्यक्तिहरूको विश्वसनीयता र गोपनीयताका् सम्मान सुनिश्चित गर्न सूचना/तथ्याङ्क संरक्षण सम्बन्धी कानून लगायतका कानूनी रूपमा स्थापित सुरक्षा व्यवस्थाको पालना गर्ने;

ख)　आँकडाहरूको सङ्कलनतथा प्रयोगमा मानव अधिकार र आधारभूत स्वतन्त्रता संरक्षण गर्न अन्तर्राष्ट्रियरूपमा मान्य अन्य मापदण्ड र नैतिक नियमहरूको पालना गर्ने ।

**नेपालको संविधान धारा २८. गोपनीयताको हक** कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ ।

# अनुसूची १

# माराकेच घोषणापत्र

**नागरिकको भूमिकामा विस्तार तथा विशेषगरी महिलालाई केन्द्रित गरेर मानव अधिकार रक्षकहरूको प्रवर्द्धन र संरक्षणः राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिका**

१. राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल (गान्ह्री) को १३औ अन्तर्राष्ट्रिय सम्मेलन मोरक्कोको माराकेचमा १० देखि १२ अक्टोवर, २०१८ भएको थियो। यसको सहआयोजकको रूपमा गान्ह्री र राष्ट्रिय मानव अधिकार परिषद्, मोरक्को र उच्च संरक्षक मोरक्कोका राजा श्री ५ मोहम्मद ४ रहेका र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयको समेत सहयोग रहेको थियो । उक्त सम्मेलनको मुख्य विषय 'नागरिकको भूमिकामा विस्तार तथा विषेशगरी महिलालाई केन्द्रित गरेर मानव अधिकार रक्षकहरूको प्रवर्द्धन र संरक्षणः राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिका' रहेको थियो ।

२. उक्त सम्मेलनले मानव अधिकारको विश्वव्यापी घोषणापत्रको ७० औ वार्षिकोत्सव तथा संयुक्त राष्ट्रसङ्घको साधारण सभाले पेरिस सिद्धान्त ग्रहण गरेको २५ औ वर्ष, तथा राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल जसलाई हाल गान्ह्री भनिन्छ; यसको स्थापना तथा मानव अधिकार रक्षकहरूको घोषणापत्र जारी भएको २०औ वर्ष समेतलाई स्मरण गरेको थियो ।

३. राष्ट्रिय मानव अधिकार संस्थाहरूले राष्ट्रिय मानव अधिकार परिषद्, मोरक्कोलाई उत्कृष्ठ आयोजना तथा न्यानो आतिथ्यताका लागि आ-आफ्नो तर्फबाट कृतज्ञता ज्ञापन गरे । सम्मेलन अन्तर्रक्रियात्मक तथा उत्पादनमूलक छलफल र बहस तथा राष्ट्रिय मानव अधिकार संस्थाहरूको वृहत अनुभव र दृष्टिकोण तथा सबै क्षेत्रका साझेदारहरूको प्रतिविम्वनका साथ समृद्ध हुन सफल भएको थियो। १३औं अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने राष्ट्रिय मानव अधिकार संस्थाहरू घोषणा गर्दछन् ।

४. हामी मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा मानव अधिकारका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय तहमा लिखित दस्तावेजहरूमा व्यक्त गरिएका तथा भियना घोषणापत्र तथा कार्यक्रमले जोड दिएका अर्न्तनिहित मर्यादा, मानवका समान तथा अहरणीय अधिकारहरू, विश्वव्यापी र प्रभावकारी मानव अधिकार तथा आधारभुत स्वतन्त्रताको आवस्यकतालाई स्मरण गर्दछौं ।

५. सबै व्यक्तिका सबै मानव अधिकार तथा आधारभुत स्वतन्त्रता संरक्षण गर्ने प्राथमिक

उत्तरदायित्व तथा सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने दायित्व राज्यको रहेको, गैर राज्य पक्षबाट गरिएको सबै उल्लङ्घनबाट संरक्षण गर्न मानव अधिकारप्रति जिम्मेदार भएर सहि किसिमले निरन्तर दायित्व बहन गर्ने दायित्व रहेको छ। यसरी नै उल्लिखित मानव अधिकारका दस्तावेजहरू कार्यान्वयनको प्रगतिको राष्ट्रिय तथा अन्तर्राष्ट्रियतहमा प्रतिवेदन पेश गर्ने दायित्व रहेको छ।

६. हामी राष्ट्रहरूले दिगो विकासको २०३० एजेण्डाको अङ्गिकारलाई स्वागत गर्दै, यस सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय प्रणालीमा मानव अधिकार, विकास तथा शान्ति र सुरक्षा केन्द्रिकृत, अर्न्तसम्बन्धित तथा पारस्परिक रूपमा समपूरक खम्बाहरू रहेको कुरा स्मरण गर्न चाहन्छौ। हामी मेरिडा घोषणापत्रलाई स्मरण गर्दै, २०३० एजेण्डाको कार्यान्वयन मानव अधिकारमूखी र सबैको सहभागितामा, महिला तथा किशोरीहरूको सशक्तीकरणको माध्यमबाट समेत, हुनुपर्ने कुरामा जोड दिन्छौँ (लक्ष्य ५)। यसको साथै, यो पनि तथ्य हो कि, लक्ष्य १६ ले पेरिस सिद्धान्तमा आधारित स्वतन्त्र मानव अधिकार संस्थाको स्थापना पूर्वक शान्तपूर्वक तथा समावेशी समाज प्रवर्द्धनको सङ्केत हो (लक्ष्य १६)।

७. अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक सभा र सम्मेलन गर्ने स्वतन्त्रता, तथा सहभागिताको अधिकार समेत मानव अधिकार र आधारभुत स्वतन्त्रताले पूर्वक शान्तपूर्वक र समावेशी समाजको उदय तथा अस्तित्वमा निर्णायक भूमिका खेल्दछ किनकी यिनीहरू नै छलफल, बहुलवाद, सहिष्णुता जस्ता कुराहरूको माध्यम र सबैको मानव अधिकारको उपभोगका पूर्वअवस्थाहरू समेत हुन्।

८. हामी संयुक्त राष्ट्रसंघिय साधारण सभाले सन् १९९८ को डिसेम्बरमा जारी गरेको मानव अधिकार रक्षकहरूको घोषणापत्रको स्मरण गर्न चाहन्छौ जुन मानव अधिकार रक्षकहरूको अन्तर्राष्ट्रिय अधिकारहरूको रूपरेखा पनि हो।

९. मानव अधिकार रक्षकहरूको स्थानीय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा, मानव अधिकारको प्रत्याभूतिमा योगदान गर्ने सकारात्मक, महत्वपूर्ण तथा वैधानिक भूमिका रहेको छ, जसमा सरकारसँगको संलग्नतामा तथा यस सन्दर्भका राज्यका दायित्व र प्रतिवद्धताहरूको कार्यान्वयनको प्रयासमा योगदान गर्ने समेत।

१०. हामी मानव अधिकार रक्षकहरूको स्व-पहिचानको सिद्धान्तमा जोड दिन्छौँ। मानव अधिकार रक्षकहरूको घोषणापत्रले समाहित गरेका जोकोही व्यक्ति जसले मानव अधिकारको संवर्द्धन तथा संरक्षणमा कार्य गर्छ, जसमा पेशागत वा गैर पेशागत मानव अधिकारकर्मी, महिलाको अधिकार वा लैङ्गिक समानताको क्षेत्रमा कार्य गर्ने जोसुकै

पनि, जातीय, भाषिक, लैङ्गिक तथा धार्मिक अल्पसङ्ख्यकको अधिकारका क्षेत्रमा कार्य गर्ने जोसुकै पनि, अपाङ्गता भएका व्यक्तिहरू, वातावरण वा जमिनको विषयमा कार्यरत मानव अधिकार रक्षकहरू, आदिवासी जनजातिको अधिकारका क्षेत्रमा कार्य गर्ने जोसुकै, स्वयंसेवक, पत्रकार, वकिल, तथा जोसुकै कहिलेकाँही मात्र मानव अधिकारका क्रियाकलापमा संलग्न हुने जोसुकैलाई समाहित हुन्छन् ।

११. हामी सन् २०१३ को नोभेम्बरमा साधारण सभाले जारी गरेको महिला मानव अधिकर रक्षकहरूको सङ्कल्प प्रस्तावलाई स्मरण गर्न चाहन्छौ । हामी महिला मानव अधिकार रक्षकहरू जसले प्रायः बेवास्ता तथा उपेक्षा गरिएका मानव अधिकारका विषय उजागर गर्दै मानव अधिकारको संरक्षण र संवर्द्धनमा गरेको महत्वपूर्ण भूमिकालाई पुनः जोड दिन्छौ।

१२. हामी मानव अधिकार रक्षकहरूमाथि बढिरहेको शारीरिक आक्रमण विषेशगरीयौनजन्य हिंसा तथा हत्याका सम्बन्धमा प्रकाशित प्रतिवेदनका विषयमा गहिरो रूपमा चासो व्यक्त गर्दछौ ।

१३. हामी संसारभरि नागरिकहरूको भूमिकालाई खुम्च्याईको विषय र मानव अधिकार रक्षकले भोग्नु परेको धम्की, जोखिम तथा प्रतिशोधप्रति पनि चासो व्यक्त गर्दछौँ । यस्ता कुराहरू विचार र अभिव्यक्तिको स्वतन्त्रता, सभा तथा शान्तिपूर्ण सम्मेलन, र गोपनीयताको हकमा बन्देज लगाएर वा देवानी तथा फौजदारी कार्यविधिको स्वेच्छाचारी प्रयोग, अभियोजन, क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार, वा त्रास वा प्रतिशोधको माध्यमबाट हुनेगर्छ ।

१४. महिला मानव अधिकार रक्षक, जसले अन्य मानव अधिकार रक्षकको जस्तै जोखिम भोगिरहेका छन, उनीहरूले राज्य पक्षबाट मात्र होइन नीजि पक्षबाट समेत थप लैङ्गिक विशेष विभेद तथा हिंसा भोग्नुपर्छ । यस्ता कुराहरू त्रास, धम्की तथा यौनजन्य हिंसाका रूपमा देखिन्छन् । यस्ता घटना तिनीहरूले काम गर्ने संस्था, समाज र परिवारमा मात्र भोग्नुपर्ने होइन । उनीहरूले सामाजिक, राजनीतिक, सांस्कृतिक तथा धार्मिक अवरोध पनि भोग्नुपर्छ ।

१५. हालैका समयमा सबै क्षेत्रका राष्ट्रिय मानव अधिकार संस्थाहरू, तिनका सदस्य तथा कर्मचारीप्रति बढ्दो क्रममा रहेका प्रतिशोध, धम्की, आक्रमण तथा त्रासका घटनाहरूले चिन्ता बढाएको छ ।

१६. हामीले यो पनि पहिचान गरेका छौं कि, स्वतन्त्र र प्रभावकारी राष्ट्रिय मानव अधिकार संस्थाहरूका साथै तिनका सदस्य, र कर्मचारीहरू भनेका आफैमा मानव अधिकार रक्षक हुन् ।

१७. पेरिस सिद्धान्त अनुरूपका राष्ट्रिय मानव अधिकार संस्थाहरूले सबैको मानव अधिकारको संवर्द्धन र संरक्षणमा नागरिकको भूमिकाको रक्षा तथा प्रवर्द्धनमा योगदान पुर्याउदै तथा मानव अधिकार रक्षक तथा विशेषगरी महिला मानव अधिकार रक्षकलाई संरक्षण प्रदान गर्दै महत्वपूर्ण भूमिका खेल्न सक्दछन् ।

हामी, त्यसैले जहाँ राष्ट्रिय मानव अधिकार संस्थाहरूको स्थापना भएको छैन त्यहाँ स्थापना गर्न, र पूर्ण रूपमा पेरिस सिद्धान्त अनुरूपका संस्था रहेको स्थानका संस्थालाई सुदृढ बनाउन र गान्ह्रीसँग मान्यता प्राप्त गर्ने कुराको महत्वलाई जोड दिन चाहन्छौ ।

१८. हामी मानव अधिकार रक्षकका विषयका विषेश समाधिक्षकको मानव अधिकार रक्षकहरू, राष्ट्रिय मानव अधिकार संस्थाहरू, क्षेत्रीय तहका कार्यादेश प्राप्त समकक्षीहरू समेतको प्रवर्द्धनर संरक्षणमा खेलेको महत्वपूर्ण भूमिकालाई पहिचान गर्दछौं । हामी सबैलाई उनीहरूलाई सहयोग गर्न आव्हान गर्दछौ ।

१९. अन्तर्राष्ट्रिय सम्मेलनको अवधिमा, हामीले विविध क्षेत्रहरू जस्तै सवल वातावरणका महत्वपूर्ण तत्वहरू के के हुन् ? नागरिकको भूमिका तथा धम्कीको सम्बन्धमा कसरी अनुगमन गर्ने ? मानव अधिकार रक्षकलाई कसरी संरक्षण गर्नेस विशेषगरी महिला मानव अधिकार रक्षकहरूलाई कसरी संरक्षण गर्ने ? राष्ट्रिय मानव अधिकार संस्थाहरू जसले आफैमा मानव अधिकार रक्षकको रूपमा कार्य गर्दछन् यिनीहरूको संरक्षण कसरी गर्ने ? मानव अधिकारका विषयमा कसरी प्रभावकारी सञ्चारको व्यवस्था गर्ने र सकारात्मक कथाको प्रवर्द्धन गर्ने भन्ने सन्दर्भमा छलफल गर्यौं ।

२०. यी सबैका आधारमा तथा राष्ट्रिय मानव अधिकार संस्थाबाट सिकिएका पाठ तथा माराकेचमा आदान प्रदान गरिएका असल अभ्यासहरूका आधारमा, हामी समाधान गर्दछौः-

(क) **प्रवर्द्धन**

१. राष्ट्रहरूलाई अन्तर्राष्ट्रियमानव अधिकारका दस्तावेजहरू अनुमोदन तथा कार्यान्वयनका लागि आव्हान गर्ने,

२. राष्ट्रिय कानून, नीति तथा कार्यक्रमहरू राष्ट्रको मानव अधिकारप्रतिको अन्तर्राष्ट्रियदायित्व अनुरूपको सुनिस्चितताका लागि सुझाव प्रस्तुत गर्ने । उदाहरणका लागि, आधारभुत स्वतन्त्रमा कुनै किसिमको बन्देज लगाउने जस्तैः शान्तिपूर्वक भेला हुने, सभा सम्मेलन गर्ने स्वतन्त्रता, तथा अभिव्यक्तिको स्वतन्त्रतालाई कानूनले निर्धारित गर्नैपर्छ तथा अनुचित

वा स्वेच्छाचारी किसिमले प्रयोग हुनुहुदैन तथा कानून बमोजिम मात्र प्रयोग गरिनुपर्छ। कानून तथा नीतिहरू समानताको सिद्धान्त अनुरूप हुनुपर्छ र कुनै पनि प्रकारको विभेद लिङ्ग वा लैङ्गिक आधारमा हुने कुराबाट कानूनले संरक्षण प्रदान गर्नुपर्छ।

३. मानव अधिकार रक्षकहरू जसका लागि पँहुचयोग्य तथा समावेशी तथा सबै अधिकारहरूको संरक्षण गर्ने खालको अनुकूल वातावरणको आवश्यकता पर्ने हुनाले राष्ट्रिय संरक्षण संयन्त्रको स्थापनामा योगदान गर्ने। यो कार्य मानव अधिकार रक्षक तथा नागरिक समाज, सञ्चार जगत तथा राज्य बाहिरका अन्य ईकाइ तथा व्यक्तिहरू (जस्तैः विभिन्न जातजाति, आदिवासी जनजाति तथा धार्मिक गुरुहरू) सँगको परामर्शमा गरिनुपर्छ।

४. हाम्रो समाजको हरेक पक्षहरूमा मानव अधिकारको महत्व तथा मानव अधिकार रक्षकहरूको महत्वपूर्ण तथा बैधानिक भूमिका विषेशगरी महिला मानव अधिकार रक्षकहरूको भूमिकाका सन्दर्भमा सकारात्मक कथाहरूको प्रस्तुत गर्ने, । यो कार्य मानव अधिकारको बारेमा नवप्रर्वतनात्मक किसिमले नयाँ प्रविधि प्रयोगको माध्यमबाट सञ्चार गर्दै र युवालाई केन्द्रित गरेर गर्नुपर्छ।

५. मानव अधिकार रक्षकहरूको घोषणापत्रको सम्बन्धमा यसको स्थानीय भाषामा अनुवाद तथा व्यापक वितरण समेत गर्दै जनचेतना जगाउने।

६. राष्ट्रलाई मानव अधिकार रक्षकहरूको घोषणापत्रको कार्यान्वयनमा सहयोग गर्ने । यसमा न्यायपालिका, प्रशासकिय तथा कानून कार्यान्वयन गर्ने अधिकारीहरूलाई घोषणापत्र तथा मानव अधिकारका अन्य मान्यताहरूको सम्मान गर्न सिकाउने जसले गर्दा मानव अधिकार रक्षकहरू स्वःपहिचान स्थापित गर्न सकुन् सोका लागि उनीहरूले तालिम पाएको सुनिश्चितता भएको हुनुपर्ने कुरा समाहित हुन्छ।

७. लैङ्गिक समानताको प्रवर्द्धन तथा महिला मानव अधिकार रक्षक विरुद्धहुने सबै प्रकारका विभेद लड्नका लागि रणनीतिको विकास गर्ने

८. निजी क्षेत्रलाई मानव अधिकार रक्षकहरूको अधिकारको सम्मानमा उनीहरूको उत्तरदायित्वका सम्बन्धमा चेतना जगाउने तथा उनीहरूले गर्ने कार्य तथा मापकहरूलाई सुझाउने जसले उनीहरूको उत्तरदायित्व पूरा गर्ने सुनिश्चितता गर्ने गर्दछन् ।

(ख) **संरक्षण**

१. नागरिकहरूको भूमिकालाई अनलाईन तथा अफलाईन खण्डीकृत तथ्याङ्कको सङ्कलन तथा विश्लेषणको माध्ययबाट अनुगमन गरि रिपोर्ट गर्ने, जसमा लैङ्गिक आधारमा खण्डिकृत तथ्याङ्क, हत्यासम्बन्धी तथ्याङ्क, झुटा कानूनी अभियोग, विशिष्टिकृत कानूनको दुरूपयोग, तथा मानव अधिकार रक्षक, पत्रकार, ट्रेड युनियनकर्मी, वकिल, विद्यार्थी, प्राज्ञहरूमाथि आक्रमण लगायत समेतको, दिगो विकास लक्ष्यको १६.१०.१ सुचकाङ्क अनुरूप

२. नीति कार्यान्वयनको क्रममा मानव अधिकार रक्षक तथा नागरिकको भूमिकामा परेको असङ्गत प्रभावको पहिचान गर्ने,

३. राष्ट्रिय मानव अधिकार संस्थाहरू भित्र प्रभावकारी तथा बलियो प्रारम्भमा नै चेतावनी दिन सक्ने खालको संयन्त्र तथा केन्द्रिकृत व्यक्ति तोक्ने व्यवस्था मिलाउने । यसो गर्दा जोखिममा रहेका समूह, मानव अधिकार रक्षक, महिला मानव अधिकार रक्षक तथा अन्य सबै जसले पछाडि पारिएका वर्गको अधिकारमा वकालत गर्दछन् लाई विशेष ध्यान पुर्‍याउनुपर्दछ । यस्ता संयन्त्रहरूसँग तत्काल कार्य सुरु गर्ने कार्यादेश, दक्षता तथा विशेषज्ञता हुनुपर्छ

४. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानव अधिकारका संयन्त्रसँगको अन्तर्क्रिया तथा सिफारिसहरूको अनुगमन, पुनरावलोकन तथा कार्यान्वयनमा मानव अधिकार रक्षकहरूको सहयोग लिने;

५. मानव अधिकार रक्षक तथा राष्ट्रिय मानव अधिकार संस्थाका सदस्य तथा कर्मचारीप्रतिका प्रतिशोध, धम्की, आक्रमण तथा त्रासका घटनाहरूको रिपोर्ट गर्ने, तथा उनीहरूको संरक्षणका यथासम्भव कार्य गर्ने;

६. मानव अधिकार रक्षकको संरक्षणका अन्तराष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय रूपमा उपलब्ध संयन्त्रहरू व्यापक रूपमा परिचित, लैङ्गिक मैत्री तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि समेत पँहुचमा भएको कुरा सुनिश्चितता गर्ने,

७. जहाँ उचित हुन्छ त्यहाँका बन्दीगृहहरूको निरोधात्मक भ्रमणको

माध्यमबाट अनुगमन गर्ने, र बन्दीगृहमा रहेका व्यक्तिहरूका लागि कानूनी सहायता प्रदान गर्ने,

८. मानव अधिकार उल्लङ्घन तथा आधारभूत स्वतन्त्रताको उल्लङ्घनमा परेका पीडितहरूको न्यायमा पँहुचमा प्रवर्द्धन गर्ने, यसका लागि न्यायपालिकासँग नजिकमा रहेर कार्य गर्ने

(ग) **सहयोग तथा साझेदारी**

१. मानव अधिकार रक्षक तथा नागरिक समाजसँग नियमित रूपमा अन्तरक्रिया गर्ने, तथा उनीहरूलाई राष्ट्रिय मानव अधिकार संस्थाहरूका क्रियाकलापको योजना बनाउँदा र कार्यान्वयनको क्रममा तथा पुनरावलोकनको बेला पनि लैङ्गिक तथा अपाङ्गता संवेदनशीलताको हिसाबले समावेश गर्ने

२. मानव अधिकार संस्थाहरू, सञ्चार जगत, प्राज्ञिक क्षेत्र, व्यापारिक संस्था, ट्रेड युनियन जस्ता संस्थाहरूलाई सहयोग गर्ने तरिकाहरूको खोजी गर्ने,

३. राष्ट्रिय तहका तथ्याङ्क कार्यालयहरू, तथा स्थानीय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अन्तर - सरकारी तथा गैर-सरकारी संस्था तथा सङ्गठनहरू,

४. मानव अधिकार रक्षकहरूसँगको सहकार्यमा मानव अधिकार रक्षकहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रियसञ्जालको विकास गर्ने तथा स्थापितलाई सुदृढ बनाउन सहयोग गर्ने, विषेशगरीमहिला मानव अधिकार रक्षकहरूको सञ्जालका लागि सहयोग गर्ने ।

२१. हामी गान्ही, यसका क्षेत्रीय सञ्जालहरू तथा सबै राष्ट्रिय मानव अधिकार संस्थाहरूलाई पेरिस सिद्धान्तले निर्दिष्ट गरे मुताविकको कार्यादेश अनुसार पारस्परिक क्षमता अभिवृद्धि तथा अनुभव र ज्ञान साटासाटमा तल उल्लेख गरिए बमोजिममा तर यसमा मात्र सीमितहोईन, समन्वय गर्न प्रोत्साहित गर्दछौः

क) संयुक्त राष्ट्रसङ्घको निकट सहकार्यमा पेरिस सिद्धान्तसँग पूर्णतया पालना हुने गरि संसारभर प्रभाबकारी तथा स्वतन्त्र राष्ट्रिय मानव अधिकार संस्थाहरूको स्थापना, सुदृढीकरणको प्रवर्द्धनलाई निरन्तरता दिने । राष्ट्रिय मानव अधिकार

संस्थाहरू कानून तथा व्यवहारमा समेत स्वतन्त्र, तथा राष्ट्रिय मानव अधिकार संस्थाहरूको पँहुच विस्तारमा बहुलवादको अवलम्बन तथा सबैसँग मानव अधिकारका सबै विषयहरूमा विश्वसनीय रूपमा संलग्न हुनका लागि दक्षता बढाउनका लागि राष्ट्रहरू तथा राष्ट्रिय मानव अधिकार संस्थाहरूले सुनिश्चितता हुनुपर्छ ।

ख) राष्ट्रिय मानव अधिकार संस्थाहरू, यसका सदस्य, वा कर्मचारीहरू जोखिम वा खतराको अवस्थामा रहेको समयका लागि राष्ट्रिय मानव अधिकार संस्थाहरूले प्रभावकारी संरक्षणका उपायहरू अबलम्बन भएको सुनिश्चितता गर्नेछन् । यसभित्र राजनीतिक दवाव, कुनै प्रकारको त्रास, दुर्व्यवहार वा अनुचित बजेटको सिमितता समेत पर्दछन्

ग) राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग तथा बिचमा नागरिकको भूमिका तथा मानव अधिकार रक्षकहरूको सम्बन्धमा, विशेषगरी महिला मानव अधिकार रक्षकहरूको अवस्थामा ध्यान दिदै क्षमता अभिवृद्धि, अनुभव तथा असल अभ्यासहरूको साटासाट तथा ज्ञानको व्यवस्थापनमा सहयोग गर्ने,

घ) क्षेत्रीय सञ्जालहरूलाई क्षेत्रीय कार्य योजनालाई विस्तृतीकरण गर्दै यो घोषणापत्रको अनुगमनका लागि प्रोत्साहित गर्ने । क्षेत्रीय प्रमुखहरूलाई यि विषयमा गान्ह्रीको सन् २०१९ को वार्षिक वैठकमा तथा यसपछि हुने राष्ट्रिय मानव अधिकार संस्थाहरूका क्षेत्रीय तथा अन्तर्राष्ट्रियवैठकमा रिपोर्ट गर्नका लागि प्रोत्साहित गर्ने,

ङ) गान्ह्रीभित्र मानव अधिकार रक्षकहरूको एउटा संयन्त्र स्थापना गर्ने, जसले संसारको नयाँ प्रवृत्ति तथा नागरिकको भूमिका र मानव अधिकार रक्षकका सम्बन्धमा रहेका चुनौतीहरूको पहिचान गर्दै गान्ह्री, क्षेत्रीय सञ्जाल र हरेक राष्ट्रिय मानव अधिकार संस्थाहरूलाई रणनीतिक कार्यमा सहयोग गर्नका लागि सल्लाह र सहयोगको कार्यादेश पाएको हुन्छ ।

**१२ अक्टोवर, २०१८ मा मोरक्कोको माराकेचमा ग्रहण गरिएको ।**

**उल्लिखित दस्तावेजहरू दिगो विकास लक्ष्यहरूको कार्यान्वयनका लागि महत्वपूर्ण रहेकाले यिनीहरूलाई समेत अध्ययन गरिनु जरुरी छ।**

१. भूमि सम्बन्धी ऐन, २०२१
२. सार्वजनिक सुरक्षा ऐन, २०४६
३. वातावरण संरक्षण ऐन, २०५३
४. जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८
५. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
६. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५
७. उपभोक्ता संरक्षण ऐन, २०७५
८. जनस्वास्थ्य सेवा ऐन, २०७५
९. आवासको अधिकार सम्बन्धी ऐन, २०७५
१०. खाद्य अधिकार तथा खाध्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५
११. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५
१२. अनिवार्य तथा निः शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५
१३. रोजगारीको हक सम्बन्धी ऐन, २०७५
१४. सामाजिक सुरक्षा ऐन, २०७५
१५. अपराध पीडित संरक्षण ऐन, २०७५
१६. बालबालिका सम्बन्धी ऐन, २०७५
१७. जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) (पहिलो संशोधन) ऐन, २०७५
१८. मुलुकी अपराध संहिता, २०७४
१९. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
२०. मुलुकी देवानी संहिता, २०७४
२१. सूचनाको हक सम्बन्धी ऐन, २०६४
२२. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
२३. नेपाल सरकारको पाँचौं पञ्चवर्षिय योजना २०७६

# सन्दर्भ सामग्री


१. नेपालको संविधान (२०१५)

२. मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८

३. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६

४. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६

५. महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९

६. सवै किसिमका जातीय  भदेभाव उन्मलून गर्ने सम्बन्धी अन्र्तराष्ट्रिय महासन्धि, १९६५

७. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि महासन्धि २००६

८. बाल अधिकार सम्बन्धी महासन्धि १९८९

९. यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि १९६६

१०. सबै आप्रवासी कामदार तथा उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी २००३

११. आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घिय घोषणापत्र २००७

१२. **कसैलाई पनि पछाडि पारिने छैनः** संयुक्त राष्ट्रसङ्घिय मानव अधिकार संयन्त्रको दिगो विकास लक्ष्यको अनुगमनमा हुने भूमिका, जसले आर्थिक, सामजिक तथा सास्कृतिक अधिकारको प्रत्याभुति गर्दछन्, जेनेभा ऐकेडेमी ।

१३. दिगो विकास लक्ष्यमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको संलग्नता, राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल, जेनेभा, सन् २०१७

१४. माराकेच घोषणापत्र ‘नागरिकको भूमिकामा विस्तार तथा विषेशगरीमहिलालाई केन्द्रित गरेर मानव अधिकार रक्षकहरूको प्रवर्द्धन र संरक्षणः राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिका’

१५. https://sdg.humanrights.dk/

१६. https://www.geneva-academy.ch/joomlatools-files/docman-files/Briefing11-interactif-HD.pdf

# राष्ट्रिय मानव अधिकार आयोगका

केन्द्र, प्रदेश तथा प्रदेश शाखा कार्यालय




Source of Map: http://dos.gov.np

**राष्ट्रिय मानव अधिकार आयोग, नेपाल**

हरिहर भवन, पुल्चोक, ललितपुर

पोष्ट बक्स : ९१८२, काठमाडौं, नेपाल

सम्पर्क : ०१-५०१००१५, हटलाइन : ५०१००००